वर्ष : १३, अंक : ३०, काठमाडौं, २०७४ मंसिर १ गते शुक्रबार 17 November 2017, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

**पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।**

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-४२६६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## चुनावलगत्तै 'मधेश प्रदेश' गठन : यादव



सप्तरी । संघीय समाजवादी फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवले मधेश प्रदेशको निर्माणले मधेश मुक्तिको ढोका खोल्ने विश्वास व्यक्त गरेका छन् । प्रदेश नं. २ मा मधेश सरकार नबनेसम्म मधेशले मुक्ति नपाउने यादवले बताए । सप्तरी निर्वाचन क्षेत्र न. २, स्थित राजविराजको बागेश्वरी मन्दिरको प्रांगणमा बुधबार फोरम नेपाल र राजपाले आयोजना गरेको संयुक्त चुनावी सभालाई सम्बोधन गर्दै यादवले मधेशी समुदायको मुक्तिका लागि चुनाव लगतै मधेश प्रदेश गठन गर्ने दाबी गरे । चुनाव प्रचारमा रहेका यादवले मधेश आन्दोलनले गर्दा देशमा महिला सहभागिता व्यापक ढंगले बढेको बताएका छन् । महिला, दलित, उत्पीड़ित समुदायको प्रतिनिधित्व बढ्नुमा मधेश आन्दोलनको मुख्य श्रेय रहेको उनले बताए ।

'मधेशले मुलुकलाई धेरै अधिकार दिलाएको छ । संघीयता, गणतन्त्र, समावेशीकरण, प्रतिनिधित्व जस्ता उपलब्धि मधेशकै देन हो', सप्तरी क्षेत्र न. २ का प्रतिनिधि सभाका उम्मेदवारसमेत रहेका यादवले भने । फोरम अध्यक्ष यादवले चुनावलाई संघर्ष र अवसरको रूपमा लिन पार्टी पंक्ति र आम जनतालाई आह्वान गरेका छन् । उनले भने, 'हिजोको सड़क आन्दोलन जस्तै आज पनि हामीले चुनावलाई संघर्षकै रूपमा लिएर अघि बढेका छौ ।'

चुनावी सभामा महिलाहरूको उपस्थिति अत्यन्तै उत्साहजनक रहेको थियो । कार्यक्रममा राजपाका महासचिव मनिष सुमन, राजविराजका मेयर शम्भु यादव, उपमेयर साधना झा लगायतले सम्बोधन गरेका थिए ।

## फोरम नेपालको चुनावी घोषणापत्र सार्वजनिक

काठमाडौं । संघीय समाजवादी फोरम नेपालले चुनावी घोषणापत्र सार्वजनिक गरेको छ । सोमबार काठमाडौंमा पत्रकार सम्मेलन गरेर उक्त पार्टीले घोषणापत्र सार्वजनिक गरेको हो । पार्टीका सह-अध्यक्ष राजेन्द्र श्रेष्ठले प्रमुख दलहरू कांग्रेस, एमाले र नेकपा माओवादी केन्द्र लगायतका दलहरूले अहिलेसम्म गरेका प्रतिबद्धता अनुसार काम गर्न नसकेको आरोप लगाउँदै अब मुलुकको विकासको लागि जनताले आफ्नो पार्टीलाई विश्वास गर्न आग्रह गरे । श्रेष्ठले अघि भने,'यो देशमा ठूलो पार्टीहरूले धेरै गफ दिए,

घोषणापत्रको मुख्य अंशहरू पृष्ठ ५ मा

तर विकासको नाममा सिन्को पनि भाँच्न सकेनन्, अब जनताले हाम्रो पार्टीलाई जिताउनुपर्‍यो, हामी देश र जनताको भलोको लागि काम गर्ने वचनबद्धताका साथ आएका छौं, हाम्रो मुलमन्त्र नै सुशासन र विकास नै हो।' आफ्नो पार्टीले मुलुकको स्थायित्वको लागि प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतिको शासन व्यवस्था हुनुपर्ने एजेण्डा लिएको समेत उनले जनाए ।

त्यस्तै पहिचानसहितको संघीयता, उर्जा क्षेत्रमा आत्मनिर्भर, कुल ग्राहस्थको ५० प्रतिशत स्थिर पुँजीको रूपमा वृद्धि गर्ने, दोहोरो अंकको आर्थिक वृद्धि हाँसिल गर्ने, प्रतिव्यक्ति आय आगामी पाँच वर्षभित्र दोब्बर बनाएर गरिबी उन्मुलन गर्ने र २५ वर्षभित्र नेपाललाई संसारकै विकासशिल मुलुकको दाँजोमा पुर्‍याउने लगायतका एजेण्डाहरू पार्टीले लिईएकोबारे उनले जानकारी गराए । प्रदेश नम्बर २ को लागि राजपा नेपाल र आफ्नो पार्टीको संयुक्त घोषणापत्र चाँडै सार्वजनिक गर्ने जानकारी दिए ।

## शहीदलाई श्रद्धाञ्जली सम्झेर मधेशी गठबन्धनलाई भोट हाल्नुस् : सुमन



सप्तरी । राष्ट्रिय जनता पार्टी नेपालका महासचिव मनिष कुमार सुमनले आन्दोलनका शहीदहरूलाई श्रद्धाञ्जली वापत् फोरम नेपाल र राजपा नेतृत्वको मधेशी गठबन्धनलाई भोट हाल्न आम जनतालाई अपील गरेका छन् । महदेवाको पकरीमा आयोजित चुनावी सभालाई सम्बोधन गर्दै नेता सुमनले मधेश विरोधी शक्तिलाई भोट हालेर शहीदको अपमान गर्न नहुने सुझाव दिएका छन् ।

## माओवादीको रवैयाप्रति मधेशमा आशंका : साह



राकेश यादव, रौतहट । संघीय फोरम र राजपा नेपाल गठबन्धनबाट क्षेत्र नम्बर १ को क प्रदेश सभा सदस्यको उम्मेदवार बाबूलाल साहले राज्यले मूल धारबाट अलग राखिएका मधेशी, दलित, मुस्लिम, अल्पसंख्यक, पिछडावर्ग, जनजाति आदिवासीको अधिकार सुनिश्चित गराउनका लागि उम्मीदवारी दिएको बताएका छन् । प्रदेशसभा क्षेत्रको चुनाव प्रचारमा तीव्र रूपमा लागेका उम्मेदवार साहले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना भई नयाँ संरचनामा मुलुक गइसकेकोले २ नम्बर प्रदेशलाइ समृद्ध प्रदेश बनाउने लक्ष्य भएको बताए ।

साहले नेकपा एमाले र नेकपा माओवादी केन्द्रको विगतको कार्य देखेर मधेशमा नकारात्मक सोच रहेको बताउँदै मधेशमा मधेशी दलका गठबन्धनको बहुमत आउने दाबी गरे । संविधान संशोधनमा सकारात्मक भूमिका निर्वाह गरेका नेकपा माओवादीप्रति मधेशीको सहानुभूति देखिएपनि मधेश विरोधी सोच बोकेका एमालेसँग एकता गरेर बाम गठबन्धन बनाएको कारण माओवादीको रबैयाप्रति मधेशी जनता आक्रोशित भएको उम्मेदवार साहले उल्लेख गरे । एमाले र माओवादीले १ करोड़ ८० लाख जनसंख्या भएका मधेशी जनजाति आदिवासीलाई मूलधारबाट बाहिर राखेर शोषण दमन गर्ने गरेको कार्यको मधेशी जनताले मतबाट जवाव दिएर छाड्ने ठोकुवा गरे ।

## नयाँ मतदाताको परिचयपत्र वितरण हुने




काठमाडौं । यही १० र २१ गते दुई चरणमा हुने प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचनका लागि स्थानीय तह निर्वाचनमा फोटोसहितको मतदाता परिचयपत्र बुझ्न बाँकी रहेका तथा नयाँ मतदातालाई परिचयपत्र वितरणको व्यवस्था गरिएको छ । गत भदौ ३ गतेसम्म मतदाता नामावलीमा नाम दर्ता गरी भदौ ५ गतेसम्ममा १८ वर्ष उमेर पूरा गरेका एवं नामावली सार्न, सच्चाउन निवेदन दिएका मतदाताहरूको परिचयपत्र पहिलो चरणको निर्वाचन हुने ३२ जिल्लामा मंसिर ८ र ९ गते सोही जिल्लाको सम्बन्धित मतदान केन्द्रमा मतदान कार्यमा खटिएका कर्मचारीबाट वितरण गरिने व्यवस्था गरिएको छ । त्यसैगरी, दोस्रो चरणमा मतदान हुने ४५ जिल्लामा सम्बन्धित मतदान केन्द्रमा मतदान कार्यमा खटिएका कर्मचारीबाट परिचयपत्र वितरण हुनेछ । साथै गत स्थानीय तहको निर्वाचनमा मतदाता परिचयपत्र प्राप्त गरिसकेका मतदाताहरूले सोही परिचयपत्रबाट मतदान गर्न पाउने निर्वाचन आयोगले जनाएको छ ।

# मधेशी दलप्रति उत्साहजनक आकर्षण

### धैर्य, संयम र परिपक्वताको राजनीति गर्दै यसरी मन जित्दैछन् मधेशी दल

**मधेशवाणी डेस्क**

काठमाडौं । मधेशकेन्द्रित दल भन्नासाथ आन्दोलन, असन्तोष र नाकाबन्दी गरेको दल हो भन्ने आम मानिसको मानसपटलमा आउँछ । तर, केही समय यतादेखि मधेशमा मात्रै केन्द्रित हुनुको सट्टा उनीहरू राष्ट्रिय जनता दल भएपछि परिपक्व हुँदै आएर एकाएक धैर्यता देखाउने र संयमता देखाउने अवस्थामा पुगेका छन् ।

संविधान संसोधन भएपछि मात्र चुनावमा जाने भन्दै अडान राख्दै आएका उनीहरूले पहिलो चरणअन्तर्गत ३१ बैशाखको स्थानीय तहको निर्वाचन हुनेमा तुषारापात देखिंदै गर्दा सत्तारूढ दल कांग्रेस र एमालेलाई साथ दिंदै यसरी धैर्यता देखाएका हुन् । जब उनीहरूले मधेशमा मात्रै केन्द्रित भएको आरोप र यथार्थताबाट माथि उठ्दै दलको नाम नै राष्ट्रिय जनता पार्टी हुने भन्दै ६ दलबीच एकता गरे तब उनीहरूमा परिपक्व राजनीतिको विकास भएको आँकलन गरिएको थियो । तर,



राजपा–फोरम गठबन्धनले सप्तरीमा आयोजना गरेको चुनावी सभामा जनसहभागिता ।

संविधान संशोधनको चक्करमा सत्तारूढ दल राप्रपाले एकाएक सरकारबाट हट्ने निर्णय लिएपछि मधेशी मोर्चाले सरकारलाई टेको दिँदै असन्तुष्टिका बीच पहिलो चरणको निर्वाचनमा जाने भन्दै एकैपटक धैर्य, संयमता र परिपक्व राजनीतिको नमूना पेश गरेका हुन् । उनीहरूकै संयमताको कारण सरकार नढल्ने र सबै प्रदेशमा स्थानीय तहको निर्वाचन भएको छ भने उनीहरू आसन्न प्रतिनिधि र प्रदेशसभाको निर्वाचनका लागि तयार भएका छन् । एमालेले आफूहरूलाई कहिल्यै राम्रो व्यवहार नगरेको संविधान संशोधन गरी आफूहरूलाई न्यूनतम् अधिकार दिनका लागि समेत एमाले तगारो बनेको असन्तोषका बीच देशमा राजनीतिक संकट आउन नदिन उनीहरूले निर्वाचनमा भाग लिएर परिपक्व राजनीतिको नमूना पेश गरेका हुन् ।

मधेशी दलहरूको मुख्य आधार रहेको प्रदेश १, २, ५ र ७ मा समेत गरी उम्मेदवारी उठाएर आफ्नो उपस्थिति पेश गरेका छन् ।

संघीय समाजवादी फोरमसँग मिलेर राजपाले प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा जसरी भाग लिदैछन् उनीहरूको आधार बलियो बन्दै गइरहेको छ ।

ढिलै सही अन्तिममा आएर भए पनि उनीहरूले राजनीतिक संस्कार र संयम दुवै एकपटक देखाएर विगतको आफ्ना नराम्रो छविलाई कम गर्न सफलता देखाएका छन् । मधेशी दलको संयमताको कारण एकाएक निर्वाचनको माहोल बनेको हो । अब निर्वाचन हुने सुनिश्चितको रूपमा उनीहरूले जसरी निर्वाचनलाई लिएका छन् त्यसबाट मधेशका जनता पनि उत्साहित छन् ।

## धनुषामा शीर्ष नेताका भविष्यको परीक्षा

जनकपुर । धनुषा जिल्लाको चार वटै निर्वाचन क्षेत्रबाट प्रतिनिधिसभामा सात दर्जनभन्दा बढीले उम्मेदवारी दिए पनि आठजना शीर्ष नेतालाई भने कडा प्रतिस्पर्धा गर्नु परेको छ ।

कडा प्रतिस्पर्धाबीच राजनीतिक भविष्य दाउमा रहेको शीर्ष नेतामा धनुषा निर्वाचन क्षेत्र नं १ मा नेपाली काँग्रेसका नेता आनन्दप्रसाद ढुंगाना, माओवादी केन्द्रका मातृकाप्रसाद यादव, क्षेत्र नं २ मा वर्तमान कृषिमन्त्री एवं काँग्रेस नेता रामकृष्ण यादव, माओवादी केन्द्रका नेता रामचन्द्र झा, क्षेत्र नं ३ मा काँग्रेसका नेता विमलेन्द्र निधि, राष्ट्रिय जनता पार्टीका नेता राजेन्द्र महतो र क्षेत्र नं ४ मा खानेपानी मन्त्री तथा काँग्रेस नेता महेन्द्र यादव तथा एमाले नेता रघुवीर महासेठ चुनावी प्रतिस्पर्धामा छन् ।

यी मुख्य प्रतिपस्पर्धी नेतालाई अहिले मतदाता रिझाउन हम्मे-हम्मे परेको छ । नेताका कार्यक्रममा कोणसभा, पार्टी प्रवेश, घरदैलो अभियान दिनरात चलिरहेको छ । प्राय: सबै नेताले आफ्ना कमजोरी लुकाउन जातीय शक्तिलाई प्रयोग गरिरहेका खेखिन्छ । नेताले विकासभन्दा जातिका कुरा बढी उठाइरहेका छन् ।

नेपाली काँग्रेस नेता आनन्दप्रसाद ढुंगाना धनुषाबाट दुईपटक सांसद भइसकेका र एकपटक पराजित भएका छन् ।

उनलाई काँग्रेसले संविधानसभा २ मा समानुपातिकबाट सभासद् बनाएको थियो । ढुंगानालाई धनुषा-१ मा कडा टक्कर दिइरहेका माओवादी केन्द्रका नेता मातृकाप्रसाद यादव



विमलेन्द्र निधि



राजेन्द्र महतो

पहिलो पटक चुनाव लड्दै छन् । पहिलो संविधानसभाको चुनावमा उहाँलाई माओवादीले समानुपातिकबाट सभासद् बनाएको थियो । माओवादी अध्यक्ष प्रचण्डसँग असन्तुष्टि बढेपछि उनले कार्यकाल पूरा गर्नुअघि नै सभासद्बाट राजीनामा दिएका थिए ।

नेका नेता रामकृष्ण यादव धनुषा निर्वाचन क्षेत्र नं २ बाट दुई पटक लगातार निर्वाचित भइसका हुन् ।

पहिलो पटक सभासद् बनेपछि लेखासमितिको संयोजकसमेत भएका यादव अहिले कृषिमन्त्रीसमेत हुन । सोही क्षेत्रबाट आफ्नो भविष्य खोजी रहेका माओवादी नेता रामचन्द्र झा पनि दुई पटक सांसद बनिसकेका छन् । पहिलो संविधानसभाको चुनावमा एमालेबाट जितेका झा दोस्रो संविधानसभाको चुनावभन्दा केही महिनाअघि मात्रै माओवादीमा प्रवेश गरेका थिए । तर दोस्रो चुनावमा उनी पराजित भए । झा प्रचण्ड नेतृत्वको सरकारमा स्थानीय विकासमन्त्रीसमेत भइसकेका हुन । यादव र झाबीच सो क्षेत्रमा कडा प्रतिस्पर्धा देखिएको छ ।

सबभन्दा बढी धनुषा निर्वाचन क्षेत्र नं ३ मा यतिबेला सबैको ध्यान केन्द्रित छ । यस क्षेत्रका शीर्ष नेता नेपाली काँग्रेसका निधि र राजपाका महतोले उम्मेदवारी दिएसँगै कसले बाजी मार्ने भनेर चौतर्फी चर्चाको विषय बनेको छ । यतिखेर मतदातालाई फकाउन काँग्रेसका नेता निधि र राजपाका नेता राजेन्द्र महतो दिनरात खटिएका छन् । बिहान उठेदेखि अबेर रातिसम्म दुवै नेताको प्रचार प्रसारका कार्यक्रम चलिरहेको हुन्छ ।

दुवै नेताले जित आफ्नो पक्षमा पार्नका लागि आफ्नो क्षेत्रबाहेक कुनै क्षेत्रमा जान सकेका छैनन् । महतो चुनावमा नआउँदा निधिलाई त्यति गाह्रो थिएन तर उनको आगमनसँगै कडा प्रतिस्पर्धा हुने आकलन सबैले गरिरहेका छन् ।

धनुषा-३ मा मुस्लिम मतदाताको मतले पनि महत्वपूर्ण भूमिका निर्वाह गर्ने भएकाले त्यसतर्फ पनि दुवै नेता जोड दिएका छन् ।

धनुषा-४ बाट खानेपानी मन्त्री एवं काँग्रेस नेता महेन्द्र यादव र एमाले नेता रघुवीर महासेठबीच कडा प्रतिस्पर्धा हुने देखिएको छ । यादव पहिलो पटक संसदमा चुनाव लड्दै छन् । पहिलो र दोस्रो संविधानसभा चुनावमा उनलाई समानुपातिकबाट संसदमा प्रतिनिधित्व गराइएको थियो । यादव तरूण दलको केन्द्रीय अध्यक्षसमेत भइसको हुन् । एमाले नेता रघुवीर महासेठ धनुषाबाट एक पटक सांसद भएसकेका छन् । राष्ट्रपतिमा डा रामवरण यादव चुनिएपछि त्यहाँ खाली भएको सिटमा भएको उपचुनावमा महासेठले नै बाजी मार्न सफल भए । दोस्रो संविधानसभा चुनावमा महासेठलाई पराजित हुनु परेको थियो । महासेठ एक पटक मन्त्रीसमेत भइसकेका हुन । धनुषामा कूल ३८ लाख ९३ हजार ८६ मतदाता रहेकामा पुरूष २० लाख २८ हजार ८९, महिला १८ लाख ६४ हजार ९१ र तेस्रोलिङ्गी ६ जना रहेका छन् ।

समय-सन्दर्भ

संगीता रेग्मी



# मधेशी जनताको मन

**मधेश लामो समयदेखि आन्दोलनमा भएपनि मधेशको माग पूरा नभएकोले मधेशमा असन्तुष्ट मतदाताको जमात बढ्दै छ ।**

विभिन्न अवरोधलाई चिर्दै देश अहिले प्रतिनिधि तथा प्रदेशसभाको निर्वाचनमा होमिएको छ । यसै अनुरूप मंसिर १० र २१ गते दुई चरणमा देशैभर निर्वाचान भइरहेको छ । संविधान संशोधनको विपक्षमा रहेको र अघिल्लो दुई चरणको स्थानीय तहको निर्वाचन वहिष्कार गरेको मधेशी दल पनि यस निर्वाचनमा सहभागिता जनाइ आफ्नो राजनीतिक अधिकारलाई अक्षुण राख्न खोजेका छन् ।

खास गरी राजपाको अलोकप्रिय अडानले गर्दा स्थानीय तहको निर्वाचनको पहिलो र तेस्रो चरणको निर्वाचनमा उसको असहभागिता गलत सावित भएको भन्ने कुरा तेस्रो चरणको स्थानीय निर्वाचनमा उसको सहभागिताले देखायो ।

यसको तत्पर्य के रह्यो भने मधेसी जनता आफनो मताधिकारको लागि सदैव सचेत रहेको छ तर राजपाका नेताहरूले जनताको मनोचावना समयमा बुझ्न सकेन ।

यद्यपी, राजपासहित अन्य मधेसी दलको बटम लाइन भनेको संविधान संशोधन थियो । र त्यसमा उनीहरू असफल भएपनि त्यसको विरोध वा समर्थन कहिँ भएन । यसकारणले कि मधेश सहितका जनता निर्वाचनमार्फत स्थिरता चाहेका छन् ।

संविधान संशोधनको प्रक्रियाको असफलता पछि देश अहिले प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनको संघारमा आइ पुगेको छ र मधेसी सहितका जनता यसका लागि तयार भएका छन् ।

मुलुकलाई संघीयतामा ल्याउने मूख्य भूमिका निर्वाह गरेका उपेन्द्र यादव नेतृत्वको तत्कालीन फोरमको नेतृत्वमा भएको मधेश आन्दोलनकै थियो । तसर्थ संघीयतालाई मधेश आन्दोलनको उपलब्धी मान्नु पर्छ । मधेश आन्दोलनकै कारण ठूला दलहरू संघीयतामा जान सहमत भएका थिए । यससँगै मधेशमा अधिकार र मागका आवाजहरू उठ्ने क्रम शुरू भयो । सँगसँगै विभिन्न पार्टीमा रहेका मधेशी नेताहरू पार्टी परित्याग गर्ने र मधेशको झण्डा बोकेर मधेशकेन्द्रित राजनीति गर्ने क्रमले निकै नै तीव्रता पायो । त्यतिबेलादेखि नै मधेशकेन्द्रित दलहरू मधेशको मुद्दा उठाइरहेको भएपनि सम्बोधन गराउन सकेको छैन् । मधेशी जनतामा असन्तुष्टि बढ्दै छ । मधेशलाई ३ दलको दाउपेच र सत्ताको खेलले सबै तिरबाट ध्वस्त गरिएको छ ।

गणतन्त्रले दशकको यात्रा तय गरिसक्नु अगावै मधेश तीन पटक आन्दोलित भइसकेको छ । यो नै मधेश अग्रगामी र क्रान्तिकारी रहेको प्रमाण हो । यसले मधेश परिवर्तनको पक्षमा उभिएको पुष्टि हुन्छ । यद्यपी मधेशको माग पूरा भएको छैन् । अहिलेसम्ममा सयौं मधेशी सपुतहरूले सहादत प्राप्त गरी सक्दा समेत मधेशले आफ्नो अधिकार नपाएकोमा धैर्यता चाही गुमाएको छैन् । अहिले पनि मधेश आशाकै दृष्टिले राज्यलाई हेर्दैछ ।

२०६४ को संविधानसभाको निर्वाचनबाट एउटा शक्तिको रूपमा उदाएका थिए मधेशकेन्द्रित दलहरू । सत्ताको खेलमा लाग्दा पटक पटक विभाजनाको सामना गर्नु पर्दा कमजोर नहुने कुरै भएन । विभाजनले कमजोर भइसकेकोले २०७० को संविधानसभाको निर्वाचनमा मधेशी मतदातालाई यिनीहरूले आकर्षित गर्न सकेन । फलस्वरूप संविधानसभामा यिनीहरूको उपस्थिति निकै नै कम भयो । अनि संविधान सभामा मधेशको मुद्दा छायामा पर्न गयो । २०७० सालमा मधेशी मतदाताका साथ अपेक्षाकृत रूपमा नपाएका मधेशकेन्द्रित दलहरूले मधेशको मुद्दा उठाउँदा मधेशी जनताको भरपुर साथ र समर्थन अहिलेसम्म पाईरहेकै छन् ।

संविधान घोषणा हुनै लाग्दा संविधानमा मधेशको अधिकार नसमेटिएको भन्दै फेरि मधेशकेन्द्रित दलहरू आन्दोलनमा जाने निर्णय लियो । गच्छदार नेतृत्वको फोरम लोकतान्त्रिक भने आन्दोलनमा नजाने निर्णय लियो । आन्दोलनमा गएका दलहरूले फेरि मधेशी जनताको साथ र समर्थन पायो । आन्दोलनले कयौं इतिहास रच्न सफल भएपनि आन्दोलन सफल हुन सकेन ।

*बाँकी अन्तिम पृष्ठमा*



## सम्पादकीय



# दलहरूको मधेश मोह

झण्डै डेढ वर्षअघि संविधानसभाबाट नयाँ संविधान जारी गर्दा मधेशलाई बेवास्ता गरेको आरोप खेपेका प्रमुख पार्टीहरू अहिले निर्वाचनको संघारमा मधेशको प्रवक्ता जस्तै भएको छ । काठमाडौंको सत्तामा पुग्ने एक मात्र बाटो मधेश भएकाले प्रमुख दलहरू बाध्य भएर मधेशको एजेन्डा बोक्न लागिपरेका छन् । किनभने नेपालको राजनीतिमा मधेशको कुरा नगरेर टिक्नै नसक्ने अवस्था छ । गतवर्ष तराई-मधेशमा संविधानविरूद्ध उठेको आन्दोलनको सबैभन्दा निशानामा थिए एमाले । त्यसयता एमालेले पटक-पटक तराई-मधेश कार्यक्रम आयोजना गरेको छ भने अहिले निर्वाचनको मुखमा आफूमात्र मिधेशको हितैषी भएको दाबी गरिरहेको छ । हुन त मधेशमा उठेको आन्दोलनले सबै प्रमुख पार्टीको स्थितिमा ठूलो धक्का लागेको देखिन्छ ।

एमालेप्रति अहिले पनि मधेशमा निषेधात्मक मनस्थिति देखिन्छ । अन्य पार्टीहरूको हकमा पनि सकारात्मक वातावरण छैन । केन्द्रमा नेताहरूले जे-जस्तो अभिव्यक्ति दिए पनि मधेशमा रहेका प्राय:जसो सबै स्थानीय नेताहरूले कुनै न कुनै रूपमा अन्नत: मधेश आन्दोलनमा सहभागिता जनाका थिए । आन्दोलनसँगै प्रमुख पार्टी एमाले, कांग्रेस र माओवादीमा लागेका मधेशी समुदायका स्थानीय नेताहरू पार्टी परित्याग गरेको समाचारसमेत आयो । मधेशी पार्टीहरूको विरोधका बाबजुद प्रमुख दलहरू कांग्रेस, एमाले र माओवादी एकमत भएर संविधान जारी गरे । संविधान जारी हुने प्रक्रिया शुरू भएसँगै मधेश आन्दोलित भयोर । नाकाबन्दी हुँदै ६ महिना लामो बन्द हड्ताल भयो । संविधान जारी हुँदाका बखत मधेशी मोर्चाका कुरामा दम्भ नभएको बताएका प्रमुख दलका नेताहरूले आन्दोलनको राप र तापले संविधान कार्यान्वयन गर्नुपूर्व नै संशोधन गरेर मधेशलाई सम्बोधन गर्ने वचनवद्धता जनाएका थिए । तर उनीहरू आफ्नो मिशनमा पूरा नभएपछि मधेशको 'सेन्टिमेन्ट'लाई आधार बनाएर निर्वाचन जित्ने दाउमा रहेका छन् । पछिल्लो समयमा एमालेसहितका सबै प्रमुख दलहरू मधेशकेन्द्रित हुन लाग्नुका पछाडी पन 'नाडी छाम्ने दाउ' लुकेको छ । खासमा प्रमुख दलहरूले संविधान जारी गर्दाकै गल्ती पुन: दोहोरयाइरहेका छन् । त्यसबेला पनि प्रमुख दलहरूले मधेशमा खासै आन्दोलन हुँदैन भनेर ठोकुवा गरेका थिए । र यहि ठोकुवा संविधान संशोधन गर्छु भनेर पनि अहिले गरिरहेका छन् । पछिल्लो स्तानीय तहको निर्वाचनको तथ्यांकको आधारमा कांग्रेस मधेशमा सबैभन्दा ठूलो हैसियत भएको पार्टी हो । मधेशमा माओवादी र मधेशी पार्टीहरूको मत लगभग एकै देखिन्छ । त्यही भएर होला संविधान जारी गर्ने बेलामा मधेशी पार्टीहरूले विरोध गरेपछि प्रमुख दलले उनीहरूको हैसियतको समेत प्रश्न उठाएका थिए । तर, आन्दोलन चर्किएसँगै प्रमुख दलका नेताहरूको उपस्थिति मधेशमा निषेधात्मक अवस्थामा पुगेको देखियो ।

> मधेशकेन्द्रित देखिन थालेका प्रमुख पार्टीहरूको मधेशसम्बन्धी धारणा मात्रै होइन कि त्यहाँ छिर्ने दाउ पनि आफ्नै खालको छ । खासगरी पछिल्लो समयमा मधेशमा आन्दोलन चर्केपछि प्रमुख दलहरूप्रति नकारात्मक धारणा मधेशमा एकाएक बढ्यो ।

खासमा मधेशीहरूको आम बुझाइमा अहिले पनि प्रमुख दलहरू मधेशी विरोधी नै हुन् भन्ने देखिन्छ । एमालेप्रति त निषेधात्मक मनस्थिति अझै देखिन्छ भने काँग्रेस र माओवादी केन्द्रको हकमा समेत सकारात्मक वातावरण छैन । काठमाडौंमा बसेर ठूला दलका ठूला नेताहरूले जेसुकै बोलुन तर आम मधेशीहरू संविधानप्रति अपनत्व ठान्दैनन, यसका कारकका रूपमा प्रमुख दलहरूलाई जान्छ । नेपालको भौगौलिक बनोटका कारण मधेश र यहाँका दलहरूको शक्ति प्रर्दशन गर्ने थलो हिजो थियो, आज पनि छ र भोलि पनि रहने छ । यसको लागि यहाँको जनघनत्व र सुगमता कारक हो । जहाँ मतदाता बढी हुन्छन, त्यहाँ दलहरू शक्ति आर्जन गर्न केन्द्रित हुनु स्वभाविक हो । त्यही भएर प्रमुख दलहरूले मधेशलाई केन्द्र बनाएका हुन् । मधेशकेन्द्रित देखिन थालेका प्रमुख पार्टीहरूको मधेशसम्बन्धी धारणा मात्रै होइन कि त्यहाँ छिर्ने दाउ पनि आफ्नै खालको छ । खासगरी पछिल्लो समयमा मधेशमा आन्दोलन चर्केपछि प्रमुख दलहरूप्रति नकारात्मक धारणा मधेशमा एकाएक बढ्यो ।

मधेशमा एमाले र प्रमुख दलहरूका कारण जारी संविधानमा मधेशीलाई अधिकार नदिएको बहस बाक्लै छ । कांग्रेस र माओवादीको हकमा समेत त्यस्तो देखिए पनि एमालेभन्दा कम छ । संविधान जारी भएपछि टुटेको एमाले-कांग्रेस सम्बन्ध र मधेशको ठूलो जनसंख्याको मत यहीबेला आफ्ना दलले तान्नसक्ने दाउमा पनि प्रमुख पार्टीहरूसहित मधेशी पार्टीहरूको पनि देखिन्छ । उता प्रमुख दलविरूद्ध आन्दोलनमा जनमत तयार भएपछि मधेशी पार्टीहरू त्यो जनमत आफूहरूले पाउने विश्वासमा छन् । कांग्रेस थोरै भए पनि आफ्नो साख फर्काउने दाउमा छ भने एमाले त्यहाँ केही गरौंला भन्ने आसमा छ ।

## साताको सात बात



जनताले निर्धक्क भएर शान्तिपूर्ण वातावरणमा आफ्नो मताधिकार प्रयोग गर्ने वातावरण बनाउने जिम्मेवारी सुरक्षा निकायको हो, यसमा त्रृटि हुँदैन । निर्वाचन सफल बनाउन र देशलाई स्थिरता दिन लैजान राजनीतिक दल, सामाजिक संघसंस्था तथा सर्वसाधारणको पनि उत्तिकै सहयोगको आवश्यकता छ । **शेरबहादुर देउवा, प्रधानमन्त्री**



अब एमाले र माओवादीको एकतालाई कुनै ताकतले रोक्न सक्दैन । निर्वाचनको मिति १० दिन मात्र पछाडि सरेको भए पार्टी एकता गरेर निर्वाचन चिन्हबारे निर्णय लिन सकिन्थ्यो तर अहिले हामी चुनावमै व्यस्त भयौं चुनाव लगत्तै पार्टी एकीकरण हुन्छ । **पुष्पकमल दाहाल, अध्यक्ष, माओवादी केन्द्र**



एमाले र माओवादी मिल्दैमा कांग्रेसले अनावश्यक हल्ला फिजाँउन जरूरी छैन । परिवर्तन र व्यवस्था राम्रो बनाउनका लागि बाम शक्तिहरू एकजुट भएका हौं । जनताले बाम गठबन्धनको स्थिर सरकार देख्न चाहेका छन् । **सुवासचन्द्र नेम्वाङ, नेता, नेकपा एमाले**



मधेशको मुद्दा स्थापित गर्न र सहिदको सपना साकार गर्न फोरम-राजपा गठबन्धनका उम्मेदवारलाई जिताउनुको विकल्प छैन । आफ्नो स्वाभिमान, पहिचान स्थापित गर्न र भावी सन्ततिको उज्वल भविष्यको लागि हामीलाई जिताउनुपर्छ । **उपेन्द्र यादव, अध्यक्ष, संघीय समाजवादी फोरम नेपाल**



डा. बाबुराम भट्टराईमा कुनै राजनीतिक दर्शन, सिद्धान्त र निष्ठा छैन । आज एउटा, भोलि अर्को कुरा गर्नेबाट लोकतन्त्र सुदृढ हुँदैन । मौकावाद, अवसरवाद र व्यक्तिवादले अवसर पायो भने लोकतन्त्र नै समस्यामा पर्छ । **नारायणकाजी श्रेष्ठ, नेता, माओवादी केन्द्र**



म र मेरो पार्टी गरिब जनताको पक्षमा छौं । यहाँहरूले मत दिएर जिताउनु भएमा मुसहर बस्तीमा रहेका समस्या समाधानका लागि मेरो पहल रहनेछ । अबको निर्वाचनमा वामगठबन्धनले बहुमत आउँछ र स्थायी सरकार बनेपछि सबै समस्या समाधान हुन्छन् । **लालबाबु पण्डित, नेता, नेकपा एमाले**



आन्दोलनका शहिदहरूलाई श्रद्धाञ्जली दिएको सम्झोर राजपा र फोरमको गठबन्धनलाइ निवाचनमा जिताउनु । मधेश विरोध शक्तिहरूलाई जिताउनु भयो भने शहिदको अपमान हुनेछ । **मनिष सुमन, महासचिव, राष्ट्रिय जनता पार्टी नेपाल**

*प्रस्तुती : संगीता रेग्मी*

# वर्गीय राज्यसत्ताभित्रको संघीय लोकतन्त्र

## "खस" महिमा र मधेश आन्दोलन : भाग ३८८



❖ उपेन्द्र झा

> २००७ सालदेखि अहिलेसम्म राज्यसत्ताको विरूद्ध अनेक आन्दोलन भएपनि शासन सत्तामा खस वर्चस्वमा कुनै कमी आएको छैन । आफ्नो स्वार्थमा अन्धो बनेका शासकीय मनोवृत्तिले जनअधिकारको जति कुरा गरेपनि राजनीतिक वृत्तमा दिनानुदिन बढ्दै गइरहेको असन्तुष्टतालाई साम्य गर्न सक्दैन ।

जनअपेक्षित शासन व्यवस्था ल्याउन आमूल परिवर्तनका नाराहरू लिएर जनता ठूला आन्दोलन गरे । सयौंले बलिदानी दिए । परिवर्तनका दृश्यहरू पनि देखिए तर वर्गीय राज्यसत्ताको एकल वर्चस्वमा किंचित परिवर्तन आउन सकेन । एकल र केन्द्रीकृत राज्यसत्ताको चरित्रमा अझ निरंकुशताको ऊर्जा थपिएको छ । जनअपेक्षा पूरा गर्ने कुरा गरेपनि त्यसप्रतिको इमान्दारिता पटक्कै देखिएको छैन ।

०४६ सालमा प्रजातन्त्रको पुनर्स्थापनासँगै नेपालमा ईसाई धर्मको तीव्रतर विकास हुन लाग्यो ।१७ वर्ष नपुग्दै ०६३ साल माघ २ गते ईसाई धर्मको प्रभावले राजनीतिक क्षेत्रलाई आफ्नो कब्जामा लिएर परम्परागत रूपमा रहेको हिन्दूराज्य नेपाललाई ध्वस्त पारी "धर्मनिरपेक्ष नेपाल" को संवैधानिक निर्णय गरायो । आफ्नो मौलिक धर्म, संस्कृति, भेषभूषा, भाषा, रीतिरिवाजको संरक्षण, सम्वर्द्धन गर्ने मौलिक हक रहेको कुरालाई त्यागेर धनको लोभमा राजनीतिक पार्टीका हिन्दू भनाउँदा अगुवाहरूले नेपालको अस्मिता बेच्न किंचित लाज मानेन । त्यस दिनदेखि हिन्दूको आवाज क्रमिक रूपमा उठ्दै आएको छ । ईसाई धर्मको द्रूतगतिको विकासले सोही मात्रामा हिन्दूत्वलाई आफ्नै घरमा खुम्च्याउँदै सीमित गरेको छ । स्वतन्त्र रूपमा विचरण गर्ने हिन्दू परम्परालाई कैद गर्दा आक्रामक हुनु स्वाभाविक हो, तर ईसाई धर्मलाई संवैधानिक अधिकार दिलाउन असीमित धन खर्च गर्ने पश्चिमा देशहरूको विरोधमा जाने हिम्मत नरहेको राजनीतिक दलका अगुवाहरू भित्रबाटै उठिरहेको हिन्दूत्वको दबाबलाई थेग्न सकिरहेको छैन ।

०६२/०६३ को जनआन्दोलन र मधेश आन्दोलनपछि देशलाई "राजतन्त्र"बाट मुक्त गरी "संघीय लोकतान्त्रिक गणतन्त्र" मा ल्याइएको परिवर्तनलाई जनता सामु देखाइएको छ । असलमा एकै वर्गका एउटा शासक (महासामन्त)लाई हटाएर त्यहीं वर्गका उदारवादी सामन्तको नयाँ शासकको रूपमा उदय भएको यथार्थलाई बुझ्नु पर्ने आवश्यकता छ । यदि सहीमा यिनी जनप्रिय हुन् भने जनताको अपेक्षा किन पूरा हुन सकेन । किन पटक-पटक आन्दोलन भइरहेको छ ? असन्तुष्टताको खाड्ल किन दिनानुदिन बढ्दै गइरहेको छ ।

राज्यसत्ता हासिल गरेका नेपाली कांग्रेस, नेकपा एमाले र माओवादीले पारस्परिक अंशवण्डाको आधारमा पालैपालो राज्यसत्तालाई भोग्ने सहमति बनाएको छ । एउटैले (राजा) भोगिरहेको राज्यसत्ता अब तीन शक्तिले पृथक-पृथक भोग्ने परम्पराको थालनीलाई यिनले परिवर्तनको संज्ञा दिएका छन् । राजाको एकलौटी शासनलाई यिनले जनताका लागि आफ्ना कब्जामा लिएका छन् भन्छन् । जनताका लागि "संघीय लोकतान्त्रिक गणतन्त्र" शासन व्यवस्था ल्याएको छ भन्छन् तर खस शासक वर्गबाट राज्यसत्ता मुक्त भएको भन्दैनन् । भएको पनि छैन । श्रेणीबद्ध खसवर्गीय शासकहरू परिवर्तन भएका छन् । एउटाको हातबाट राज्यसत्ता अर्को उदारवादी सामन्तको कब्जामा गएको छ सतही परिवर्तन देखिए पनि राज्यसत्तामा जनअपेक्षित आमूल परिवर्तन देखिएको छैन । राज्यसत्ता जस्तै "संघीय लोकतान्त्रिक गणतन्त्र" पनि अहिले उदाएका नवशासकको कैदमा रहेको छ ।

०४६ सालको जनआन्दोलन तथा शक्तिकेन्द्रको प्रयासबाट पुनर्स्थापित लोकतन्त्रले जनअपेक्षा पूरा गर्न नसकेर ठूला ठूला आन्दोलनलाई मात्र जन्म दियो । तत्कालीन नेपाली कांग्रेस र एमालेको चरम स्वेच्छाचारिताबाट जनता प्रताडित हुँदै गए । फलत: "माओवादी जनयुद्ध" र "मधेश विद्रोह" जस्ता निर्णायक आन्दोलन सतहमा देखियो । जसरी खस शासकवर्गको कब्जामा रहेको लोकतन्त्र जन अपेक्षा पूरा गर्न सकेन त्यस्तै "संघीय लोकतान्त्रिक गणतन्त्र" को यो स्वरूपले जनतालाई सन्तुष्ट गर्न सक्दैन ।

०६२/०६३ पछि राजालाई विस्थापित गरी उदाएका नवशासकवर्गले त्रिशक्ति सम्झौताको आधारमा राज्यसत्तामा सशक्त वर्चस्व जमाएका छन् । निर्विकल्प रूपमा उदाएका यी शासकवर्गको (नेपाली कांग्रेस, नेकपा एमाले र माओवादी) एकाधिकारले निरंकुश शासन पद्धतिलाई अगाडि बढाएर द्वन्द्वलाई पुनश्च: जन्म दिएको छ । जनअपेक्षा पूरा गर्ने सवालमा अधिकार माग्ने शक्तिहरू मधेशी, जनजाति, दलित, थारू, मुस्लिम आदि सबैलाई पालैपालो तह लगाएर त्रिशक्ति वर्चस्व चुनावको प्रक्रियाबाट नयाँ जनादेश लिने तर्खरमा छन् ।

मधेश विद्रोहबाट उत्पन्न खतरालाई नवशासकहरूले प्रत्यक्ष रूपमा देखेपछि मधेशलाई निस्तेज पार्ने अनेक षड्यन्त्रका दृश्यहरू प्रमाणका रूपमा उपस्थित छन् । मधेशलाई शक्तिहीन बनाउन थारूहरूलाई उचालेर मधेशको विरूद्ध उभ्यायो । मुस्लिमलाई मधेशी होइन, मुस्लिम हौं भन्न लगायो । दलितलाई मधेशका उच्च जाति नै उसको दुश्मन हो, चिन्न लगायो । पहाडका जनजातिलाई उसको पहिचानको आधार कायम हुन दिएर । मधेशको २२ जिल्लालाई ८ जिल्लामा कैद गरेको छ भने थारू, मुस्लिम र दलितको आवाजलाई बलपूर्वक दबाइएको छ । "फुटाएर शासन गर्ने" पौराणिक चलनलाई नयाँ तरिकाबाट प्रस्तुत गर्ने शैली वास्तवमा अजब किसिमको रह्यो । राजनीतिक चेतना भएपनि अधिकारवादी आन्दोलन खस शासकको इशारामा पारस्परिक झगडामा अस्तित्व नै गुम्ने स्थितिमा पुगेका छन् । पहाड खडा गरेपछिको असफलतामा पछुतो मान्नेबाहेक अर्को कुनै बाटो पनि छैन । अधिकार आन्दोलनलाई पुनश्च: नयाँ शिराबाट उठाउने जाँगर पनि छैन । हीनताबोधले ऊर्जा नै रित्याएको छ । पारस्परिक विश्वासको वातावरण पनि छैन ।

एक दशक लगाएर भएपनि अधिकार आन्दोलनमा सहभागी शक्तिहरूलाई भित्तैमा पुऱ्याएर आफ्नो शासन व्यवस्थालाई मनोवांछित प्रक्रियामा ल्याउन शासकवर्ग सफल देखिए तापनि नेपालको राजनीतिक धरातलमा विद्यमान रहेको पराजयको असन्तुष्टता भूसको आगोझैं सल्किरहेको छ । यसले कुनै बेला चुनौतीको रूपमा सतहमा आउने यथार्थलाई नकार्न सकिन्न ।

विरासतमा पाएका नेपाली राज्यसत्तामाथि आफ्नो स्वामित्व मात्र रहेको मनोवत्ति पाल्ने शासकवर्गले आफ्नो वर्चस्वमा कुनै असर नपर्ने गरी संघीयता, लोकतन्त्र, गणतन्त्र, हिन्दूराज्य र अधिकार आन्दोलनको परिभाषा गर्छन् । जनअपेक्षा भनेको शासकवर्गको वर्गीय स्वार्थ हो । राज्यसत्तामा त्रिशक्तिको सम्मानजनक उपस्थिति नै लोकतन्त्र हो । यही मान्यतालाई जनतामाथि लाद्ने प्रवृत्ति असन्तुष्टताका कारण हुन् । नेपालमा उठिरहेको हिन्दूत्वको आवाज पनि शासकवर्गको एकल वर्चस्व सुहाउँदो हुनुपऱ्यो । वर्गीय वर्चस्वमाथि किंचित क्षति नपुऱ्याउने गरी हिन्दूत्वको पुनर्स्थापना वर्जित छैन । हिन्दूत्वले राजालाई पुनस्थार्पित गर्छ भने त्रिशक्तिलाई मान्य नहुने अवस्था छ । हिन्दूत्वको पुनर्स्थापना गर्न मुस्लिम, बौद्ध, जैन, सिख धर्मावलम्बीहरूलाई पनि कुनै अप्ठ्यारो छैन । भारत, चीन पनि चाहेको छ । तर, यहाँ राजालाई हिन्दूत्वको प्रतीकको रूपमा अर्थ्याएका कारण उसको आवाजलाई गौण बनाइएको हो । कथित लोकतान्त्रिक सरकारलाई सधैं अवरोध पुऱ्याउने राजालाई कुनै हालतमा स्वीकार नगर्ने नेपाली कांग्रेस, एमाले र माओवादी मधेशले अप्ठ्यारो पारेको खण्डमा राजासँग तुरून्त मिलेर अस्तित्वमा ल्याउने सम्भावना भने प्रवल छ ।

वर्गीय स्वार्थलाई अक्षुण्ण राख्न यहाँ लोकतान्त्रिक पद्धतिले मान्यता पाएको हो । जनअपेक्षा पूरा गर्न होइन । मधेशले माग गरेको संघीयताको स्वरूपले देशै विभाजन हुने खतरा देखाएर शासकवर्गको एकाधिकार कायम रहने गरिएको संघीयता अस्तित्वमा आएको छ जो सधैं यिनको कब्जामा यिनको स्वार्थ अनुकूल चल्छ । मधेशको ८ जिल्लाको संघीयताले मधेशलाई राज्यमाथि आश्रित बनाई दिएको छ । संघीय संरचना भनिए पनि यसले जनअपेक्षा पू गर्न सक्दैन ।

७ दशकको प्रजातान्त्रिक अभ्यास र कम्युनिज्मको अभ्यास गरेर यिनी ( गोरखाली) चरित्रमा कुनै परिवर्तन गर्न सकेन । परम्परागत रूपमा रहेको राज्यसत्ताको वर्गीय चरित्रमा कुनै परिवर्तन गर्न सकेन बरू सबै राज्यसत्ताको अगाडि आत्मसमर्पण गरे । सशक्त संघर्ष गरेर आएका नेपाली कांग्रेस, एमाले र माओवादी सबै राज्यसत्ता अगाडि नतमस्तक भए । यसको मुख्य कारण खसवर्गीय स्वार्थ हो । लोकतन्त्र, गणतन्त्रको आदर्श छाँट्ने राजनीतिक दलका अगुवाहरू वर्गीय स्वार्थ अगाडि सबै झुके । वर्गीय स्वार्थमाथि प्रहार गर्ने मधेशको विरूद्ध सबै शक्ति एकजुट भई अगाडि आए । मधेशलाई धकेले भित्तामा पुऱ्याए । तर पनि नग्न चरित्रमाथि आदर्शको पर्दा हाल्न पछि परेका छैनन् ।

राज्यसत्ता पूर्णरूपले खस शासकवर्गको कब्जामा छ । तलदेखि माथिसम्मको सम्पूर्ण संयन्त्र यिनको एकाधिकारभित्र कैद रहेकोले यसको अनुभूति अपेक्षित रूपमा जनताले गर्न पाउँदैन । परिवर्तनको आँधी उठे पनि नेपाली राज्यसत्ता समक्ष आएर गतिहीन हुने घटनाहरू प्रशस्त छन् । शासकवर्गको रणकौशलले हरेक आन्दोलनलाई शान्त पारेर वर्गीय स्वार्थलाई जोगाएका छन् । लोकतन्त्र र कम्युनिज्मको आदर्श बोकेर शक्तिकेन्द्रलाई समेत झुक्याएर राज्यसत्तामाथि आफ्नो वर्चस्व कायम राख्न सफल खस शासकवर्ग आफ्नो निरंकुश नियन्त्रण माथि पर्दा हाल्न पनि सक्षम भएका छन् ।

२००७ सालदेखि अहिलेसम्म राज्यसत्ताको विरूद्ध अनेक आन्दोलन भएपनि शासन सत्तामा खस वर्चस्वमा कुनै कमी आएको छैन । आफ्नो स्वार्थमा अन्धो बनेका शासकीय मनोवृत्तिले जनअधिकारको जति कुरा गरेपनि राजनीतिक वृत्तमा दिनानुदिन बढ्दै गइरहेको असन्तुष्टतालाई साम्य गर्न सक्दैन । संघीय लोकतान्त्रिक गणतन्त्रको शासन पद्धतिले पनि समाजमा विद्यमान विषमतालाई हटाउन सक्दैन ।

समाजका असन्तुष्ट समुदाय पुनश्च: आन्दोलनका लागि संगठित भइरहेको छ । एकल वर्चस्वको राज्यसत्ता रहुन्जेल देशमा चर्को रूपमा ल्याइएको अन्तर्विरोधले संघर्षलाई जन्म दिइरहने छ । यिनको लोकतन्त्र, गणतन्त्र र संघीय शासन प्रणालीको कुनै अर्थ नरहने कुरा सबैले बुझेका छन्, बुझ्नु पनि पर्दछ ।

*क्रमश:*

janukjha24@gmail.com

# देशमा समृद्धिको पहिलो आधार स्थिर सरकार : उद्योगपति चौधरी

नवलपरासी । दुईसाता अघि नेपाली काग्रेसमा प्रवेश गरेका वरिष्ठ उद्योगपति विनोद चौधरीले आफू अब नेपाली काँग्रेसबाट राजनीतिमा सकृय रहने बताएका छन् ।

नवलपरासीको अमरापुरीमा आयोजित नेपाली काँग्रेसको चुनाबी सभामा पहिलो पटक बोल्दै चौधरीले कांग्रेसवाट सकृय राजनीतिको बिधिवत शुरूवात गरेको बताए ।

'राजनितिमा चासो राख्दै आएपनि सकृय थिइन 'उनले भने ' आजैदेखि मेरो जिवन कांग्रेसको सकृय राजनितिमा सर्मपर्ण गर्दछु । '

२०४६ सालको परिवर्तनपछि नेपाली काँग्रेसले लिएको उदार अर्थनीतिका कारण देश अहिलेसम्म संचालन भैरहेको बताउदै समृद्ध आर्थिक नितिले मात्र लोकतन्त्र बलियो हुने बताए ।

काँग्रेसले आफनो समेत सल्लाहमा त्यतिखेर लिएको गतिलो आर्थिक नितिका कारण २०४८ देखि २०५० साल सम्म देशमा धेरै रोजगारी र कलकारखाना खुलेको दृश्टान्त दिए । उनले औद्योकिरण र रोजगारीको हिसावले २०४८ देखि ५० सम्मको २ वर्ष नेपालको स्वर्ण बर्ष भएको बताए ।

नेपाली कांग्रेसले दिएको आर्थिक समृद्धि र बिकास समन्वय उपसमितिको संयोजकको जिम्मेवारीलाई आफुले पुरा गर्ने प्रतिबद्धता ब्यक्त गर्दै चौधरीले नेपाली काँग्रेसले लिने आर्थिक निति र सम्पन्नताको खाका कोर्ने जिम्मेवारी पुरा गर्ने प्रतिबद्धता जनाए ।

'म बिदेश भ्रमणमा रहदा मेरो ब्यक्तिगत प्रगतिको प्रशंसा गर्नेहरूले देशको आर्थिक अबस्थाका बारेमा सोध्दा आफुसंग जवाफ नै नहुने गरेको स्मरण गर्दै उनले अब काँग्रेसले समात्ने आर्थिक नितिको बोटो नै भबिश्यमा त्यसको उत्तर हुने' चर्चा गरे ।

उनले देशमा संमृद्धिको पहिलो आधार स्थिर सरकार आबस्यक रहेको औल्याउदै १ सय ५४ स्थानमा एक्लै (प्रतिनिधि सभामा) उम्मेदवारी दिएको कांग्रेसले बहुमत ल्याउन आबस्यक रहेको चर्चा गरे ।

चौधरीले कांग्रेसको बहुमतको सरकार र त्यसले समात्ने आर्थिक बिकासको नीतिले देश समृद्धि तर्फ जाने ठोकुवा गरे । उनले कांग्रेसले लिने आर्थिक नितिको भारीबोक्न आफु तैयार रहेका चर्चा गरे ।

मतदाता धेरै सचेत भैसकेको चर्चा गदै उद्योगपति तथा नेपाली काँग्रेसवाट समानुपातिका तर्फका सभासद समेत रहेका चौधरीले ५ वर्षभित्रमा गर्न सकिने योजनाहरूको खाका खाफुसंग रहेको र त्यो पार्टीलाई सुम्पिने बताए ।

नेपाली काँग्रेसमा प्रवेश गरेको दुइसातापछि पहिलोपटक नवलपरासीको क्षेत्र नम्बर १ को अमरापुरीमा आयोजित चुनाबी कार्यक्रममा २० मिनेट बोलेका चौधरीले काँग्रेसको आर्थिक नीतिका बारेमा चर्चा गरेका थिए । उनी बोल्दा त्यहाँ उपस्थितहरूले पटक पटक तालि बजाएका थिए ।

शशांकलाई जिताउन अपिल

चौधरीले त्यहाका उम्मेदवार शशांका कोइरालाको प्रशंसा गर्दै ब्यक्तिगत लोभ लालच नभएका , इतिहास र अन्तराष्टिय छबि बोकेका कोइरालाई जिताउन मतदातालाई अपिल गरेका थिए । नेपालको भबिस्यको स्पष्ट खाका भएका , सुनौलो इतिहास बोक्नु भएका कोइराला वाट देशले समृद्धिमा फडको मार्ने बेला आएको भन्दै उनले कोइरालाई जिताएर देशलाई आर्थिक गोरेटोमा लैजान सकिने बताए ।

## वाम गठबन्धन अवसरवादी र भ्रष्टाचारीहरूको जमात हो



**उपेन्द्र यादव (अध्यक्ष, संघीय समाजवादी फोरम, नेपाल तथा सप्तरी क्षेत्र नं. २ बाट प्रतिनिधिसभा उम्मेदवार)**

अत्यन्तै पिछडिएको जिल्ला हो, सप्तरी । जहाँ कलकारखानाहरू छैनन्, राम्रो अस्पताल, स्वच्छ खानेपानी, स्वस्थकर पर्यावरण लगायत केही स्रोत साधन नभएको जिल्ला हो । सप्तरीका दक्षिण ग्रामीण भेगमा जाने हो भने अझै पनि त्यहाँ दुर्गम क्षेत्र जस्तै छ । बाटो, बिजुली, खानेपानी केही नभएको अभाव नै अभावले भरिएको छ । त्यस क्षेत्रको विकास गर्नका लागि नै पार्टीले मलाई सप्तरी पठाएको हो । राज्यले लगानी गरेको भए विकास हुन्थ्यो । राज्यले चाहेन, तराई क्षेत्रमा अत्यन्त कम लगानी गर्यो । मधेशका जनताको अधिकारको संघर्षका लागि उनीहरूको अधिकार, समानताको हक, राष्ट्रिय पहिचानको मान्यता, समानुपातिक समावेशिता र प्रादेशिक सुशासन र स्वायत्तता प्राप्तिको जुन अभियान छ, त्यो अभियानलाई अगाडी बढाउने यि दुईटा मुख्य चुनौती रहेको छ ।

नेपालमा नाम मात्रको संघीयता रहेको छ । संघीयताको नाममा विकेन्द्रीकरणको काम भएको छ । जबसम्म प्रदेशमा स्वायत्तता आउँदैन तबसम्म सुशासन जनताले पाउँदैनन् । जनताको आत्मनिर्णयको अधिकार हुँदैन, स्वायत्त प्रदेश हुँदैन, अधिकार सम्पन्न प्रदेश हुँदैन तबसम्म संघीयता भन्ने कुरा यर्थाथमा, स्वाभिमानमा संघीयता प्रणली देखाउने विकास हुँदैन । अहिलेको नेपालको संघीयता प्रणाली भनेको खोल मात्र हो, भित्रको वस्तु भने एकात्मकमा नै केन्द्रीकरण रहेको छ । अहिले भन्ने हो भने स्थानीय निकायलाई जति अधिकार पनि प्रदेशलाई दिएको छैन । देशमा अराजकताको अवस्था ल्याउने प्रमुख दलहरू नै हुन् । खासगरी अहिले जसरी एमाले र माओवादी केन्द्रले जुन वाम गठबन्धन बनाएको छ, यिनीहरू कम्युनिष्ट नै होइन । यिनीहरू त अवसरवादी, भ्रष्टचारीहरूको जमात हो । माओवादीहरू मार्क्सवाद, लेलिनवादलाई भुलेर भ्रष्टाचार र कमिशनतन्त्रमा चुर्लुम्म डुबेका छन् । यो गठबन्धन चुनाव जित्नका लागि मात्र भएको हो यसको कुनै भविष्य छैन । हामी कांग्रेस, एमालेबाट अधिकार किन लिने अधिकार त जनताले दिने हो । त्यसैले अबको दिनमा जनसंघर्ष र नयाँ क्रान्तिको आवश्यकता छ ।

## मधेशले नैतिकता र इमान्दारिता खोजेको छ

**विकास तिवारी ( नेपाल सद्भावना पार्टी (गजेन्द्रवादी)का अध्यक्ष तथा सप्तरी क्षेत्र नं. २ बाट प्रतिनिधिसभा सदस्यका स्वतन्त्र उम्मेदवार)**



अहिलेको संविधानको बारेमा एउटा भ्रम के भएको रहेछ भने खासगरी नेपाली राज्यसत्तालाई र जसले संविधान बनाउनलाई भूमिका खेलेको दललाई मधेशले यो संविधान मानिसकेको छ । यो संविधानमा सुधारको कुरा मात्र गरिरहेको छ । यस्तो अवस्थामा प्राविधक समस्या जे भए पनि दलीय रूपमा यो समस्यालाई वैचारिक रूपमा मधेशले यो संविधानलाई मानेको छैन । यो संविधान खारेजीको आवश्यकता छ, यसलाई पूर्नलेखन गर्नुपर्छ भन्ने कुरालाई अगाडी सारेर स्वतन्त्र उम्मेदवारी मैले दिएको हुँ । हामी चुनवमा भाग लिनुको अर्थ यो होइन कि हामीले संविधान मानिसक्यौं । यो नेपालको राज्यसत्ता, कानून, संविधान, निर्वाचन आयोगलाई अवगत हुनुपर्दछ कि यो संविधानलाई हामीले मानेका छैनौं । यो संविधान समस्या नै समस्याले ग्रसित छ । त्यसकारणले यो संविधान पुरै खारेज हुनुपर्दछ । मधेशले यति क्रान्ति, संघर्ष गर्यो तर त्यो संघर्षलाई कुनै सम्बोधन नै नभएको अवस्थामा यो संविधानलाई स्वीकार गर्नुपर्ने आवस्यकता नै छैन । यो संविधान मधेशी विरोधी संविधान हो, यसलाई सुधार गर्न नै सकिदैन । यसलाई त खारेजी नै गर्नुपर्छ । नेपालको संविधानको बिडम्वना के छ भने संघीयताको मामलामा आश्चर्यजनक छ । वास्तवमा यहाँ के छ भने प्रदेश पनि केन्द्रको अधिकार माग्ने र स्थानीय पनि केन्द्रकै अधिकार माग्ने । यो संघीयताको मूल्य मान्यताको विपरीतको कुरा हो । स्थानीय निकायमा दलीय हिसावले प्रतिविभेदको कुरा छ यो नै गलत छ । विश्वसनीयता नै छैन । राजनीतिक रूपले जुन कुरा उठ्नुपर्ने हो, त्यो केन्द्रीय संसदमा प्रतिनिधिबाट हुने भएर नै मैले स्वतन्त्रमा उम्मेदवारी दिएको हुँ । समग्र मधेशको सामाजिक, आर्थिक, राजनीतिक सबै क्षेत्रमा समस्या नै समस्या रहेको छ । यहाँ स्रोत र साधन हुँदा पनि राज्यले परिचालन गर्न नसक्दा त्यसै खेर गैरहेको छ । मधेशले नैतिकता र इमान्दारिता खोजेको छ । मधेशका समस्याहरू समाधान गर्नका लागि हामी इमान्दार बन्नु जरूरी छ । हामी इमान्दार भएर काम गर्यो भने मधेशका समस्याहरूलाई समाधान गर्न सकिन्छ भन्ने मलाई लाग्दछ ।

## एमाले र माओवादी हतास भएर गठबन्धन बनाए



**राजकुमार लेखी (महासचिव, राजपा नेपाल तथा सप्तरी निर्वाचन क्षेत्र १ (१) का उम्मेदवार)**

हामी संघीयता, सीमांकन र राज्य पुनर्संरचनाको विषयलाई उठाईरहेका छौं । त्यसैगरी आजसम्म वर्षौंदेखि विभेदमा परेका र राज्यको कुनैपनि महत्वपूर्ण निकायमा सहभागिता हुन नसकेका जाति, समुदाय, वर्ग, समुदायभित्रको कुरा उठाइरहेका छौं । हरेक नेपाली नागरिकलाई शान्तिपूर्ण आन्दोलन मार्फत आफ्नो कुराहरू राख्ने अधिकार छ तर निहत्था नेपाली जनता माथि पश्चिममा थारूहरूमाथि र पूर्वमा मधेशीहरूमाथि थरूहट आन्दोलन र मधेश आन्दोलन मार्फत आफ्नो आवाज उठाइरहेका आन्दोलनकारीमाथि जसरी शासक वर्गहरूले निर्ममतापूर्वक दमन गरे ती घटनाहलाई पनि हामी उठाइरहेका छौं ।

आजसम्म सप्तरीको क्षेत्र नम्बर १ बाट जति पनि जनप्रतिनिधिहरू निर्वाचित भएर गए ती जनप्रतिनिधिहरूको ध्यान यो क्षेत्रका जनताहरूको आधारभुत आवश्यकता परिपूर्ति गर्न गएको जस्तो लाग्दैन । यो क्षेत्रमा कुनै राम्रो विद्यालय, कलेज छैन, आवश्यकता अनुसारको खानेपानीको उचित व्यवस्थापन हुन सकेको छैन । पर्यटनको विकासको लागि कुनै पहल नै भएको छैन । अबको यो सबै विषयमा ध्यान दिन जरूरी छ । मधेशका सवालमा तीनवटै ठूला दल उस्तै छन् । तर, एमाले थारू, मधेशी, आदिवासी, जनजाति विरोधी पार्टीका रूपमा चिनिन्छ । जतिबेला हामी अधिकारका कुरा गर्थ्यौं एमालेका सबै नेताहरू थारू, मधेशी, दलित, मुस्लिम, आदिवासी जनजातिलाई विखण्डनकारी, विहारी, धोती भनेर गाली गर्ने गर्दथे । त्यसकारण एमाले भनेको खसआर्यहरूको जातिवादी पार्टी हो । एमाले भनेको पहाडी अहंकारवाद भएको पहाडीहरूको एकल जातीवादी पार्टी हो । त्यो मानसिकता बोकेका पार्टी र नेताहरूको विरूद्धमा हामी यो निर्वाचनमा छौं । एमालेले आफ्नो सारा साधन स्रोत लगाएर र आर्थिक प्रलोभन देखाएर मतदातालाई आकर्षण गरिरहेको अवस्था छ । तर, आगामी निर्वाचनमा नेपालमा समानता र समावेशीता चाहने मतदाताले सजिलै एमालेले चाहेजस्तो प्रलोभनमा फँसेर एमालेलाई तिजाउँछन् भन्नेमा म विश्वत छैन । एमाले र माओवादी कम्युनिष्टको नाममा कंलक हो । कम्युनिष्टको नाममा धन, सम्पत्ति कमाउन बनेको झ्ण्ड हो । यसको प्रमाण सर्वाहराको नेतृत्व गर्ने भनेर पार्टी निर्माण गरेका केपी ओली र प्रचण्डको ज्ञानेन्द्रकै जस्तो दरबार हेरेर भन्न सकिन्छ । यो अकुत सम्पत्ति कमाउने अनि सर्वहाराको नारा दिने । एमाले र माओवादीहरू हतास भएर गठबन्धन गर्ने पुगेका हुन् ।

## कम्युनिष्ट मधेशीका लागि काला नाग हो

**अमर यादव (रौतहट निर्वाचन क्षेत्र नं. १ का प्रतिनिधिसभा सदस्य उम्मेदवार)**



बाम गठवन्धन मधेशका लागि विषालु नाग जस्तै हो । कम्युनिष्ट शासन मुलुक र मधेशका लागि काला नाग सावित भएकोले भएकोले मतदाताहरू सचेत हुनु आवश्यक छ । मधेश र मधेशी जनताको संस्कृति माथि खेलवाड़ गर्ने कार्य भैरहेकोले आसन्न प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनमा सचेत भएर आफ्नो पहिचान बचाउने गरी मतदाताले मतदान गर्नुपर्छ । विगत देखि विभिन्न बहानामा मधेश कव्जा गर्ने षड्यन्त्र गर्दै आएका सत्तधारी दल नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्रले फेरि नकाव लगाएर मधेशमा आएकोले सतर्क हुन जरूरी रहेको छ । राज्य सरकार मधेशलाई आफगानिस्तानको बाटोमा डोर्याउन खोजेको हो । अधुरो संविधानलाई संशोधनको माध्यमबाट गन्तव्यसम्म पुर्याउनका लागि मैले उम्मेदवारी दिएको हुँ । माओवादी र एमालेको प्रलोभनमा फसेर मधेशको अस्तित्व गुमाउनु हुँदैन । १० वर्षसम्म जनयुद्ध लडेका माओवादी अध्यक्ष प्रचण्ड आफ्नो एजेन्डा छोडेर ओलीको काखमा गएर बसे । पहिचानसहितको राष्ट्रियता हुनुपर्छ । झापा, सुनसरी, मोरंगसहितका जिल्ला समेटेर २ नम्बर प्रदेश बनाउनु पर्ने मेरो मुख्य प्राथमिकता रहेको छ । अधिकारको रक्षा र संविधान संशोधनको लागि हुन गइरहेको आसन्न प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनमा खसवादी दलका उमेदवारको पैसा र भोजको लोभमा परेर आफ्नो सन्तानको भविष्य अन्धकारमा राख्ने कार्य मधेशी, आदिवासी जनजाति, दलित, मुस्लिम, पिछड़ावर्ग, विपन्नवर्ग समुदायका व्यक्तिहरू सचेत हुनुपर्छ ।

## वाम गठबन्धनको निर्माण शंकास्पद छ



**प्रदीप यादव (अध्यक्ष, फोरम नेपाल पर्सा तथा पर्सा क्षेत्र नम्बर १ का प्रतिनिधिसभाका उम्मेदवार)**

कांग्रेस र एमाले-माओवादीको गठबन्धनलाई परास्त गर्न हामी मिलेर अगाडि बढ्नुको विकल्प छैन । मेरो उम्मेदवारी मधेशी जनताको कुण्ठित भएर रहेको अधिकार दिलाउन र अधुरो, अपुरो संविधानलाई पूर्ण गराउनका लागि हो । मधेशी जनताको पहिचान दिलाउन, संविधान संशोधन गराउन मधेशी जनताको अधिकारको ग्यारेन्टीका लागि र मधेशमा विकासको गति बढाउनका लागि पनि मेरो उम्मेदवारी हो । मधेशमा धेरै समस्याहरू रहेका छन् । सडक, शिक्षा, स्वास्थ्य, खानेपानी सबै क्षेत्रमा समस्या व्याप्त छ र हामीमा ठूलो चूनौती पनि छ जुन काम कांग्रेस एमालेले २०४६ सालदेखि २०७४ सालसम्म गर्न सकेको छैन त्यो काम हामीले जितेर आएर ५ वर्षमा गरेर देखाउनु छ । वीरगन्जलाई विकसित महानगरपालिका बनाउन हाम्रो जितले मात्र सम्भव छ । ठूला दलका उम्मेदवारले वीरगन्जको विकासमा त्यति ध्यान दिएको पाईदैंन । वाम गठबन्धन एउटा बाध्यताको परिस्थितीवशको गठबन्धन हो । यो धेरै दिन चल्दैन । निर्वाचनमा मधेशी शक्तिहरूलाई पराजय गराउनका लागि षड्यन्त्रमूलक तरिकाबाट यो गठबन्धनको निर्माण गरिएको छ तर यो गठबन्धनले हामीलाई केही फरक पर्ला जस्तो लाग्दैन । वाम राजनीतिक दलहरू जहिले पनि मुलुकमा अस्थिरतादेखि छिमेकी मुलुकसँगको सम्बन्धलाई समेत बिगार्ने प्रयास गर्दै आएका छन् । खासगरी, हाम्रा छिमेकी राष्ट्र भारतप्रति बढी नै लक्षित गरेको देखिन्छ । तर, नेपाल र भारतको सम्बन्धमा कसैले चाहेर पनि असर पार्न सक्दैन । वीरगन्ज भारतसँग जोडिएको छ र हामीबीच रोटीबेटीको सम्बन्ध रहेको छ । हाम्रो बिचमा सानो-सानो विवाद आउँछ भने त्यसलाई हामी आफ्नै तहबाट समाधान गर्न सक्ने परिस्थिती बनाउँछौं ।

## एमाले-माओवादीप्रति मधेशमा नकारात्मक सोच

**बाबुलाल साह (फोरम-राजपा नेपाल गठबन्धनबाट रौतहट क्षेत्र नम्बर १ (१) को उम्मेदवार)**



राज्यले मूल धारबाट अलग राखिएको शोषित मधेशी, दलित, मुस्लिम, अल्पसंख्यक, पिछड़ावर्ग, जनजाति आदिवासीको अधिकार सुनिश्चित गराउनका लागि मैले उम्मेदवारी दिएको हुँ । यस क्षेत्रका जनताले विगतमा जुन उम्मेदवारलाई मत दिए पनि विकासको बारेमा कसैले पनि इमान्दारी पहल गरेनन् । मतादेशको अपमान मात्र गर्दै आएका छन् । मैले यस क्षेत्रको समग्र विकास र हकअधिकारका लागि सदैव संघर्ष तयार रहनेछु । नेपाली जनताको लामो समयको संघर्ष र बलिदानी पश्चात् संघीय लोकतान्त्रिक गणत्रन्त नेपालको स्थापना भई नयाँ संरचनामा मुलुक गइसकेकोले २ नम्बर प्रदेशलाई समृद्ध प्रदेश बनाउने लक्ष्य मेरो हो । नेकपा एमाले र नेकपा माओवादीको विगतको कार्य देखेर मधेशमा नकारात्मक सोच रहेको छ । मधेशमा मधेशी दलका गठवन्धनको बहुमत आउने निश्चित छ । अधिकारको लडाईमा प्रमुख दलको नेतृत्वमा रहेका सरकारले निहत्था जनतामाथि अन्धाधुन्ध गोली बर्साउनुको साथै अपमानजनक व्यवहारसमेत गरेका छन् । यसपटकको निर्वाचनमा जनताले ती सबै कुराको मूल्यांकन गरेर आफ्नो मत शोषित पीडित जनताको पक्षमा संघर्ष गर्दै आएका मधेशी गठबन्धनलाई मत दिनुपर्छ । संविधान संशोधनमा सकारात्मक भूमिका निर्वाह गरेका माओवादी केन्द्रप्रति मधेशीको सहानुभूति देखिएपनि मधेश विरोधी सोच बोकेका एमालेसँग एकता गरेर बाम गठवन्धन बनाएको कारण माओवादीको रबैया प्रति मधेशी जनता आक्रोशित भएका छन् । एमाले र माओवादीले १ करोड़ ८० लाख जनसंख्या भएका मधेशी जनजाति आदिवासीलाई मूलधारबाट बाहिर राखेर शोषण दमन गर्ने गरेको कार्यको मधेशी जनताले बुलेटबाट जवाफ दिएर छाड्नेछन् ।

## कम्युनिष्ट शासन लाद्न वाम गठबन्धन



**प्रवीण लाभ (महोत्तरी क्षेत्र नं. २ बाट प्रतिनिधिसभा सदस्यका लागि स्वतन्त्र उम्मेदवार)**

मधेशकेन्द्रित दल राजपा फेरि पहिलाका दलहरू जस्तो पसल बनेका छन् । राजपालाई पार्टी नभएर पसल बनाइएको छ । मेरो क्षेत्रबाट शरत्सिंह भण्डारी नै उम्मेदवार किन बन्नुपर्ने ? यो क्षेत्रमा राजपाका अन्य वरिष्ठ नेताहरू पनि छन् नि । अरूलाई टिकट दिइएको भए कुनै आक्रोश हुने थिएन । राजपामा रहेका शरत्सिंह भण्डारी कुन आन्दोलनबाट आएका नेता हुन् ? उहाँ त पञ्चायती व्यवस्थाबाट आएका नेता हुन् । उहाँ कुनै आन्दोलन गरेर आएका नेता होइनन् । यी सबै कुरालाई ध्यानमा राखेर म यहाँको उम्मेदवार बनेको हुँ । उहाँसँग जनआधार छैन । मधेश आन्दोलनका बेला बर्दिबास एक दिन पनि बन्द गराउन सक्नुभएन । यो जनआधार हो ? म यही क्षेत्रलाई लक्षित गरेर घोषणापत्र तयार गरेको छु । यो क्षेत्रमा सुविधासम्पन्न अस्पताल खोल्ने प्रतिबद्धता छ । युवाहरूलाई विदेशिन नदिन स्वरोजगारको व्यवस्था गर्नेछु । सडकलगायत भौतिक संरचना निर्माणमा मेरो जोड रहनेछ । सिँचाइको व्यवस्था गर्नेछु । सरकारी विद्यालयका पठनपाठन व्यवस्थित बनाउनेछु । यी कार्यहरू गर्ने म आफ्ना मतदानसमक्ष प्रतिबद्धता जनाउँछु । वाम गठबन्धन भनेको तानाशाहीको अर्को रूप हो । कम्युनिष्ट शासन लाद्नका लागि वाम गठबन्धन गरिएको हो । यो गठबन्धन प्रजातान्त्रिक विचारधारा होइन । प्रजातान्त्रिक विचारधाराका मानिस कहिल्यै पनि अटाउन नसकोस् भन्ने अभिप्रायले यो गठबन्धन बनाइएको हो । यो गठबन्धन केही दिनसम्म मात्र रहन्छ । कुनै पनि हालत एकता हुँदैन । दुवै दलका शीर्ष नेताहरू चतुर छन् । एक अर्कालाई दीर्घकालीन रूपमा कसैले कसैलाई स्वीकार गर्न सक्दैनन् । झुठा राष्ट्रवादको नारा दिएर यिनीहरू हिँडिरहेका छन् ।

## वाम गठबन्धन मुलुकका लागि घातक हो

**कृष्णकुमार गुप्ता (उम्मेदवार, सप्तरी क्षेत्र नं. १, नयाँ शक्ति पार्टी नेपाल)**



उत्पीडित समुदायलाई अधिकार दिलाएर नेपाललाई समृद्ध बनाउन मैले उम्मेदवारी दिएको छु । संविधानमा मधेशी, आदिवासी, जनजातिलगायत उत्पीडितको अधिकारका कुरा समेटिएको छैन । यसका लागि आवाज उठाउने छु । त्यस्तै सीमाङ्कन मिलेको छैन । सीमाङ्कन मिलाउनका लागि संघर्ष गर्छु । जनसंख्याका आधारमा निर्वाचन क्षेत्रका लागि आवाज उठाउने छु । कोशी क्षेत्रमा बन्दगार बनाउने हाम्रो पार्टीको एजेण्डा छ । यो क्षेत्रलाई व्यापारिक केन्द्रका रूपमा विकास गराउनेछु । यसका साथै युवाहरूलाई विदेश जानुपर्ने बाध्यता हटाउन नेपालमै रोजगारी सृजना गर्नेछु । नेता तथा कर्मचारीहरूले भ्रष्टाचार गरेर देशलाई बर्बाद पारेका छन् । विजुली बेचेर पनि नेपाललाई धनी बनाउन सकिन्छ । हामी भ्रष्टाचार र कालोधन मुक्त नेपाल निर्माण अभियानमा जुट्ने छौं । नेकपा एमालेले मधेशी जनजातिलगायतको अधिकार दिन चाहँदैन । यस्तो पार्टीमा प्रचण्डले पनि आफ्नो पार्टीलाई मिलाएका छन् । त्यसकारण जनताले यी पार्टी विकल्प खोज्न थालेका छन् । मधेशवादी दलहरूले पनि आफ्नो सत्ता र भत्ता मात्र जोगाउन खोजेका छन् । संविधान घोषणा भएलगतै हाम्रो पार्टीका संयोजक डा. बाबुराम भट्टराईले राजीनामा दिनुभएको छ । तर, त्यसबेला मधेशकेन्द्रित दलका कुनै सांसद्ले राजीनामा दिएनन् । त्यसबेला राजीनामा दिएको भए संविधान संशोधन भइसक्थ्यो । यो गठबन्धन देशका घातक छ । यो गठबन्धनले मुलुकलाई हित गर्दैन । यो गठबन्धन सफल भयो भने नेपालमा चीन हाबी हुनेछ । चीन, पाकिस्तान, उत्तरकोरिया जस्ता देश एक खेमाका छन् । चीन हाबी भयो भने पाकिस्तानले नेपाललाई प्रयोग गरी भारतमा आतंकी गतिविधि गर्न हौसिने छन् । यसको फलस्वरूप नेपाल पनि आतंकको दलदलमा फस्नेछ । त्यति मात्र होइन नेपाल र भारतबीचको रोटीबेटीको सम्बन्धमा समेत आघात पुग्नेछ ।

# नेपालका कम्युनिष्टहरूको चरित्र


मनोज कुमार कर्ण

> कम्युनिस्टको घृणात्मक मधेशी वा छिमेकी देशप्रतिको शैली र एउटा देशलाई मात्र कम्युनिज्मको नाउँमा प्रिभिलेज गर्ने शैलीले भोली नेपाल टुक्रिने पक्का छ।

कम्युनिस्ट पार्टीको राष्ट्रियता कार्ल्स मार्क्सको भाषामा हुँदैन । उनीहरू राष्ट्रियताको सट्टामा वर्ग निर्माण/संघर्षको कुरा गर्छन् । उनीहरूले के मान्यता राख्छन् भने गरिब जनताको सत्तामा पहुँच नै हुँदैन त्यसैले गरिबको लागि राष्ट्रियताको कुरो भनेको सामन्तवादहरूले उनीहरूको समय बर्बाद गराईदिने वा मूल विकासको मुद्दाबाट अन्यत्र भट्काउने एउटा साधन हो । फेरी कम्युनिस्टहरूले धर्मको बारेमा धर्म भनेको अफिम हो, सर्वहारावर्गलाई मूर्ख बनाउन अल्भाउन सामन्तवादीले प्रयोग गर्ने अर्को टूल हो भनी बुझ्छन् ।

**नेपालका सन्दर्भ**

नेपालको सन्दर्भमा माथिका कार्ल्स मार्क्सको कुरा केवल देखावटी वा भनौं नयाँ मान्छेलाई आदर्शको कुरा गरेर अफिमको रूपमा प्रयोग गरि कम्युनिस्टको सदस्यता दिनलाई हो । एउटा उदाहरण दिउँ । पाटन संयुक्त क्याम्पसको अंग्रेजी विभागका इन्डियन रिटायर्ड एकजन सहप्राध्यापक सतिश कुमार शुक्लाले पञ्चायती कालमा त्रिचन्द्र क्याम्पसमा रात्री समूहको जर्ज बर्नाड शाका कक्षामा कम्युनिस्टहरूलाई फेवर गर्दै अध्यापन गराउनु भयो: 'यदि मारकाट नै आतंकवादको परिभाषा हो, त्यसभित्रको जेन्यून कारणलाई कसैले बुझिदिएन भने नेपालको सबभन्दा ठूलो आतंकवादी राजा पृथ्वीनारायण शाह हो । उनको सिंहदरबार अगाडीको सालिक भत्काईनु पर्छ तर मान्छेले त्यसो गर्दैनन् किन ?...' सरले कक्षाबाहिर घर फर्कन निस्कन लाग्दा चौधरी थरका अञ्चलाधीशको छोरा त्यही कक्षामा पढ्दै गरेकाले बुवालाई भनेर नजिकैको प्रहरीमा रातभरी खोरमा पुऱ्याइदिए ! भोलीपल्ट धन्य तत्कालीन अंग्रेजी केन्द्रीय विभागका प्रमुख दुर्गाप्रसाद भण्डारी सरले डाइरेक्ट राजा विरेन्द्रसँग सम्वाद गरिकन 'बर्नाड शाको किताब नै यस्तै हुन्छ, जो कोहीपनि राजभक्त शिक्षकले पनि कक्षामा पढाउँदा यस्तो बोल्नुपर्छ तर पनि शुक्ला सरले राजसंस्थाको विरोधमा बोल्नुभएको छैन । बाँकी विद्यार्थीपनि त्यहीं थिए, कुरा पुऱ्याउनेले गल्ति तरिकाले पुऱ्याए' भनेर सम्झाउँदा राजा विरेन्द्रबाट 'अब यस्तो किताब बरू सिलेबसमा नराखौं' भनी थुनामुक्त शुक्ला सरलाई गरियो र नेपालमै सेवा सुचारू राख्न राजाबाट आदेश भयो । डा. भण्डारीले राजाकाहाँ जति सूचना लुकाएपनि राजाले बर्नाड शाका कुरा र शुक्ला सर खुंखार कम्युनिस्ट रहेको कुरा थाहा पाईहाले । र, बाँकी दुनियाँलाईपनि यी कुरा थाहा छन् । यो स्तम्भकार दाबीको साथ भन्न सक्छ कि नेपालका कुनैपनि कम्युनिस्ट पार्टीका कमाण्डर-इन-चीफ र अन्य कमाण्डर्स छैन जो कम्युनिज्म वा मार्क्सिज्मबारे बुझ्न शुक्ला सरको शरणमा आएको नहोस् ! तरपनि जब शुक्ला सरको जागिर पाटन क्याम्पसबाट चट्पार्ने मान्छे सो बेलामा क्याम्पस प्रमुख अमन श्रेष्ठ ( माओवादी) र विभागीय प्रमुख भूपप्रसाद धमला (एमाले, हाल त्रिवि अन्तर्राष्ट्रिय सम्बन्धको निर्देशक) निस्के भने केन्द्रमा काँग्रेस र शुभेच्छुक संस्था प्रजातन्त्रवादी प्राध्यापक संघले घर जाने बेलामा त्रिवि खुलेकै बेलादेखि नेपाल सरकारले अनुरोध गरेर भारतबाट ल्याएको प्राध्यापकहरूलाई कम्तिमा केही लाखमात्र रूपैयाँको कोसेली दिउँ भन्दा एमाले र माओवादीका नेता र उनीहरूको क्रमश: प्रगतीशिल प्राध्यापक संगठन र नेपाल राष्ट्रिय प्राध्यापक संगठनले सोही पुल्चोकस्थित हिमालय होटलको भेलामा 'भारतीय'लाई केही नदिने प्रस्टै भने । सरको जिवनभरीको कम्युनिस्ट र नेपालका कम्युनिस्टप्रतिको सेवामा उहाँले नेपालका कम्युनिस्टहरूबाट स्वयँ र स्वयँको मातृभूमीप्रति अपमान पाए । र, आजको दिनमा शुक्ला सर हामी गैरकम्युनिस्टहरूसँग बरू रमाउनु हुन्छ ! कम्युनिस्ट चरीत्र भनेकै यूज एण्ड थ्रो र धोखाधडी हो, विदेश नीतिमा नेपालको लाभ हेर्नुभन्दा पनि छिमेकी देश भारतलाई सराप्नु हो ।

कम्युनिस्टहरूले वर्गीय चिन्तनको कुरा गर्छन् तर विश्वलगायत नेपालभरी मै त्यसको खिल्ली स्वयँ उडाउँछन् । जस्तै: उनीहरूले संघीयता, गणतन्त्र, लोकतन्त्र, समानुपातिक प्रतिनिधित्व र समावेशीको सिद्धान्तलाई राज्यको निकायमा अक्षरश: पालना गर्ने आदि कुरामा उल्टै काँग्रेस तथा राजावादी र पञ्चहरूको पार्टीलाई डोऱ्याउनु पर्नेमा उल्टै उनीहरू नै कि संसदमा मधेशी, महिला, आदिवासी, जनजाति, दलित आदिको प्रतिनिधित्व र हकहीतको हरेक कुरालाई अड्काउने वा पास भइहाले भने त्यसलाई अर्को पावर सेन्टर राष्ट्रपति वा अदालतबाट चुनौती दिन लगाउँछन् । राजसंस्था सामन्तवादको जरो हो तथा सेन्टरमा पावर थुपार्ने संस्था हो बुझेरपनि मधेशी र अर्को छिमेकी भारतलाई घृणागरेको देखाउन नेपालमा वामपन्थि अलायन्सको कभरमा परिवर्तनका हरेक अजेन्डालाई धोतीलाउँदै 'राष्ट्रियता' जोगाउन राजसंस्था पुनर्जिवितपार्न लागेका छन् । यो कम्युनिज्मसँग बाझ्यो । जनतालाई नेपाल राष्ट्र जोगाउन यसो गर्न भन्न पाईंदैन किनकि कम्युनिस्टको राष्ट्रियता हुदैन । प्रश्न उठ्छ, के गैरकम्युनिस्टस् काँग्रेस र मधेशवादी दलहरू नेपालको राष्ट्रघाती नै हुन् ? के बीपी कोइरालाले नेपालप्रति गद्दारी गरी भारतको फेवर गरेरै त्यति दु:ख पाए ? वास्तवमा नेपालका राजा र कम्युनिस्टहरूले मिलेर भारतलाई नेगेटिभ नेपालप्रति देखाएर कथित् राष्ट्रियताको परिभाषा बनाएर जनतालाई आफूहरू सत्ताको चास्नी लिन लागिपरेको कुरा बुझ्नबाट डाइभर्ट गरेका हुन् !

२०५७ सालमा नेपालमा हृतिक रोशन काण्ड हुँदा सो बेला वामदेव गौतम ( आजका एमाले उपाध्यक्ष)ले रोशन र भारतलाई जोडेर नेपालप्रति गल्ति समाचार प्रसारण गराए । अभिनेता रोशनले स्वयँले बोलेको रेकर्ड प्रस्तुत गर्दा वामदेव गौतमले 'कसैले मलाई भनेकोले मैंले त्यसो बोलेको त हैन रहेछ' भनेर भागे । तर सो बेला काठमाण्डौंमा मधेशीलाई भारतीय भनीकन भारतीयसमेतको घर, जीउ, प्रतिष्ठा, सम्पत्तिमाथि भौतिक आक्रमण भयो । आजको नेपालको पहाडीको भाषामा आउटफिट भएको फोर्स सो बेला पुल्चोक अध्ययन संस्थानमा एलेक्ट्रोनिक इन्जिनियरिङ्ग पढीरहेका विद्यार्थीले म भारतीय होइन भन्दा भन्दैपनि अपमानित गरि प्रतिष्ठामा हाथ लगाए । घटना सामसुम भयो, नेपाल सरकारले वास्तविकता बाहिर आएपछि मधेशी र भारतीयसँग माफी मागेन जसको परिणाम हो: सीके राउतले सोहीदिन कसम खाए म मधेशीको पहिचानको लागि नेपाल टुक्राउँछु । आतंकवादी यहाँ सीके राउत हुन् कि वामदेव गौतम, एमाले पार्टी र कम्युनिस्टहरू हुन् ? आज कस्को घृणाले नेपालको राष्ट्रिय अखण्डतामा सीके राउतले ग्रहण लगाइदिएका छन् ? अरू त अरू, सो पछि एमालेको भारत र मधेशीसित डील गर्ने शैली के रह्यो: घुर्क्याएर सत्ता माग्ने वा भारतको विरोधी चीनलाई भारतविरूद्ध चुग्ली लगाउने वा भारतलाई सराप्ने ? हामी नबिर्सौं, यिनै वामदेव गौतम पछिल्लोपटक सुशील कोइरालाको सरकारमा गृहमन्त्री छँदा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको जनकपुर-लुम्बिनी-मुक्तिनाथको एकसाथ नेपालको समग्र भूगोलको धार्मिक भ्रमण र विकास गर्न आतुरलाई सुरक्षाको कारण देखाई जनकपुरमा साइकल बाँड्ने बहाना बनाई भाँडे ! अब, चीनीयाँ रेललाई जनकपुरसम्म सगरमाथाको मुनीबाट पुऱ्याउने रे ! यदि काँग्रेस, राप्रपाहरू, मधेशवादी दलहरू, मधेशी जनताले भारतको विकासको अजेन्डा नेपालमा ल्याउने कुरा गर्दा कम्युनिस्टहरूको भाषामा त्यो भारतीय विस्तारवाद, सोको दलाल, अराष्ट्रियता भयो भने नेपालको सगरमाथालाई नै प्वालपार्ने र वामपन्थि अलायन्समार्फत् डोक्लम मुद्दामा नेपाल चीनको पक्षमा फेवर रहेको नेपालको संसदबाट बहुमतले भोली पारित भयो भने त्यो कस्को दलाली र कस्तो राष्ट्रियता हुनेछ ?

यहाँ यतिमात्र भनौं हामी कि एक्काईसौं शताब्दीमा जनताको राष्ट्रियता सुदृढ गराउन उसका आधारभूत आवश्यकताहरू पूर्ती गर्ने, विकासका केजमेन्ट वा बक्सा खोल्ने, विज्ञानप्रविधीको द्रूत विकास गरि जनताको पहुँच गराउने, सानोभन्दा सानो देशको अजेन्डामा जनताको आम राय लिई ओनरशीप लिन लगाउने, एउटा समुदायबाट एन्टागोनिस्टिक वा शत्रुभाव अर्कोमाथी आयो भने राज्यले तुरून्त माफी माग्दै सांस्कृतिक आत्मसात् दुइटै समुदायबीच चाडपर्व वा राष्ट्रिय महोत्सवमार्फत् गराउने जस्ता आदि तरीकाहरू छन् । कम्युनिस्टको घृणात्मक मधेशी वा छिमेकी देशप्रतिको शैली र एउटा देशलाई मात्र कम्युनिज्मको नाउँमा प्रिभिलेज गर्ने शैलीले भोली नेपाल टुक्रिने पक्का छ । ठिक छ, नेपाल/भारतका कम्युनिस्टले चीन, उ.कोरियाकोविरूद्धमा आफ्ना सेना मर्दा उल्टै चीन, उ.कोरियाकै फेवरमा लेख्दा वा वकालत गरिरहँदा त्यहाँका कम्युनिस्टहरूले यीनीहरूको फेवरमा ब्यालेन्स गर्न वा कथित् वर्गीय निर्माण गर्न किन लेख्दैनन् वा वकालत गर्दैनन् ?

धर्मको मामिलामा यदि कम्युनिस्टहरूले परम्परागत धर्म मान्दैनन् भने नेपालमा हिन्दूत्व समाप्त पारिकन क्रिश्चियानिटीका लागि चर्च, सोको लागि नेपालको स्रोतसाधनमा पहुँच किन चाहियो ?

नेपालका कम्युनिस्टहरू बेधर्मी भन्दापनि दलाल, चीनका पाल्तु, नेपाली राष्ट्रियताका प्रमुख चुनौती, कार्ल मार्क्सको परिभाषाबाट पर पुगिसेकेका, जनतालाई अशिक्षा र अभावको लाभलिई बर्गलाएका छन् । जनताको रोजगारको नाउँमा बल्खुको पार्टी कार्यालयमा एमालेका आजिवन कार्यकर्ताले झुण्डिएर मर्नुपर्ने, प्रचण्डले मान्छे मारेर केवल आफ्नो वंशजको आर्थिक लाभ हेरेर लडाकाहरूलाइ ठग्दा पद्म ( हवल्दारले जेलमा उनलाई भेट्न आउनेसँग जिस्केर बोलाउने नाम प्रचण्ड कुँवर !) कुँवरबाट थप्पर खाने, झलनाथ खनालले केवल सत्ताको मात देखाएर देशको प्रधानमन्त्रीको निर्वाचननै रोकेर संसदलाई पंगु बनाउँदा इलामकै एमालेबाटै एक थप्पर खाएर प्रधानमन्त्री बन्नेहरूले वामपन्थी अलायन्स गरेर चीनलाई नेपाल किस्तीमा राखेर चढाउँदा र देशभित्र घृणाले सीके राउतहरू जन्माउँदा नेपालको विकास हुन्छ ? राष्ट्रियता मजबूत हुन्छ कि नेपाल झन टुक्रिन्छ ? तसर्थ, यसपालीको निर्वाचन भनेको नेपालमा परिवर्तनलाई संस्थागत गर्ने कि राजालाई फेरी ल्याउने, नेपाललाई विकास गरेर सबल बनाउने कि आपसी कटुता र छिमेकको नून खाएर नमकहरामी कम्युनिस्टहरूको लहैलहैमा लागेर देशलाई चीनमा टुक्रा गरेर बुझाउने बीचको जनमत संग्रह हो । त्यसैले देशप्रति माया हुनेले यसपालीको निर्वाचनमा कम्युनिस्टहरूलाई साइफर वा नल्ल वा शून्य सीटमा झार्नुपर्छ । मधेशीलाई देशद्रोही भन्नेहरू त केही पहाडीहरू कम्युनिस्टमा लागेकाहरू पो रहेछन् !

(लेखक पाटन संयुक्त क्याम्पसमा प्राध्यापनरत् छन्)


नेपाल सरकार

शहरी विकास मन्त्रालय

**काठमाण्डौ उपत्यका विकास प्राधिकरण अनामनगर, काठमाण्डौ**

काठमाण्डौ उपत्यका विकास प्राधिकरणको खोला किनारामा निर्माण गर्ने सम्बन्धमा देहायको खोलाको नापीको नक्साबाट कायम रहेको छेउबाट दायाँ बायाँ देहायको दूरी छोडी निर्माण गर्न पाइने सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०६५।८।१ मा निर्णय गरिएको सम्बन्धमा सर्वसाधारणमा जानकारी गराइन्छ ।

१. बागमती, विष्णुमती र मनहरा खोलामा २० मिटर
२. धोबिखोलाको हकमा धोबीखोला आयोजना भएको स्थानमा प्रोजेक्टको प्लनिङ अनुसार दूरी र प्लनिङ बाहेकका स्थानमा - ९ मिटर
३. नख्खु खोलामा - १२ मिटर
४. बल्खु, कर्मनासा, कोइकु, साडले र महादेव खोलामा - १० मिटर
५. करमुखी खोलमा - ६ मिटर
६. टुकुचा, सामाखुसी र उपत्यकामा बग्ने अन्य खोलामा ४ मिटर र कुनै पनि खोला, खोल्शी र राजकुलो छोप्न पाइने छैन ।
७. हनुमन्ते खोला बग्ने क्षेत्रका नगररोन्मुख गा.वि.स. हरूमा समेत र खोलाको किनाराबाट २० मिटर छाडी निर्माण पाइने (साथै मापदण्डको परिने २ को प्रकरण नं. ६.२ को देहाय १ र २ मा रहेको FAR १.२५ को सट्टा १.५ कायम गर्ने ।)


## मधेश अपडेट

### कम्युनिष्टले तानाशाही ल्याउन खोज्दैछ : प्रधानमन्त्री

नेपालगञ्ज । प्रधानमन्त्री तथा नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाले आसन्न निर्वाचनमा नेपाली कांग्रेसले हारे लोकतन्त्रले हार्ने र मुलुकमा एकदलीय तानाशाही व्यवस्था आउने बताएका छन् । प्रधानमन्त्री देउवाले मंगलबार नेपालगञ्जमा आयोजित नेपाली कांग्रेसका कार्यकर्ताहरूको भेलालाई सम्बोधन गर्दै सो कुरा बताएका छन् । 'नेपाली कांग्रेसबाहेक बहुदलीय प्रजातन्त्रमा विश्वास गर्ने कुनै पनि प्रजातान्त्रिक पार्टी छैन' प्रधानमन्त्री देउवाले भने 'नेपाली कांग्रेसले हार्दा प्रजातन्त्र हार्छ , त्यसैले यो चुनाव जित्न आवश्यक छ ।' प्रधानमन्त्री देउवाले अहिलेको अवस्था चिन्ताजनक भएको पनि उल्लेख गर्दै भने, 'तपाईहरू ढुक्क भएर नबस्नुहोला, यो चुनाव कुनैपनि हालतमा जित्नुपर्छ भन्ने ढंगले परिचालित हुनुहोला ।' सो अवसरमा प्रधानमन्त्री देउवाले नेपाली कांग्रेसले स्थापनाकालदेखि नै अधिनायकवादलाई परास्त गर्दै आएको उल्लेख गर्दै भने, '२००७ सालको जनक्रान्तिले राणा शासन फाल्यौ, २०४६ सालको आन्दोलनले पञ्चायत फाल्यौ, २०६२/६३ को आन्दोलनले अधिनायकबादी राजतन्त्र फालेर लोकतन्त्र ल्याएको हो, जनताको अधिकारकालागि लड्ने पार्टी कांग्रेस बाहेक अर्को छैन ।'

### "कांग्रेस र एमालेले मधेशीको अधिकार खोसे"

वीरगञ्ज । संघीय समाजवादी फोरम नेपाल र राष्ट्रिय जनता पार्टी नेपालका तर्फबाट पर्सा क्षेत्र नम्बर ३ का प्रतिनिधिसभा उम्मेदवार हरिनारायण रौनियारले मधेसको अधिकार र विकासका लागि मधेसवादी गठबन्धको विकल्प नभएको बताएका छन् । पर्साको बहुदरामाई नगरपालिका वडा नम्बर ५ मा आइतबार राति भएको चुनावी रात्री सभामा बोल्दै रौनियारले कांग्रेस र एमालेका उम्मेदवारले पटकपटक चुनाव जितेर पनि मधेशको हित र विकासमा सिन्कोसमेत नभाँचेको आरोप लगाए । कांग्रेस, एमाले र माओवादी मिलेर मधेशीको अधिकार खोसेर अधिकारविहीन बनाउन खोजेकाले मधेशको अधिकार रक्षा र समतामूलक विकासका लागि मधेशी दल एक भएर चुनामा होमिएको भन्दै उनले अब मधेशवादीको जितलाई कुनै शक्तिले टार्न नसक्ने बताए ।

### "कम्युनिष्ट शासनको सपना साकार हुँदैन"

रूपन्देही । नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवम् केन्द्रिय निर्वाचन परिचालन समितिका संयोजक बालकृष्ण खाँणले राजनीतिमा द्धन्द भन्दा पनि सहमति र सहकार्य आवश्यक रहेको बताए । उनले नेपाली जनताको सात दशकभन्दा लामो संघर्षले प्राप्त संविधानलाई सबैको संविधान बनाउन आवश्यक रहेको पनि बताए । नेपाली कांग्रेस निर्वाचन प्रचार प्रसार समन्वय उपसमिति अन्तरगत प्रदेश नं. ५ को मिडिया सेन्टरको मंगलबार बुटवलमा उद्घाटन गर्दै यस्तो विचार व्यक्त गरेका हुन् । बामपन्थि गठबन्धनले नेपालमा कम्युनिष्ट व्यवस्था ल्याउने सपना देखे पनि त्यो साकार नहुने दावी गर्दै नेता खाँडले भने, "प्रचण्डका नाती नातिनाले कुन सिद्धान्त लिएर अगाडि बढ्ने हुन् मैले बुझ्न सकेको छैन । हिंसाको अन्त्य गर्न माओवादीसँग एकता गरेको हो तर सुर्धान सकिएन", नेता खाँणले भने ।

### धनुषाको क्षेत्र नं ४ मा कडा प्रतिस्पर्धा

जनकपुर । धनुषाको क्षेत्र न. ४ मा चुनावी माहौल गरमागरम हुँदै गएको छ । नेपाली कांग्रेसका तर्फबाट प्रतिनिधि सभाका युवा उम्मेदवार महेन्द्र यादव, नेकपा एमालेका तर्फबाट राजनीतिका पुराना माहिर खेलाडी मानिएका रधुवीर महासेठ र फोरम-राजपा गठबन्धनका तर्फबाट महाजन यादववीच त्रिकोनात्मक प्रतिस्पर्धा देएिको छ । धनुषालाई नेपाली काग्रेसको गढ मान्दै आएका कारण कांग्रेसको बोलबाला बढी देखिए तापनि एमाले पनि कमजोर देखिएको छैन । क्षेत्र नं. ४ मा जातीय समीकरणले हेर्दा यादवको संख्या बढी देखिएको हो । यादवबाट दुई जना उम्मेदवार मैदानमा देखिएका कारण रधुवीर महासेठको सम्भावना बढी देखिएको जानकारहरूको भनाइ रहेको छ । दुवै यादवको विचबाट महासेठले हाथ पार्ने सम्भावना प्रवल देखिन्छ । यता नेपाली काग्रेसका उम्मेदवार महेन्द्र यादव र संघीय लोकतान्त्रिक गणतन्त्रका प्रथम राष्ट्रपति डा. राम वरण यादवका सुपुत्र डा. चन्द्रमोहन यादव समेत चुनावी मैदानमा होमिएका छन् । क्षेत्र न. ४ मा लोकप्रिय मानिएका महेन्द्र यादव र रधुवीर महासेठ आ आफनो पैतरा अपनाउन थालिएको हो । क्षेत्र नं. ४ का ने.का. उम्मेदवार यादवको जीत सुनिश्चित रहेको जनकपुर उपमहानगरपालिका वा.नं. ९ का नवनिर्वाचित वडा अध्यक्ष परमेश्वर साहको भनाई रहेको छ । साह भन्छन् धनुषा जहिले पनि क्रान्तिको भूमि रहेकोले क्रान्तिकारी जनतामा भिजेकालाई मात्र निर्वाचित गराउने गरेको प्रमाणहरू थुप्रै रहेको छ । यादव र महासेठकै विचमा कडा प्रतिस्प्रर्धा हुने निश्चित छ ।

### वाम गठबन्धनले बुझायो ज्ञापन

रौतहट । नेकपा एमाले र नेकपा माओवादी केन्द्रको वाम गठबन्धन रौतहटले वामका समर्थक कार्यकर्ताहरूमाथि भएको आक्रमण नियन्त्रण गरी दोषीमाथि कारवाही गरी शान्ति सुरक्षाको व्यवस्था मिलाउनु पर्ने मांग गर्दै मुख्य जिल्ला निर्वाचन अधिकृत लेखनाथ ढकाललाई ज्ञापन पत्र बुझाएका छन् । नेकपा एमाले प्रदेश नंबर २ कमिटी सदस्य एवं पूर्वसांसद राम कुमार भट्टराई, नेकपा माओवादी केन्द्रका जिल्ला संयोजक युवराज भट्टराई समीरको संयुक्त हस्ताक्षरित ज्ञापनपत्रमा आसन्न निर्वाचनमा नेपाली कांग्रेसका कार्यकर्ताहरूले वाम समर्थकलाई डर, धाक, धमकी, दिँदै गरेकोले चुनाव प्रभावित हुने भएकोले शान्ति सुरक्षाको पूर्ण प्रत्याभूति हुनु पर्ने माग गरिएको छ । आसोज २ गते सम्पन्न स्थानीय तहको निर्वाचनपछि परोहा नगरपालिका वार्ड नम्बर २ मा नेपाली कांग्रेसका वार्ड अध्यक्ष पदका प्रत्यासी शेख सराजुद्दीनको छोरा शेख अकवरलाई असोज ९ गते अज्ञात समूहले गरेको हत्यामा फसाई दिने भनी वाम समर्थकलाइ कांग्रेसले धमक्याइ रहेकोले कारवाही गर्नुपर्ने ज्ञापनपत्रमा भनिएको छ ।

### युवाहरूलाई रोजगार दिने प्रतिबद्धता

कपिलवस्तु । संघीय समाजवादी फोरम नेपालबाट प्रदेश नं. ५ का बिधायकका लागि समानुपातिकमा इन्डो नेपाल सामाजिक मंचका अध्यक्ष अकरम अब्दुल रहेमान खान उर्फ अकरम पठानलाई उम्मेदवार बनाएको छ । अकरम पठानले आफ्नै स्रोतबाट कृष्णनगरमा ड्राईपोट ल्याउने बताएका छन् । जसबाट २० हजार बेरोजगार युवाहरूलाई रोजगार दिने प्रतिबद्धता समेत गरेका छन् । युवा नेता अकरम पठानले तिस वर्ष पुरानो शिक्षाको स्तरलाई बदली कृष्णनगर, बहादुरगंज तथा चन्द्रौटामा डिग्री कलेजको स्थापना गर्ने पनि प्रतिबद्धता गरेका छन् ।

### मोरङमा चुनावी सरगर्मी

विराटनगर । मोरङमा चुनावी सरगर्मी बढेको छ । छ वटा संसदीय क्षेत्र भएको मोरङमा क्षेत्र नं ५ को चुनावी प्रचार-प्रसार विकास निर्माणका साथै संविधान संशोधनको विषयमा बढी केन्द्रित भएका छन् । यस क्षेत्रमा सबैभन्दा बढी मधेशी मतदाताको सङ्ख्या भएकाले प्राय सबै उम्मेदवारले संविधान संशोधनका विषयलाई प्रसार-प्रचारको मुख्य आधार बनाएर मतदातालाई आकर्षित पार्न तल्लीन देखिन्छन् । मोरङको राजनीतिमा राम्रो पकड राखेका युवा उम्मेदवारका साथै पञ्चायतको स्थापनाकालदेखि नै मोरङको राजनीतिमा सक्रिय रहनुभएका वृद्ध उम्मेदवार पनि चुनावी प्रतिस्पर्धामा रहनुभएकाले निर्वाचन बढी रोचक हुने देखिएको छ ।

### असन्तुष्ट कार्यकर्तालाई देउवाको आश्वासन

कैलाली । पश्चिमी जिल्ला भ्रमणको क्रममा कैलाली पुगेका प्रधानमन्त्रीले असन्तुष्ट नेता कार्यकर्ताहरूलाई आश्वासन दिएका छन् उनले कार्यकर्तासँग भने, "कहीं कतै असन्तुष्टि बाँकी छ भने मलाई भन्नुस् म समाधान गर्छु ।" स्थानीय निर्वाचनमा विभिन्न कारण असन्तुष्ट बनेका कार्यकर्तालाई पनि प्रधानमन्त्री देउवाले विभिन्न आश्वासन दिएका थिए । काँग्रेसले स्थानीय निकाय निर्वाचनका बेला टिकट वितरणलाई लिएर भएको असन्तुष्टिका कारण विभिन्न स्थानीय तहमा हार बेहोर्नुपरेको थियो ।

### कपिलवस्तुमा चुनावी माहौल तात्यो

कपिलवस्तु । प्रतिनिधि तथा प्रदेशसभाको दोस्रो चरणको निर्वाचनको माहोल यतिबेला कपिलवस्तुमा पनि तातेको छ । दलहरू आ-आफ्ना चुनावी एजेण्डा लिएर मतदाता फकाउन दौडधुपमा लागेका छन् । प्रदेश नम्बर ५ अन्तर्गत कपिलवस्तु निर्वाचन क्षेत्र नं. ३ का बामगठबन्धन, काँग्रेस तथा मधेशबादी दलहरू चुनावी परिणाम आफ्नो पक्षमा पार्न रणनीति बनाउन व्यस्त छन् । जिल्लाको क्षेत्र नं. ३ मा मात्र एक दर्जन दलहरू चुनावी दौडमा छन् । चुनावकै रौनकतासँगै तीन ठूला प्रतिस्पर्धी दलहरूले बुधबारे साप्ताहिक हाटबजारको मौका छोपी जिल्लाको चन्द्रौटामा आमसभा सम्पन्न गरेका छन् । संयुक्त बामगठबन्धन, नेपाली कांग्रेस र संघीय समाजबादी फोरम नेपालले चन्द्रौटा बजारक्षेत्रमा छुट्टाछुट्टै आमसभाको आयोजना गरेका हुन् ।

# संघीय फोरमको चुनावी घोषणापत्रको मुख्य अंश

१. संविधान संशोधन आजकोआवश्यकता

नेपालको संविधान नेपाली काङ्ग्रेस, नेकपा (एमाले र नेकपा (माओवादी केन्द्र को उच्च योजनामा देशलाईवन्दीगृह बनाएर संविधानसभा परिसरमा निषेधाज्ञा जारी गरेर २०७२ असोज ३ गतेघोषणा गरे। त्यसको विरूद्ध नेपालका उत्पीडित समुदायहरू आन्दोलित बने। सिँगोदेश दुईकित्तामा विभाजन भयो। यस संविधानमा प्रमुख दलहरूले पहिचान र सामर्थ्यताका आधारमा राज्य पुनर्संरचना गर्ने आफैलेघोषणा गरेका तथा पहिलोसंविधानसभालेपारित गरेका पुनर्संरचनाका आधारहरूलाईउल्ट्याएका छन्। तिनीहरूलेसंविधानसभाकोनिर्वाचनमा जनताका बिच मत माग्दा पहिचान र सामर्थ्यताको आधारमा राज्यकोपुनर्संरचना गर्नेप्रतिवद्धतासहित घोषणापत्र जारी गरेका थिए। तर आफ्नोबहुमत भएपछि तीनवटैप्रमुख दलहरू मिलेर आफ्नोघोषणापत्रकोविपरीत गएर संविधान जारी गरे। योती राजनीतिक दलहरूको अनैतिकताकोपराकाष्ठा हो। जनतामाथिकोठूलोविश्वासघात र धोका हो।

जनताकोलाशमाथि टेकेर जारी भएकोयस संविधानलेपरम्परागत उदार लोकतन्त्रको मान्यतालाईआत्मसात गरेकोछ। यस दृष्टिलेहेर्दानेपालकोसंविधानमा वाक, प्रेस, सभा, सङ्गठन स्वतन्त्रता र मानव अधिकारका औपचारिक मान्यताहरू समेटिएका छन्। देशको सार्वभौमसत्ता र राजकीय सत्ता जनतामा निहित गरेकोछ। संविधानकोसर्वोच्चता, बहुलतायुक्त खुल्ला समाज, वालिग मताधिकार, आवधिक निर्वाचन, प्रतिस्पर्धात्मक बहुदलीय व्यवस्था, विधिकोशासन, कानुनी राज्य, मौलिक एवम्मानव अधिकार, शक्ति पृथकीकरण, स्वतन्त्र न्यायपालिका, प्रसे स्वतन्त्रता जस्ता परम्परागत लोकतन्त्रका मूल्य र मान्यताहरू यसलेआत्मसात गरेका छन्। तर यस संविधानलाईसङ्घवादकोमान्यता, समानुपातिक सहभागिता र समावशी लोकतन्त्रकोकसीमा घोटेर हेर्दाधेरैकमजोरीहरू रहेका छन्। योसंविधानकोनाम र प्रस्तावना समेत परिवर्तन गर्नुपर्ने भएकालेहामीले आन्दोलनका दौरान यसलाईपुनर्लेखन गर्नुपर्नेमाग गऱ्यौं। खासगरी राजतन्त्रकोअन्त्यका सन्दर्भमा गणतन्त्र र एकात्मक व्यवस्था अन्त्यका सन्दर्भमा सङ्घीयताकोआफ्नोमहत्त्व छ। तर आफूलाईलोकतान्त्रिक समाजवादी र साम्यवादी भन्नेयी दलहरूलेसंविधानकोनामकरण गर्दासङ्घीयता र गणतन्त्र दुईशव्द समेत त्यसमा राख्न चाहेनन्भनेप्रस्तावनामा सङ्घीयताकोजननीकोरूपमा रहेकोमधेस जनविद्रोह, माओवादीकोजनयुद्ध तथा आदिवासी जनजाति लगायतका आन्दोलनहरूकोउल्लेख समेत हुन सकेन।

संविधानमा राष्ट्रकोपरिभाषा पनि एकात्मक व्यवस्थाकैमान्यताअनुरूप गरी बहुराष्ट्रिय राज्यकोअवधारणालाईअस्विकार गरिएको, पहिचानसहितकोसङ्घीयताकोवदलामा प्रशासनिक सङ्घीयतालाईअपनाएको, शिल्पी समुदायलाईपहिचानसहितकोविशेष प्रदेश र क्षतिपूर्तिकोव्यवस्था नगरेको, स्वायत क्षेत्र र संरक्षित क्षेत्रसहितकोविशेष संरचनालाई राज्यकोविशेष तहकोमान्यता नदिएको, सिनेट सिद्धान्तअनुरूप राष्ट्रियसभालाईस्वायत्त प्रदेशहरूकोसङ्घकोरूपमा स्थापित नगरेको, स्थानीय तहलाईप्रदेशकोसमानान्तर तह बनाउन खोजेको, सङ्घीय राज्यकोमान्यताविपरीत अवशिष्ट अधिकार केन्द्रमा राखेको र नयाँराज्यकोसृजना र सीमा हेरफेर गर्नुपर्दासंविधानकोधारा २७४ लेसंविधान संशोधन प्रायः असम्भव बनाएकोछ। योसङ्घवादकोसिद्धान्तकोदुरूपयोग हो। त्यसरी नैयोसंविधानलेपहिल्यैप्रयोगमा आइसकेकोसमानुपातिक समावेसीकरणकोअभ्यासलाई १७ वटा समूह बनाईविकृत तुल्याइएको, समानुपातिक निर्वाचनप्रणालीबाट प्रतिनिधित्व हुनेप्रतिशत ६० बाट ४० मा झारेको, जनसङ्ख्याकोआधारमा निर्वाचन क्षेत्र निर्धारण नगरिएको, बहुभाषिक मुलुकमा नेपालमा बोलिनेसबैमातृभाषाहरू नेपाली हुनुपर्नेमा पर्वतीय-गोर्खाभाषालाईमात्र नेपाली भन्दैत्यसकोएकाधिकारलाईनिरन्तरता दिएको, मातृभाषामा शिक्षा दिनका लागि राज्य पन्छिएको, नागरिकतामा लैङ्गिक विभेद कायम राखिएको, गोर्खाभू.पु. सेना लगायत राज्यद्वारा गरिएकोसम्झौताका आधारमा विदेशमा कार्यरत नेपालीहरूकोसन्तानलाईनगरिकताकोहक खोसेको, धर्मनिरपेक्षताकोअपब्याख्या गरेकोतथा न्यायपालिकालाईपूर्णरूपलेएकात्मक बनाएकोछ। त्यसैलेनयाँसंविधान यथास्थिति र प्रतिगमनकोदस्तावेज बनेकोछ। योनेपालकोअन्तरिम संविधान- २०६३ भन्दा पछाडी फर्केकोछ। तर पनि तिनीहरूलेविश्वकैउत्कृष्ट संविधान भन्न छोडेका छैनन्। जुन संविधान जारी गरेको१३ औँदिनमा नैजारीकर्ताहरू आफैलेत्रुटिबोध गरी संविधान संशोधन प्रस्ताव दर्तागर्नवाध्य भए, तिनीहरूलेउत्कृष्टताकोजामा पहिऱ्याउनु अशोभनीय कुरा होभन्नेकुरा अव सबैका सामुउजागर भइसकेकोछ। त्यसैलेसंविधान पुनर्लेखन/संशोधन अहिलेको सङ्घर्षको मुख्य विषय बन्न पुगेको छ।

२. शान्तिपूर्णजनअवज्ञा आन्दोलन र यसका उपलब्धिहरू

नेपालकोसंविधान जारी भएपछि देशव्यापी रूपमा हाम्रोपार्टीकोनेतृत्वमा संयुक्त राष्ट्रिय आन्दोलन सुरू भयो। तराइ/मधेसमा यसलेतेस्रोमधेस जनविद्रोहकोरूप लियो। देशकैइतिहासमा पहिलोपटक सङ्घर्षकोमुख्य शक्ति विभेदमा पारीएका समुदाय र गाउँका गरिवहरू हुन पुगे। यस आन्दोलनमा महिला, आदिवासी जनजाति, खस, आर्य, शिल्पी, थारू, मुस्लिम, पिछडा वर्गआदि सबैकोसाथ रह्यो। फलस्वरूप योआन्दोलन इतिहासमैकिर्तिमान राख्दैअगाडी बढ्यो। मधेस-थरूहटमा भएकोआम हड्ताल र ११५५ किलोमिटर मेची-काली मानव साङलोकार्यक्रम यसका उदाहरणहरू हुन। मधेस-थरूहटमा भएकोयोकार्यक्रम विश्वकैरेकर्डबनेकोछ। एकैदिन लाखौंआन्दोलनकारीहरू घर घरबाट निस्के। जनताकोअवज्ञा तथा असहयोगकोकारण सरकारमाथि सङ्कट पैदा हुँदै गयो। आन्दोलनकारीहरूमाथि सरकारी दमन र नरसंहार पनि उत्कर्षमा पुग्यो। यस आन्दोलनमा सरकारलेकरिव ५ दर्जन आन्दोलनकारीहरूकोनिर्ममतापूर्वक हत्या गरे। करिव ६ महिनासम्मकोआम हडतालपछि आन्दोलनलाईराजधानी केन्द्रित गरियो। सरकारलेपनि आन्दोलनकारीहरूसगँ वार्तागर्नवार्तासमिति बनाएर अगाडी बढ्नेनिर्णय गऱ्यो। यस आन्दोलनलेएकातिर जनताकोचेतना अभिवृद्धि गऱ्योभनेअर्कोतर्फउत्कृष्ट भनिएकोसंविधान कार्यान्वयनमा जानुअगाडी नै२०७२ माघ ९ गतेसमानुपातिक समावेशीकरण तथा जनसङ्ख्याकोआधारमा निर्वाचन क्षेत्र निर्धारणको२ बुँदामा संशोधन गर्नबाध्य पाऱ्यो। योसंशोधनलेहामीलेगरेकोमाग पुरा नभए पनि जनताकोआन्दोलनको अगाडी सत्तारूढ पार्टीहरूलाईझुक्न भनेवाध्य पारेकोछ। उपरोक्त संशोधनपछि पनि आन्दोलन नरोकिएपछि के.पि. ओली नेतृत्वकोसरकार गिऱ्योर काङ्ग्रेस-माओवादी केन्द्र सत्तारूढ हुनेक्रमसँगैसंविधानकोदोस्रोसंशोधनकोपहल भयो। फलस्वरूप नेपाली काङ्ग्रेस, माओवादी केन्द्र सङ्घीय गठबन्धनबिच २०७३ श्रावण १९ गतेतीन बुँदे सहमति भयोर हामीलेआन्दोलन स्थगित गऱ्यौं।

सरकारलेदोस्रोसंशोधनकोप्रस्ताव पनि एकपक्षीय रूपमा ल्याए। हाम्रोविराधपश्चाते सरकार परिमार्जन गर्नबाध्य भयो। यस परिमार्जित प्रस्तावमा भविष्यमा देशकोसङ्घीय संरचना, प्रदेशहरूकोसङ्ख्या, सीमा र अधिकार क्षेत्र आदि विषयमा आवश्यकताअनुसार पुनरावलोकन र हेरफेरका लागि संवैधानिक रूपमा बाटोखुल्ला गर्नेहिसावलेसत्तारूढ दलहरूलेसंविधानकोधारा २७४ लाईसंशोधन गर्ने, राज्य पुनर्संरचनाका सन्दर्भमा सुझाव दिनका लागि संविधानकोधारा २८७ मा एक स्थायी सङ्घीय आयोग गठनकोव्यवस्था गर्नेर त्यसकोसिफारिसमा प्रभावित प्रदेशसँग परामर्शगरी सङ्घीय संसदलेनैप्रदेशहरूको सङ्ख्या र सीमा हेरफेर गर्नसक्नेगरी धारा २७४ लाईसंशोधन गर्नेप्रस्ताव दर्ताभएको थियो। यसलेतत्काल केही प्राप्त नभए पनि नयाँप्रदेश सृजना गर्नतथा प्रदेशहरूको सीमा एक आपसमा हेरफेर गरी मिलाउन सवैधानिक निकास दिनेथियो। भाषाको सन्दर्भमा संविधानमा नेपाली भनिएकोपर्वतीय-गोर्खाभाषालाईदिइएकोएकाधिकार र विशेषाधिकार अन्त्य हुनुपर्ने हाम्रो मागलाई सम्बोधन गर्नसरकारलेसंविधानकोधारा ७ कोउपधारा १ मा उपधारा ३ थपी भाषा आयोगकोसिफारिसमा नेपाल सरकारलेसरकारी कामकाजकोभाषा भनी निर्णय गरेका भाषाहरूलाईसंविधानकोअनुसूचीमा समाबेश गर्ने परिमार्जित प्रस्ताव ल्याएकोथियो। योव्यवस्थालेसरकारी कामकाजकोसबैभाषा अनुसूचीमा रहन्छन्। त्यसरी नैवैवाहिक नागरिकताकोसन्दर्भमा अन्तरिम संविधानकै व्यवस्थालाईपुनस्थापित गर्नेगरी संविधानकोधारा ११ (७) मा संशोधन प्रस्ताव राखेको थियो।

संविधानकोदोस्रोसंशोधन प्रस्तावमा ल्याइएकोअर्कोविषय राष्ट्रियसभाकोबनौटको सन्दर्भमा थियो। वर्तमान संविधानलेराष्ट्रियसभालाईप्रदेशहरूकोसङ्घकोरूपमा लानुको सट्टा प्रदेशहरूलाईबाइपास गर्नेढङ्गलेप्रदेशका एकाइहरूलाईसमेत निर्वाचक मण्डलमा राख्नेकाम गरे। त्यसका लागि अहिलेकोसंविधानकोधारा ३०६ (ट) मा गाउँपालिका र नगरपालिकालाईसमेत सङ्घीय एकाइकोरूपमा व्याख्या गरी संसारमा कहिँनभएको जात्रा प्रदर्शन गरेका छन्। संवैधानिक कानुनका सामान्य विद्यार्थीहरूलाईपनि थाहा हुने कुरा होसङ्घीय व्यवस्थामा प्रदेशहरू सङ्घीय एकाइ हुन्भनेस्थानीय तह भनेकोप्रदेशको एकाइ हो। यसरी गाउँपालिका तथा नगरपालिकाहरूलाईपनि सङ्घीय एकाइ भनेर ब्याख्या गर्नुकोकारण प्रदेशलाईकमजोर र पङ्गुबनाउनेयथास्थितिवादीहरूकोकुनियत हो। सरकारद्वारा प्रस्तावित दोस्रोसंशोधन प्रस्तावमा राष्ट्रियसभाकोनिर्वाचक मण्डलमा प्रदेशसभाका सदस्यहरूलाईकायम गरिएकोथियो। प्रत्येक प्रदेशबाट कम्तिमा एक जना महिला, एक जना शिल्पी (दलित), एक जना अल्पसङ्ख्यक तथा सीमान्तीकृत आदिवासी जनजाति वा अपाङ्गता भएका व्यक्तिसहित ३/३ जना समान सङ्ख्यामा २१ जना तथा बाँकी ३५ जना जातीय/सामुदायिक विविधता झल्कनेगरी सम्बन्धित प्रदेशकोजनसङ्ख्याको अनुपातमा निर्वाचित हुनेव्यवस्थाका साथै३५ जना सदस्य निर्वाचन गर्दाअनिवार्यरूपमा १२ जना महिला हुनुपर्नेव्यवस्था प्रस्तावित गरेकोथियो। योव्यवस्थालेराष्ट्रियसभालाई नेपालकोमौलिक विशेषतामा आधारित जातीय विविधता झल्किनेप्रदेशहरूकोसभामा रूपान्तरित गर्दथ्यो। यस बमोजिम संशोधन प्रस्ताव परिमार्जनसहित पारित भएकोभए भविष्यमा हालकोद्वन्द्वकोशान्तिपूर्णनिकासकोढोका खुल्नेथियो। तर एमालेकोविरोधका कारण त्यसकोपक्षमा खसेकोमतको६३ प्रतिशत वहमत भए पनि दुईतिहाईनपुगेकाले त्योप्रस्ताव अस्विकृत भयो। योएमालेकोपश्चगामी दृष्टिकोण हो। यसरी संविधान संशोधनकोयोसमग्रप्रक्रियामा नेपाली काङ्ग्रेस र नेकपा (माओवादी केन्द्रकोसकारात्मक दृष्टिकोण रहेपनि नेकपा (एमालेकोसङ्कीर्णर एकल जातीय सर्वसत्तावादी दृष्टिकोणका कारण सामान्य बन्दैगएकोपरिस्थिति विथोलिएकोछ। त्यसैलेहाम्रासामुसवैधानिक रूपमा योसंविधान संशोधन नभए पुनर्लेखनका लागि आन्दोलन गर्नुकोविकल्प छैन।

३. सङ्घीय समाजवादी फोरम, नेपाल नैकिन ?

सङ्घीय समाजवादी फोरम, नेपाल आफ्नोअलग ऐतिहासिक पृष्ठभूमिका साथ पहिचानसहितकोसङ्घीयता र समाजवादलाईआफ्नोगन्तव्य बनाईअलग अलग रूपमा कार्यरत मधेसी जनअधिकार फोरम नेपाल, सङ्घीय समाजवादी पार्टी, नेपाल र खस समावेशी राष्ट्रिय पार्टीबिच एकीकरण भईबनेकोहो। योएकीकरणलेआदिवासी जनजाति, मधेसी, खस, आर्य, शिल्पी, मुस्लिम, पिछडा वर्गलगायत सबैउत्पीडित वर्ग,क्षेत्र, लिङ्ग एवम्समुदायहरूलेसदियौंदेखि चलाइ आएकोमुक्ति आन्दोलनकोभरपर्दोकेन्द्रनिर्माण भएकोछ। यसलेनेपाली समाजकोआधारभूत समस्याकोरूपमा रहेकोसामन्तवाद सँगसँगैवर्णव्यवस्थामा आधारित एकल जातीय राज्यकोअन्त्य गरी नेपाललाईबहुराष्ट्रियतामा आधारित सङ्घीय राज्यमा रूपान्तरित गर्नेर नयाँआधारमा राष्ट्रिय एकताकोप्रवर्द्धन गर्नेनयाँवैकल्पिक राजनीतिक शक्ति निर्माण भएकोछ। यसलेदेशमा श्रमजीवि वर्गर उत्पीडित समुदायकोप्रतिनिधित्व गर्नेनयाँढङ्गकोराष्ट्रिय पार्टीकोआवश्यकता पुरा गरेकोछ। योपुराना पार्टीहरू जस्तोएकल जातीय नेतृत्व र वर्चस्व भएकोहोइन, राष्ट्रिय चरित्रको, समानुपातिक समावेशी र लोकतान्त्रिक ढङ्गलेचल्नेपार्टीहो। यसकोउद्देश्य देशमा विद्यमान बर्गीय, जातीय, क्षेत्रीय, लिङ्गीय विभेद र उत्पीडनकोअन्त्य गरी न्याय, समानता र समृद्ध नेपाली समाजकोनिर्माण गर्नुहो। सङ्क्षेपमा सङ्घीय समाजवादी फोरम, नेपाल आवश्यकताका कारणहरू यसप्रकार छन् :

वर्तमान यथास्थितिवादी तथा विभेदकारी संविधान पुनर्लेखन/संशोधन गर्न।

जनताकोस्वतन्त्रता, समानता र भातृत्वकोउच्चतम अभ्यास गर्दैसङ्घीय लोकतान्त्रिक गणतन्त्रकोसंस्थागत विकास गर्न।

पहिचानसहितकोसङ्घीयता, समानुपातिक समावेशीकरण र समतामूलक समृद्धिको जनआकाङ्क्षालाईसाकार पार्न।

देशमा विद्यमान विकृति, विसङ्गती, भ्रष्टाचार, असुरक्षा र अव्यवस्थाकोअन्त्य गरी मानिसकोजन्मसिद्ध खाने, लाउने, बस्ने, शिक्षा, स्वास्थ्य, रोजगारी जस्ता सम्पूर्ण मौलिक हकहरू प्रदान गर्नतथा सामाजिक न्याय, सुशासन र जनमुखी प्रशासन दिन।

नेपालमा बहुमतकोसरकार र अल्पमतकोविपक्षकोपरम्परागत लोकतन्त्रकोमान्यता असफल भइसकेकोपरिप्रेक्ष्यमा समावेशी लोकतन्त्रकोविकास र राजनीतिक स्थायित्व कायम गर्न।

सरकारलाईस्थायीत्व दिन सङ्घमा प्रत्यक्ष निर्वाचित राष्ट्रपतिका साथैसबैतहमा कार्यकारी प्रमुख प्रत्यक्ष निर्वाचित हुनेव्यवस्था गर्न।

आदिवासी जनजातिहरूकोहीत रक्षाका लागि राज्यकोविशेष संरचनाका रूपमा स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र तथा गैरभौगोलिक विशेष क्षेत्रकोव्यवस्था गराउन तथा शिल्पी/दलित समुदायकोसम्मानजनक पहिचान स्थापित गराउन।

प्रदेशहरूकोभौतिक पूर्वाधार विकासका लागि निश्चित मापदण्डकोआधारमा देशको कूल बजेटकोन्युनतम ५० प्रतिशत विनियोजन गर्न।

भुकम्पलेप्रभावित गाउँपालिका तथा नगरपालिकाहरूमा भौतिक पुनर्निर्माणमा लगानीका साथैमौलिक स्वरूपमा निर्माण गर्नेघरहरूलाईविशेष अनुदान र एकीकृत वस्ती विकासमा प्रोत्साहित गर्न।

प्राथमिक क्षेत्र देखि उच्च शिक्षासम्म मातृभाषा शिक्षामा जोड दिनुका साथैसरकारी कामकाजमा नेपाली भाषा (पर्वतीय-गोर्खाकोसाथसाथैमैथली, भोजपुरी, थारू, मगर, तामाङ, नेपालभाषा, राई, गुरूङ, अवधी, लिम्बू, शेर्पा, डोटेल, सिँजाली भाषाहरूलाई पनि प्रयोग गर्नेव्यवस्था गर्न।

सांस्कृतिक वहुलता र जनताकोधार्मिक स्वतन्त्रताकोरक्षा गर्दैधर्मनिरपेक्ष राज्यको सृजना गर्न।

मुलुककोसामाजिक सद्भाव विथोल्नेजातिवादी र रङ्गभेदी नीतिकोसाथैवर्गीय, जातीय, क्षेत्रीय, लिङ्गीय लगायत सबैखाले उत्पीडनको अन्त्य गर्न।

नेपाली जनताले२०६२/६३ सालकोजनक्रान्ति, १० बर्षेजनयुद्ध, मधेस जनविद्रोह, आदिवासी जनजाति, खस, शिल्पी लगायत उत्पीडित राष्ट्रियताहरूकोआन्दोलनबाट पाप्त उपलब्धिहरूकोरक्षा गर्न।

नेपालका आदिवासी जनजाति, मधेसी, खस, आर्य, शिल्पी, पिछडा वर्ग, मुश्लिम लगायत सबैजात-जाति, जनजाति तथा भाषा-भाषीहरूकोएकताकोप्रवर्द्धन तथा बाह्य हस्तक्षेपकोप्रतिरोध गर्दैराष्ट्रिय एकताकोरक्षा र संवर्द्धन गर्न।

देशमा समाजवाद उन्मुख सामाजिक आर्थिक कार्यक्रमहरू कार्यान्वयन गरी विद्यमान आर्थिक असमानता र वर्गीय विभेद समाप्त गर्न।

नेपालमा सामन्ती राज्य विस्तारकैबेलादेखि कायम रहेकोएकल जातीय राज्यको ढाँचामा परिवर्तन गरी जातीय साझेदारी, सहअस्तित्व र सामाजिक सद्भावकोअभिवृद्धि गर्न।

महिला तथा यौनिक अल्पसङ्ख्यकहरूलाईराज्यका सबैअङ्गहरूमा समान अधिकारका साथैजेष्ठ नागरीक, एकल महिला तथा फरक क्षमता भएका व्यक्तिहरूलाईसंरक्षणको विशेष व्यवस्था गर्न।

युवाहरूका लागि खेलकुद मैदान तथा कभर्डहलहरू निर्माण तथा बालबालिकाहरूका लागि मनोरञ्जन गृह तथा पार्कसञ्चालन गर्न।

२०६२/६३ सालको शान्तिपूर्ण जनक्रान्तिको भावनाअनुरूप सामाजिक आर्थिक रूपान्तरण गर्दै मुलुकलाई एक्काइसौं शताब्दीको समृद्ध समाजवादी मुलुक बनाउन।

४. सङ्घीय समाजवाद र राज्यकोपुनर्संरचना

सङ्घीय समाजवाद नेपाली समाज परिवर्तनकोमौलिक सिद्धान्त हो। नेपालमा नेपाली काङ्ग्रेस र कम्युनिष्ट पार्टीहरूले समाजवाद निर्माणलाईआफ्नोगन्तव्यकोरूपमा राखे पनि



आफूसत्तारूढ हुँदा कहिलेपनि समाजवादी कार्यदिशा अवलम्बन गरेनन्। उनीहरूले युरोपका राष्ट्र-राज्यमा विकास भएकोसमाजवादकोमोडेललाईनैआम रूपमा पक्षपोषण गर्नेकाम गरे, जसकोकारणलेनेपालको बहुराष्ट्रिय चरित्रअनुरूपकोराज्यकोढाँचा बनाउन उनीहरूकोध्यान गएन। त्यसैलेयी दुबैधारलेनेपालमा एकात्मक, केन्द्रिकृत, असमावेशी रअसमानुपातिक नीति लिए। यी पार्टीहरू राष्ट्रिय भनिए पनि काममा एकल जातीय पार्टीभए। २०६२/६३ सालको शान्तिपूर्ण जनक्रान्ति पश्चात्यी पार्टीहरूले जनदवावका कारण सङ्घीय शासनलाई अङ्गीकार गर्नबाध्य भए। तर यी पार्टीहरूलेमार्गदर्शक मानेका लोकतान्त्रिक समाजवाद र जनताकोवहुदलीय जनवाद दुबैमौलिक रूपमा एकात्मक शासनप्रणालीमा आधारित छन्। त्यसैलेती पार्टीहरूकोगन्तव्य बहुराष्ट्रिय सङ्घीय राज्य हुन सकेन। यी दलहरूलेत्यसलाईसही अर्थमा ग्रहण गर्नेभन्दा त्यसको आधारभूत सिद्धान्तकोअपव्याख्या र विकृत रूपमा प्रस्तुत गर्नेगरेका छन्। त्यसैलेहामीले समाजवादी आन्दोलनकोनयाँधारकोरूपमा नेपालमा नेपालकैविशिष्ट स्थितिमा आधारित सङ्घीय समाजवादी धार सृजना गरेका छौं।

सङ्घीय समाजवादलेसङ्घीय व्यवस्थालाई राज्यकोसंरचनाको रूपमा मात्र नभई संवैधानिक रूपमा देशकोसार्वभौमसत्ता, राजकीय शक्ति र शासनाधिकार केन्द्रर प्रदेशमा बाँडफाँट भएकोव्यवस्थाकोरूपमा लिएकोछ। यस मान्यताअनुसार सङ्घीयतामा त्यसका एकाइहरूलेकेन्द्रबाट निक्षेपित वा विकेन्द्रित अधिकार नभईसंविधानद्वारा निसृत अधिकार प्रयोग गर्दछ। यसकोआधारभूत पक्ष भनेकोदेशकोराजकीय शक्ति र शासनाधिकार एकात्मक राज्यमा जस्तोएउटैकेन्द्रमा रहनेनभईसंवैधानिक रूपलेनैकेन्द्रर प्रदेशहरूमा बाँडफाँट हुनुहो। त्यसैलेयसलाईअकेन्द्रीकरण मान्यता भन्नेगरिन्छ। नेपालमा अहिले सङ्घवादकोयोमान्यतालाईखण्डीत गरी सार्वभौमसत्ता केन्द्रमा मात्रैनिहित गरेको छ। प्रदेशहरूलाईअत्यन्तैकमजोर बनाइएकोछ। सामर्थ्यताकोनाममा भूगोल मात्र बाँडफाँट गरी प्राय सबैस्रोत साधन केन्द्रकोअधिनमा राखेकोछ। राष्ट्रिय पहिचानलाई बेवास्ता गरी प्रशासनिक सङ्घीयता आत्मसात गरेकोछ। यसलेमुलुककोसमस्या समाधान गर्दैन तर बोझ भनेथप्दछ। त्यसैलेहाम्रोपार्टीप्रशासनिक सङ्घीयताको विकल्पमा पहिचानसहितकोसङ्घीयताकोढाँचामा पुनः राज्यकोपुनर्संरचना गर्नेसङ्कल्प प्रस्तुत गर्दछ।

सङ्घीय समाजवादी व्यवस्थामा सङ्घीय राज्यकोनिर्माण प्रतिस्पर्धात्मक सङ्घीयताको मान्यताअनुरूप नभईसहकारी सङ्घीयताकोमान्यताअनुरूप गरिनेछ। यस व्यवस्थामा केन्द्रमा साझा राज्य र पदेशहरूमा स्वायत्त राज्य हुनेछ। दुबैतहमा विधायिकी, कार्यकारी रन्यायिक अधिकार निहित हुनेछ। यस्तोसङ्घीयतामा केन्द्रलेआर्थिक समानीकरणको नीतिअनुरूप वित्तिय सन्तुलन कायम गर्नेभएकालेपहिचानमा आधारित प्रत्येक समुदायले समान रूपमा स्वायत्तता र स्वशासन उपभोग गर्नसक्दछन्। त्यसैलेसहकारी सङ्घीयतामा सङ्घीय एकाइ निर्माण गर्दापहिचानलाईप्राथमिक आधार र सामर्थ्यतालाईद्वितीय आधारको रूपमा लिएकोहो। यसका निम्ति संविधानसभाकोराज्य पुनर्संरचना तथा राज्यशक्ति बाँडफाँट समिति र उच्चस्तरीय सुझाव आयोगकोप्रस्तावलाईपरिमार्जनसहित कार्यान्वयन गरिनेछ। उत्पीडित राष्ट्रियताहरूलाईऐतिहासिक पृष्ठभूमि तथा वर्तमान जनसाङ्ख्यिक तथा भौगोलिक निरन्तरताकोआधारमा पहिचानयुक्त प्रदेशहरू निर्माण गरिनेछ। प्रदेशहरूकोसीमाङ्कन गर्दाजातीय/समुदायगत सघनता र वाहुल्यता, जनसाङ्ख्यिक निरन्तरता, भाषिक एकरूपता, ऐतिहासिकता र भौगोलिक निरन्तरतालाईआधारकोरूपमा लिइने छ। यसअनुसार सङ्घीय गणतन्त्र नेपाल अखण्ड, अविभाज्य र सार्वभौमसत्ता सम्पन्न बहुराष्ट्रिय राज्य हुनेछ। प्रदेशहरू सङ्घकोएकाइ तथा स्थानीय तह प्रदेशको एकाइकोरूपमा रहनेव्यवस्था गरिनेछ। उपरोक्त नीति अन्तर्गत वर्तमान ७ प्रदेशको सङ्घीय संरचनालाईखारेज गरी पहिचानकोआधारमा निम्न प्रदेशहरू तथा विशेष संरचनाहरू निर्माण गरिनेछ।

प्रदेश:

१. लिम्बुवान २. किरात ३. मधेस ४. ताम्सालिङ ५. शेर्पा६. नेवाः ७. तमुवान ८. मगरात ९. खसान १०. थरूहट ११. गैर भोगोलिक शिल्पी विशेष प्रदेश।

विशेष संरचना:

विशेष संरचनाहरू राज्यकोविशेष तह हुनेछन्। वर्तमान संविधानमा विशेष संरचनाको कुनैस्पष्ट परिभाषा नगरी धारा ५६ (५)मा स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र र विशेष क्षेत्र हुने भनेर उल्लेख गरेकोछ भनेअनुसूची ५ को१७ नम्वरमा सङ्घकोअधिकार सूचीभित्र अमूर्तरूपमा विशेष संरचनालाईराखेकोछ। नेपालका शासकहरूलेदेशकोराज्यसत्तामा आफ्नोवर्चश्व कायम राख्न त्यसलाईपनि कार्यान्वयन नगरी समाप्त गर्नेखेल खेलिरहेका छन्। त्यसकोपहिलोपाइला स्वरूप के. पि. ओली नेतृत्वकोसरकारलेविशेष संरचनाहरूलाई स्थानीय तहमा सीमित गर्नेषडयन्त्र गरे। त्यसका लागि पूर्वसचिव वालानन्द शर्माको संयोजकत्वमा गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्र (विशेष संरचना)कोसङ्ख्या तथा सीमाना निर्धारण आयोग गठन गर्दाआयोगलाईदिएकोक्षेत्राधिकार तथा कार्यनिर्देश शर्त( टि.ओ.आर.)मा संविधानकोधारा ५६(५) र धारा २९५(३) मा भएको व्यवस्थाविपरीत विशेष संरचनाहरूलाईप्रदेश अन्तर्गत नराखी जिल्लाभित्र कुण्ठित गरे। आयोगलेत्यसलाईपनि कार्यान्वयन गरेन। त्यसलेआफूलाईदिएको५ वटा काम मध्ये स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र र विशेष क्षेत्रकोसङ्ख्या तथा सीमाना निर्धारण नगरी प्रतिवेदन बुझाए। पुष्पकमल दाहाल नेतृत्वकोसरकार त्यहि पतिवेदन्न कार्यान्वयन गरेर ओलीपथका अनुयायी बने। जसरी ७ प्रदेशकोखाका कोर्दापहिचानयुक्त प्रदेशहरू समाप्त गरेत्यसरी नैवालानन्द आयोगलेस्वायत्त क्षेत्र, संरक्षित क्षेत्र र विशेष क्षेत्र समाप्त गरेकोछ। यो सङ्घीयता विरूद्धकोषडयन्त्रकोपराकाष्ठा हो। हाम्रोपार्टीपहिलोसंविधानसभाको आदिवासी जनजातिहरूकोसभासदसभा (ककस)कोप्रस्ताव तथा राज्य पुनर्संरचना तथा राज्यशक्ति बाँडफाँट समिति र उच्चस्तरीय सुझाव आयोगकोमान्यताअनुरूप निम्नानसारू विधायिकी, कार्यकारी र न्यायिक अधिकार प्राप्त स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र र गैरभौगोलिक विशेष क्षेत्र निर्माण गर्नकटिवद्ध छ। आवश्यकतानुसार यसलाईपरिमार्जन गरी कायांन्वयन गरिने छ।

स्वायत्त क्षेत्र:

१. वालुङ स्वायत्त क्षेत्र २. तोक्पेगोला स्वायत्त क्षेत्र ३. याक्खा स्वायत्त क्षेत्र ४. लेप्चा स्वायत्त क्षेत्र ५. राजवंसी स्वायत्त क्षेत्र ६. सन्थाल स्वायत्त क्षेत्र ७. किसान स्वायत्त क्षेत्र ८. धिमाल स्वायत्त क्षेत्र ९. उराँव झागड स्वायत्त क्षेत्र १०. ताजपुरीय स्वायत्त क्षेत्र ११. गन्गाईस्वायत्त क्षेत्र १२. बोटेस्वायत्त क्षेत्र १३. दनुवार स्वायत्त क्षेत्र १४. सिङसा स्वायत्त क्षेत्र १५. सुनुवार स्वायत्त क्षेत्र १६. हायुस्वायत्त क्षेत्र १७. जिरेल स्वायत्त क्षेत्र १८. थामी स्वायत्त क्षेत्र १९. ह्योल्मोस्वायत्त क्षेत्र २०. चेपाङ स्वायत्त क्षेत्र २१. लार्केस्वायत्त क्षेत्र २२. सियार स्वायत्त क्षेत्र २३. बराम स्वायत्त क्षेत्र २४. पहरी स्वायत्त क्षेत्र २५. बाह्रगाउले स्वायत्त क्षेत्र २६. ल्होपा स्वायत्त क्षेत्र २७. थकाली स्वायत्त क्षेत्र २८. छन्त्याल स्वायत्त क्षेत्र २९. डोल्पोस्वायत्त क्षेत्र ३०. ब्यासी स्वायत्त क्षेत्र ३१. भोटेस्वायत्त क्षेत्र ३२. राजी स्वायत्त क्षेत्र।

संरक्षित क्षेत्र:

१. सुरेल संरक्षित क्षेत्र २. थुदाम संरक्षित क्षेत्र ३. मेचेसंरक्षित क्षेत्र ४. राउटेसंरक्षित क्षेत्र ५. कुछवाडिया संरक्षित क्षेत्र ६. दराइ संरक्षित क्षेत्र ७. मार्फाली थकाली संरक्षित क्षेत्र ८. दुरा संरक्षित क्षेत्र ९. मुगाली संरक्षित क्षेत्र १०. ताङ्बेसंरक्षित क्षेत्र ११. तिनगाउँले संरक्षित क्षेत्र १२. कुसुन्डा संरक्षित क्षेत्र १३. वनकरिया संरक्षित क्षेत्र।

विशेष क्षेत्र:

१ कुमाल २ माझी ३ भुजेल ४ धानुक।

उपरोक्त बमोजिमकोस्वायत्त प्रदेश/विशेष प्रदेश, स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र र विशेष क्षेत्र भएकोसङ्घीय शासनसहितकोनेपाली विशेषतायुक्त समाजवाद नैसङ्घीय समाजवाद हो। सङ्घीय समाजवादमा हामीलेसङ्घीयतालाईविभेद मुक्तिकोआधारकोरूपमा र समाजवादलाईसमतामूलक समृद्धिकोआधारकोरूपमा लिएका छौं। विश्वका अनुभवहरूलाई हेर्दापुँजीवादी सङ्घीयतालेजातीय समस्या र वर्गीय समस्यालाईएक साथ हल गर्नसकेको छैन। सङ्घीय शासनलेजातीय, भाषिक र क्षेत्रीय स्वशासन र स्वायत्तताकोप्रत्याभूति दिन्छ। यसलेजनताकोनिकट सत्ता पुऱ्याएर आफ्नोस्थानीय स्रोत साधनहरूकोअधिकतम प्रयोगकोअवसर प्रदान गर्दछ र विकासकोलहर सृजना गर्दछ। तर पुँजीवादी सङ्घीयताले विकास सँगसँगैधनी र गरिवबिच ठूलोखाडल सृजना गरी वर्गीय विभेदलाईवढाउँछ। त्यसैलेहामी समाजवादी सङ्घीयताकोपक्षमा उभिएका छौंर सङ्घीय शासनप्रणालीमा आधारित समाजवादलाईआफ्नोमौलिक बाटोकोरूपमा ग्रहण गरेका छौं। नेपालको समाजवादी व्यवस्था नेपालकैसामाजिक आर्थिक संरचनामा आधारित हुनुपर्दछ। वर्तमान युगमा नेपालकोसमाजवाद उत्पादनका साधनहरूमाथि स्वामित्वका विविध रूपहरूमा आधारित हुनुपर्दछ। यस अन्तर्गत राजकीय/सार्वजनिक, सामुदायिक/सहकारी तथा निजी स्वामित्वकोमिश्रित अर्थनीति अवलम्बन गरिनेछ। सार्वजनिक-निजी साझेदारीकोनीतिलाई विकासकोमेरूदण्डकोरूपमा बढावा दिइनेछ। सङ्घीय समाजवादमा देशकोउत्पादकत्वको वृद्धि र त्यसकोसमन्यायिक वितरणलाईप्रभावकारी बनाइनेछ। यसलेसङ्घीय समाजवादी व्यवस्थालाईसमतामूलक समृद्धि र सुशासनकोदिशामा लानेछ।

हाम्रोपार्टीकोतात्कालिक लक्ष्य सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाईसंस्थागत गर्नु होभनेदिर्घकालीन लक्ष्य सङ्घीय समाजवादी व्यवस्था स्थापना गर्नुहो। यस व्यवस्थामा लोकतन्त्रका साश्वत मूल्य र मान्यताहरू सबैआत्मसात गरिनेछन्। सङ्घीय समाजवादले राजनीतिक क्षेत्रमा जनताकोसर्वोच्चता, बहुलतायुक्त खुल्ला समाज, वालिग मताधिकार, आवधिक निर्वाचन, प्रतिस्पर्धात्मक बहुदलीय व्यवस्था, समानुपातिक निर्वाचनप्रणाली, संवैधानिक तथा कानुनी राज्य, मौलिक एवम्मानव अधिकार, शक्ति पृथकीकरण, स्वतन्त्र न्यायपालिका, प्रेस स्वतन्त्रता, आत्मनिर्णयकोअधिकार जस्ता लोकतान्त्रिक मूल्य र मान्यताहरू सबैआत्मसात गर्नेछ। त्यसकोअलावा यस कार्यक्रमका थप विशेषताहरू निम्नानुसार छन्:

१. सङ्घीय शासन :

उत्पीडित राष्ट्रियताहरूमाथिकोयुगौंखिकोशोषण र शाासन अन्त्य गरी तिनीहरूलाई देशमा साझा शासन र स्वशासनकोप्रत्याभूति गर्नसङ्घीय शासन व्यवस्था अपनाइने छ। देशकोविधायिकी, कार्यकारी र न्यायिक अधिकार संवैधानिक रूपमैसङ्घ र प्रदेश तथा विशेष संरचनाहरू (स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र र गैर भौगोलिक विशेष क्षेत्र)मा बाँडफाँट गरिनेछ। सङ्घ र प्रदेशबिच सहकार्यात्मक रूपमा कार्यसम्पादन गर्नेसमानान्तर व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका हुनेछन्। प्रदेश मातहत स्थानीय तहहरू हुनेछन्। प्रदेशलाईअवशिष्ट अधिकार तथा अल्पसङ्ख्यक समुदायहरूलाईनिषेधाधिकार (भिटोकोअधिकार)दिइनेछ।

२. समाजवादी व्यवस्था :

सङ्घीय शासन सँगसँगैदेशमा समतामूलक समृद्धिका लागि समजवादी अर्थ-राजनीतिक दिशा अवलम्बन गरिनेछ। यस व्यवस्थामा वर्तमान क्रान्तिका उपलब्धिहरूलाईसंस्थागत गर्दैचरणवद्ध रूपमा समाजवादकोनिर्माण गरिनेछ। सङ्घीय समाजवाद राज्य नियन्त्रित समाजवाद नभईउत्पादनका साधनहरू सामाजिकीकरण भएकोसमुदाय वा समाज केन्द्रित समाजवाद हो। वर्तमान परिस्थितिमा नेपालकोसमाजवादमा राजकीय/सार्वजनिक, सहकारी/सामुदायिक र निजी स्वरूप भएकोमिश्रित स्वामित्वप्रणाली हुनेछ। राष्ट्रिय औद्योगिक पुँजीवादकोजग निर्माण गर्दैसमाजवादमा पुग्नेहाम्रोरणनीतिक बाटोहुने छ। अहिलेकोपरिस्थितिमा बजार र योजनाबद्ध विकासकोसमन्वय हुनेसमाजवाद उन्मुख नीति लिइनेछ।

३. समावेशी लोकतन्त्र :

बहुराष्ट्रिय मुलुकमा विभिन्न राष्ट्रियताका जनताकोसहभागितामूलक लोकितान्त्रिक विधी अपनाउनका लागि समावेशी लोकतन्त्रकोआवश्यकता छ। समावेशी लोकतन्त्रमा सबैसमुदायहरूलाईराजनीतिकोमूल प्रवाहमा समाहित गरिनेछ। यस्तोलोकतन्त्र परम्परागत लोकतन्त्रमा जस्तोबहुमत वा बहुसङ्ख्यक समुदायकोमात्र नभएर अल्पमत, अल्पसङ्ख्यक, लोपोन्मुख र सीमान्तकृत समुदायहरूकोसमेत समावेशीकरण र प्रतिनिधित्व हुनेछ। तिनीहरूलाईदेशकोराजकीय तथा सार्वजनिक मामलामा सहभागिता तथा प्रतिनिधित्वकोमाध्यमबाट समान अधिकार दिइनेछ।

४. राष्ट्रिय पहिचान :

नेपालमा गोर्खाराज्य विस्तारकोप्रकृयाबाट आधुनिक नेपाल निर्माण भएदेख नैविभिन्न राष्ट्रियताहरूकोपहिचान सङ्कटमा परेकोछ। यहाँका शासकहरूलेतथाकथित राष्ट्र-राज्यका नाममा आफ्नोजातीय राष्ट्रवादलाईनैदेशकोराष्ट्रवाद ठान्नेगल्ती गरेका छन्। त्यस्तो समुदाय जसकोआफ्नोअलग ऐतिहासिक मानव भूगोल, साझा भाषा, साझा संस्कृति, साझा आर्थिक जीवन र साझा मनोभावना छ, तिनीहरू सबैनेपालका सन्दर्भमा अलग राष्ट्रियता हुन्। आदिवासी जनजातिहरू, मधेसी, थारू, खस, आर्य, शिल्पी, मुस्लिम आदि सबैनेपालका राष्ट्रियताहरू हुन्। राष्ट्रिय पहिचानसहितकोसङ्घीयतामा नेपालमा ती सबैसमुदायहरूकोपहिचानसहितकोप्रदेश वा विशेष संरचना निर्माण गरिनेछ।

५. समानुपातिक समावेशीकरण :

सङ्घीय समाजवादी व्यवस्थामा नेपालका सबैसमुदायहरूलाईनीति निर्माण र कार्यान्वयनमा समानुपातिक प्रतिनिधित्वकोहक प्रदान गरिनेछ। यस नीतिअनुसार आदिवासी जनजाति, मधेसी, थारू, खस, आर्य, शिल्पी/दलित, मुस्लिम लगायतका सबै जाति/समुदायहरूलाईजनसङ्ख्याकोअनुपातमा राज्यका सबैअङ्ग, तह र निकायहरूमा प्रतिनिधित्वकोव्यवस्था गरिनेछ। ती समूहहरूकोप्रतिनिधित्व गराउँदा महिला, फरक क्षमता भएका समूह, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समूहलाईसम्बन्धित क्लष्टरमा समावेशी गर्नेव्यवस्था गरिनेछ। न्युन जनसङ्ख्या भएका अल्पसङ्ख्यकहरूकोअधिकार सुनिश्चित गर्नराज्यका विभिन्न अङ्गमा आरक्षण र कोटाप्रणालीकोमाध्यमलेसमावेशी बनाइनेछ।

६. स्वशासन तथा स्वायत्तता :

सङ्घीय समाजवादमा जातीय, भाषिक र क्षेत्रीय स्वायत्ततामा आधारित पहिचानसहितको सङ्घीय प्रदेश तथा विशेष संरचनाहरू निर्माण हुनेछन्। तिनीहरूलाईआफ्नोलागि आफैलेशासन गर्नेवा सरकार सञ्चालन गर्नेतथा राजकीय तथा सार्वजनिक मामलाहरूमा बाह्य नियन्त्रण वा हस्तक्षेपबिना आफूसँग सम्बन्धित विषयहरूमा आफैलेनिर्णय गर्नेर कार्यान्वयन गर्ने अधिकार हुनेछ। यस्ता संरचनाहरूलाईआफ्नोआधारभूत कानुन आफै बनाउने, संशोधन गर्ने, खारेज गर्ने, त्यसलाईआफ्नोक्षेत्राधिकारभित्र कार्यान्वयन गर्ने, मानवीय तथा प्राकृतिक स्रोत साधनहरू परिचालन गर्ने, विकास निर्माण गर्नेलगायतका अधिकारहरू हुनेछन्। संयुक्त राष्ट्रसङ्घकोनीतिअनुरूप आत्मनिर्णयकोअधिकार र अन्तर्राष्ट्रिय श्रम सङ्गठनकोअभिसन्धि नं. १६९ अनुरूप भूमिमाथि अग्राधिकार प्रदान गरिनेछ।

९. बहुलतायुक्त राष्ट्रवाद र राष्ट्रिय एकता :

नेपाली समाज बहुलतायुक्त समाज भएकालेयहाँकोराष्ट्रवाद पनि नेपालका सबै राष्ट्रियताका जनताका साझा सङ्कल्प हुनुपर्दछ र एकथरी जनता राष्ट्रवादी र अर्कोथरी अराष्ट्रिय हुनेराष्ट्रवादलेदेशलाईभावनात्मक एकतामा डोहऱ्याउन सक्दैन। आफ्नो ऐतिहासिक पृष्ठभूमि, भाषा, संस्कृति र पहिचानकोरक्षा र सम्वर्द्धन गर्नेसङकल्पबाट मात्र राष्ट्रियता सुदृढ बन्न सक्दछ। राष्ट्रवाद जनतालाईविभाजित गर्नेर समुदाय-समुदायकाबिच विभेद सिर्जना गर्नेघृणा र उन्मादकोनकारात्मक अवधारणामा आधारित हुनुहुँदैन। यो अत्यन्त हानिकारक र विभाजनकारी विचार हो। सङ्घीय समाजवादी व्यवस्थामा देशभित्रका विभिन्न राष्ट्रियताहरूकोपहिचान र सहअस्तित्वलाईसमेट्नेछ। नेपालका सबै राष्ट्रियताहरूकोएकता नैनेपालकोराष्ट्रिय एकता होभन्नेधारणालाईमजवुत बनाई बहुलतायुक्त राष्ट्रवादकोविकास गरिनेछ।

६. प्रतिनिधी सभा र प्रदेशसभा सङ्घर्षको थलो हाम्रो पार्टीले नेपालको संविधानलाईयथास्थिति र प्रतिगमनको दस्तावेजको रूपमा लिएकोछ। त्यसैलेहामीलेयसकोपुनर्लेखन/संशोधनका लागि आन्दोलन गरेका थियौं। यस प्रतिनिधिसभा तथा प्रदेशसभाकोनिर्वाचन हामीलेत्यहि कामका लागि उपयोग गर्ने दृष्टिकोण लिएका छौं। त्यसैलेप्रतिनिधिसभा तथा प्रदेशसभा श्रमजीवि वर्गर उत्पीडित समुदायको अधिकारका लागि सङ्घर्षको थलोहो। हामीलेयस निर्वाचनलाईपनि सङ्घर्षको रूपमा उपयोग गर्नुपर्दछ र यथास्थितिबादी र पहिचान बिरोधीहरूमाथि प्रहारकोनिशाना केन्द्रित गर्नुपर्छ। यस निर्वाचनमा योप्रवृत्तिकोप्रमुख प्रतिनिधि पार्टीहरू नेपाली काङ्ग्रेस र नेकपा (एमाले हुन्।

नेपाली काङ्ग्रेस सैद्धान्तिक रूपमा लोकतन्त्रिक समाजवादी भए पनि राजनीतिक रूपमा यथास्थितिवादी रहेकोछ भनेनेकपा (एमाले नाममा कम्युनिष्ट भए पनि राजनीतिक रूपमा यथास्थितिवादी नैरहेकोछ। यी पार्टीहरूकोदक्षिणपन्थी चिन्तन र व्यवहार नै संविधानसभाबाट अग्रगामी संविधान नबन्नुकोकारक हो। वर्तमान निर्वाचनमा नेपाली काङ्ग्रेसलेपुनर्उत्थानवादी शक्तिकोरूपमा रहेकोराष्ट्रिय प्रजातन्त्र पार्टीर राष्ट्रिय प्रजातन्त्र पार्टी(प्रजातान्त्रिक)सँग समेत सरकार निर्माण र निर्वाचनमा गठबन्धन गर्नपुगेकोछ। राप्रपा सङ्घीयता, गणतन्त्र र धर्मनिरपेक्षता विरोधी रहेकोछ भनेराप्रपा ( प्रजातान्त्रिक) सङ्घीयता र गणतन्त्रकोपक्षमा रहेपनि धर्मनिरपेक्षताकोसन्दर्भमा प्रतिगामी रहेको छ। यी दुबैपार्टीअहिलेकमजोर अवस्थामा छन्। ती दलहरूसँग गठबन्धन गरेपनि नेपाली काङ्ग्रेस संविधान संशोधनकोमुद्दाहरूमा भनेसकारात्मक रहेकोछ र संविधान संशोधनकोमाध्यमबाट संविधानलाईअधिकतम स्वीकार्यबनाउनेर नयाँप्रदेशकोसृजना, प्रदेशकोसीमा हेरफेर लगायतका मुद्दाहरूमा लोकतान्त्रिक ढङ्गलेनिकास दिनेपक्षमा रहेको छ। यस मामलामा नेपाली काङ्ग्रेस एमालेभन्दा प्रगतिशील रहेकोछ। अर्कोतर्फ आफूलाईसाम्यवादी र समताकोपक्षपाती भन्नेनेकपा ( एमालेभनेउत्पीडित राष्ट्रियताहरूको पहिचान र संविधान संशोधनकोमुद्दामा काङ्ग्रेस पार्टीलेजति पनि प्रगतिशील दृष्टिकोण राख्नसकेकोछैन। यस पार्टीलेपनि सङ्घीयता, गणतन्त्र र धर्मनिरपेक्षता विरोधी राप्रपासँग तालमेल गरेका छन्। योएमालकोपहिचानसहितकोसङ्घीयता विरोधी नीतिकोपरिणाम हो।

नेकपा (माओवादी केन्द्रलेविगतमा संविधान संशोधनकोमुद्दामा यी दुबैपार्टीभन्दा अग्रगामी सोच राख्दथ्यो। तर यस निर्वाचनसम्म आइपुग्दा योपार्टीएमालेकोसहयोगी पार्टीकोरूपमा निर्वाचनमा सहभागी हुन पुगेकोछ। यी दुईदलकोरणनीतिक लक्ष्य मिले पनि तात्कालिक मुद्दाहरूमा विगतमा विपरीत दिशामा उभिँदैआएका थिए। हाल एमाले नेतृत्वकोकम्युनिष्ट गठबन्धनमा सामेल भएसँगैयस पार्टीलेआफ्नोधेरैदृष्टिकोणहरूलाई तिलाञ्जली दिएकोछ। यस निर्वाचनमा भाग लिइरहेकोअर्कोपार्टीराष्ट्रिय जनता पार्टीले पनि संविधान संशोधनकोमुद्दालाईमुख्य मुद्दाकोरूपमा उठाएकोछ। सुधारवादी शक्तिका रूपमा रहेकोयोपार्टीका पूर्वघटकहरूसँग हाम्रोपार्टीलेआन्दोलनमा लामो सहकार्यगरेकोछ। विगतमा उनीहरूकोभूमिका जनसङ्घर्षमा भन्दा सत्ता प्राप्तिमा बढी केन्द्रित रहेकोथियो। हाल हाम्रोपार्टीलेयस पार्टीसँग २ नम्वर प्रदेशमा सिट तालमेल गरी निर्वाचन लडेकोछ। यसले२ नम्वर प्रदेशमा हाम्रोसरकार बन्नेसम्भावनालाई निकट ल्याएकोछ। त्यसरी नैकतिपय ठाउँमा समान हित र आकाङ्क्षाका साथैवैचारिक सामिप्यताका आधारमा नयाँशक्ति पार्टी, नेपालसँग पनि हाम्रोसिट तालमेल भएकोछ। हामीलेराष्ट्रिय स्तरमा पहिचान र सङ्घीयता पक्षधर शक्तिहरूलाईसमेटेर तेस्रोधारको गठबन्धन निर्माणकोतयारी गर्नुपर्दछ।

हामीलेगत संविधानसभा र रूपान्तरित व्यवस्थापिका संसदमा नेपाली काङ्ग्रेस, नेकपा (एमाले र नेकपा ( माओवादी केन्द्र तीनवटैदलकोभूमिका देखिसकेका छौं। यस निर्वाचनमा तिनीहरूलेजितेमुलुक पुनः द्वन्द्वमा जानेसम्भावना छ। देशमा राजनीति स्थिरता नभए शान्ति, समृद्धि र सुशासन पनि कायम हुन सक्दैन। त्यसैलेअब नेपालमा भएकोयुगान्तकारी परिवर्तनका बाँकी कार्यभारहरू पुरा गर्नर देशलाईसक्षम नेतृत्व प्रदान गर्नसक्नेएक मात्र आमुल परिवर्तनकारी, अग्रगामी, क्रान्तिकारी शक्ति सङ्घीय समाजवादी फोरम, नेपाललाईयस प्रतिनिधिसभा तथा प्रदेशसभाकोनिर्वाचनमा अत्यधिक बहुमत दिएर विजयी गराउनुपर्दछ। सङ्घीय समाजवादी फोरम, नेपालकोविजयबाट मात्र पहिचानसहितको सङ्घीयता, समतामूलक समृद्धि र सुशासनकोप्रत्याभूति हुन्छ। अतः सङ्घीय समाजवादी फोरम, नेपाल स्वदेश तथा विदेशमा रहनुभएका सबैपार्टीसदस्य, समर्थक, शुभेच्छुक तथा पहिचान र सङ्घीयताका पक्षधर आम जनसमुदायलाईआफ्नोअधिकारका लागि अग्रपङ्क्तिमा उभिईआवाज बुलन्द गर्नहार्दिक अपिल गर्दछ। आदरणीय जनसमुदायहरू, पहिचानसहितकोसङ्घीयताकोविपक्षमा रहेकोशासक वर्गहरू अहिलेपनि चुप लागेर बसेका छैनन्। संविधान संशोधनका सन्दर्भमा अहिलेपनि अन्तर्सङ्घर्षजारी छ। त्यसैले आउनुहोस, हामीलाईसाथ दिनुस, परिवर्तन अवश्यम्भावी छ।

७. राजनीतिक अग्रगमन र समतामूलक समृद्धिका लागि हाम्रोनीति र कार्यक्रम ७.१. राजनीतिक अग्रगमनका निम्ति हाम्रोनीति

हाम्रोपार्टीकोरणनीतिक लक्ष्य सङ्घीय समाजवादी गणतन्त्रात्मक राज्य व्यवस्थाको स्थापना हो। राष्ट्रिय स्वाधिनता, लोकतन्त्र, शान्ति, समृद्धि र सुशासनकोमार्गचित्रबाट मात्र हामी आफ्नोगन्तव्यमा पुग्न सक्दछौं। नेपालमा परम्परागत संसदीय व्यवस्थाको प्रयोगलेदेशमा अस्थिरता उत्पन्न भईसोबाटोअवरूद्ध हुन पुगेकोछ। लामोसमय एकात्मक राज्य व्यवस्था रहनुलेयहाँका उत्पीडित समुदायहरूकोपहिचान र अधिकार सङ्कटमा परेका छन्। यहाँकोलोकतन्त्र सहभागितामूलक होइन औपचारिक मात्र बन्न पुगेकोछ। बहुमतकोसरकार र अल्पमतकोविपक्ष हुनेसंसदीय व्यवस्थालेहाम्रोजस्तो बहुजातीय बहुभाषिक देशमा सबैसमदायलाई समावेशी बनाउन पनि सक्दैन। नेपालमा गणतन्त्रकोस्थापना पछिको९ वर्षमा १० पटक सरकार परिवर्तन भए। यस व्यवस्थाले मुलुककोराजनीतिमा अस्थिरता मात्र होइन, विकृति र विसङ्गति पनि सृजना गरे। त्यसैले तात्कालिक रूपमा हाम्रोपार्टीसङ्घीय शासनप्रणालीमा आधारित समानुपातिक समावेशी राज्य व्यवस्था सृजना हुनुपर्नेपक्षमा दृढता पूर्वक उभिएकोछ। यसका लागि राजनीतिक क्षेत्रमा हाम्रोनीति यसप्रकार रहेकोछ।

# काशीप्रसाद श्रीवास्तव र लोकतान्त्रिक आन्दोलन–९

**डा.जगतप्रसाद पराजुली**



राजनैतिक संगठनहरूमा काशीबाबूलाई सबैले विचार-विमर्शमा संप्रेषण योग्य ठानेर सम्बोधनका लागि आमन्त्रित गर्दथे नेपालको पर्यावरणीय चिन्तनमा उनका बौद्धिक लेखहरू अधिकतम् मात्रामा केन्द्रित हुन्थे ।

**भारतमा मुस्लिम साम्प्रदायिकता :**

भारतको सामाजिक संरचना बहुआयामिक विशिष्टतामा अन्तरनिहित थियो । सामाजिक विविधता, विषमता र विशिष्टता यसका दूरगामी र मौलिक चरित्रहरू थिए । समग्रमा बहुजातिय, बहुभाषिक, बहुधार्मिक एवं बहुसांस्कृतिक स्वरूपमा विकसित र विस्तारित भैरहेको थियो । भारतीय सामाजिक परिवेश धर्म र संस्कृतिले एकाकार बनाइरहेको समाजलाई राजनैतिक विचार, सिद्धान्त, समर्थन आदिले अवधारणालाई आर्थिक उपादेयतामा सीमित गरेको थियो । धार्मिक उद्देश्यलाई गौण बनाएर उनीहरू अधिकाधिक लाभ कमाउन व्यापारिक ध्येयमा समर्पित भए । व्यापारबाट अत्याधिक लाभ कमाएपछि राजनीतिलाई मुख्य साधन बनाएर सम्पूर्ण भारतीय रियासतहरूमा आफ्नो सर्वोच्चता कायम गरे । यसले भारतीय समाजलाई विखण्डनतर्फ अग्रसर गरायो । हिन्दू-मुस्लिम धार्मिक अनुयायीहरूमा अनयासै प्रतिद्वन्दिता बढाउन उनीहरूको भूमिका रणनैतिक हिसावले नै परिचालित थियो । किनकी डिभाइड एण्ड रूल (म्भखष्मभ बलम चगभि) को बिखण्डनकारी नीतिबाट उनीहरू अभिसिंचित थिए ।

अलिगढ विश्वविद्यालयको स्थापना मुस्लिम बहूल समुदायलाई शिक्षा-दिक्षा प्रदान गर्ने र भारतमा ब्रिटिश नीतिलाई आधिकारिकताका साथ क्रियान्वित गर्ने उद्देश्यबाट प्रेरित थियो । उनीहरूले मुस्लिम धर्मका विद्वान, धर्मगुरू शैयद अहमद खाँलाई अंग्रेजतर्फ विरूद्ध रहेर कार्य गर्न-गराउन राम्ररी उपयोग गरे । मुसलमान जातिप्रति केही उद्धार नीति अवलम्वन गरेर विरोधी पक्षलाई उनीहरूद्वारा टक्कर दिलाइन्थ्यो, शुरू-शुरूमा जातिय सद्भाव त्यति बिघ्न बिथोलिएको थिएन । भारतीय स्वतन्त्रता संग्रामको समयताका अहमद खाँ ले मुस्लिम समुदायलाई चेतना अभिवृद्धिका लागि अनेकानेक प्रशिक्षण दिएपछि महमद अलि जिन्ना जसलाई जिन्नासाहब भनेर पनि चिनिन्छ । उनले मुस्लिम लिग गठन गरेर आफ्नो समुदायका लागि छुट्टै राज्यको स्थापना गर्ने अभियान चलाए । अलिगढको आन्दोलन पश्चात भारत विखण्डनको रूपरेखा तयार भयो । परिणामत १९४७ इ. मा भारतबाट भौगोलिक विभाजन भै पाकिस्तान राज्यको अस्तित्व कायम भयो ।

साम्प्रदायिक मतमतान्तर विस्तार गर्न कट्टरपन्थी हिन्दूहरूको क्रियाकलाप पनि कम जिम्मेवार थिएन । अंग्रेजहरूको भूमिकालाई हिन्दू-मुस्लिम दुवै समूदायले उकासेका थिए । धार्मिक, विभेद र कट्टरपनाले परस्परमा अविश्वास बढायो । परिणाम मुलुक विखण्डनको भूमरीमा फस्यो । भारत-पाकिस्तान छुट्टा-छुट्टै स्वतन्त्र र सार्वभौम राज्यको रूपमा मानचित्रमा उदयमान भए । वास्तवमा साम्प्रदायिक भावना यति बिघ्न बढोत्तरी भयो कि समाजको जातिय सद्भाव नराम्ररी खल्बलियो । हिन्दू मन्दिरमा गाईको टाउँको भेटिनु र मस्जिदमा सुँगुरको टाउको भेटिनु दुवै धर्म सम्प्रदायमा शत्रुता बढाउने गतिविधिहरू थिए । यसले गर्दा भारतमा जातिय सद्भाव बिग्रियो । धार्मिक कट्टरपन पनि बढेर गयो । एकअर्का विरूद्ध लक्षित गरेर अनेकौं दङ्गाहरू भए । सामाजिक व्यवहार बिग्रियो । यस्तो जातिय र धार्मिक संकट पैदा भयो कि समाजिक संगठनमा अनावश्यक समस्याहरू देखिए ।

समग्रमा भारतमा यसकिसिमको साम्प्रदायिक दङ्गा भड्किदा मुलुकले पीडा भोग्नु परेको परिस्थितिलाई साम्य पार्न र सद्भाव बढाउन गान्धी, नेहरू, राजेन्द्रप्रसाद लगायत विभिन्न सार्वजनिक संघ-संस्थाहरूले अथक प्रयास पनि नगरेका होइनन् । काशीबाबूलगायतका तत्कालिन सामाजिक अभियन्ताहरूलाई असअस्तित्व बोध, पारस्परिक सदभाव विस्तार, समभःदारी विकास, सहयोगात्मक भावनाको विस्तार गर्ने हेतुले साम्प्रदायिक भड्काव तथा दङ्गनग्रस्त क्षेत्रमा मानिसहरूको विश्वास बढाउने जिम्मेवारी प्रदान गरिएको थियो ।

काशीबाबू लगायतका नेताहरूले संकट उत्पन्न भएका क्षेत्रहरूमा पुगेर सामाजिक आचरण तथा व्यवहारलाई सुदृढ बनाउन, विश्वासको वातावरण बढाउन जनतालाई जागरित गरे । कतिपय ठाउँको सामाजिक संकट मत्थर पनि भयो । यद्यपी अंग्रेजहरूको विभाजन गरेर शासन गर्ने नीहित उद्देश्यले गर्दा भारतको क्षेत्रिय अखण्डता सुरक्षित नहुने स्थितिमा पुग्यो । भारत टुक्रिएर पाकिस्तान बन्यो । पछि पाकिस्तान टुक्रिएर बंगालादेश बन्न पुगेको थियो ।

भारतीय स्वतन्त्रता आन्दोलन चर्किएकै बेला साम्प्रदायिक सद्भाव पनि खलबलिएको थियो । अंग्रेजहरूले आफ्नो सर्वोच्चता जोगाउन र भारतीयहरूलाई आपसमा फुटाउँन अत्यधिक प्रयास गरे । त्यसैको परिणाम स्वरूप विभाजनको परिवेश श्रृजना भयो । वर्तमान सन्दर्भमा समेत हिन्दू-मुस्लिम साम्प्रदायिक अनविश्वास एवं अनमेल अपेक्षाकृत कम भएको छैन । भारत-पाकिस्तान द्वन्द अहिले पनि आपसी हित र एकतामा केन्द्रित भएको देखिदैन । लर्ड माउण्टवेटन योजना अनुरूप देश टुक्रिएको थियो ।

उक्त योजनाले मुलुक विभाजन भयो भने भारत स्वतन्त्र पनि भयो । किनकी त्यसै योजनामा जुन ३, १९४७ का दिनदेखि अंग्रेजहरूले भारतमा स्थापित राजनैतिक अधिकार पूर्णरूपमा त्याग्ने शर्त थियो । त्यसलाई लम्ब्याउँदै समय पर धकेल्न उनीहरूको कसरत पनि चलिरहेको थियो । यद्यपी भारतलाई स्वतन्त्र बनाएर स्वराज्य प्राप्तिको अधिकार नसुम्पिएसम्म जनताले छाड्ने स्थिति नदेखिएपछि अंग्रेजहरूले भारतलाई स्वतन्त्र घोषणा गरेका हुन् ।

**टंकप्रसाद आचार्यसँग काशीबाबूको पत्राचार :**

भारतमा अंग्रेजविरूद्ध स्वतन्त्रता आन्दोलन उत्कर्षतर्फ बढेको समयमा नेपालमा पनि राणाहरूको निरंकुशताका विरूद्ध मौलिक अधिकारहरूको स्थापनाका निमित्त कुनै न कुनै किसिमले आन्दोलन चलिरहेको थियो । ती आन्दोलनहरूलाई राणा सरकारले निर्ममता पूर्वक दबाईरहेका थिए । चर्खा प्रचार आन्दोलन, पुस्तकालय स्थापना प्रयास, नेपाली नागरिक अधिकार समितिको पर्चाबाजी, प्रजा परिषदको साहसिक कदम प्रचण्ड गोर्खा अभियान जस्ता सामाजिक, धार्मिक, आर्थिक एवं राजनैतिक अवस्थामा आमूल परिवर्तन ल्याउने मनसायबाट संघर्ष अगाडी बढिरहेको थियो । यद्यपी राणाशासनको क्रुर पञ्जाबाट ती सबै आन्दोलनहरू अमानुषिक किसिमले दबिएका थिए । सबैभन्दा अमानविय किसिमले प्रजापरिषदका अनुयायीहरूलाई दण्ड दिएको थियो । जसलाई '९७ सालको हत्याकाण्ड' का रूपमा पनि चित्रण गरिन्छ । चारजना होनहार योद्धा शहिद बनाइएको घटना त्यही थियो । राणाहरूले भेटेका लौह पुरूष जेलबाट भागेर भारत प्रस्थान गरेका थिए । राणाहरूले भेटेका भए उनलाई पनि जीवित राख्ने थिएनन् । प्रजापरिषदका प्रमुख नेता टंकप्रसाद आचार्यलाई "बाहूनका छोरालाई मार्नु हुदैन" भनेर बहूतै सकसपूर्ण ढंगले बन्दी बनाइएको थियो ।

टंकप्रसाद आचार्यले बन्दी अवस्थामा रहेकै बेला भारतका सक्रिय भएर राजनैतिक आन्दोलनमा लागेका केही प्रमुख नेताहरूलाई चिट्ठी लेखेका थिए । उक्त चिट्ठीमा नेपालको दुरावस्थालाई राम्ररी उजागार गरेर राणाशाही व्यवस्थालाई समाप्त गर्न अभियान चलाउन प्रेरणा दिने किसिमका सन्दर्भहरू परेका थिए । काशीबाबूका नाममा पनि उनले त्यस्तै आसय झल्किने पत्रहरू पठाएका थिए ।

आचार्यको चिन्तन, सोच र राजनैतिक अभिज्ञानका कारण नेपाली कांग्रेसले मानार्थ सभापतिमा उनैलाई चयन गरेको थियो । उनका पत्रहरू नेहरू, गान्धी, जयप्रकाश नारायण, वि.पी., गणेशमान लगायत काशीबाबूको नाममा प्रेषित हुने गरेको देखिन्छ । ती पत्रहरूमा आफुले भोगेको पीडा उल्लेख भएका थिएनन् । भारतमा स्वतन्त्र बनाउन भारतीय जनता र नेपाली जनताले खेलेको महत्वपूर्ण योगदानलाई निकै प्रशंसा गरिएका हुन्थे । त्यसैगरी नेपाली जनताले भोग्नु परेका कठिनाई, देशको मौजुदा परिवेश, राणाहरूको जहानीयाँ शासन, राज्यको ढुकुटीको दोहन जस्ता विविध विषयहरूलाई उठान गरिएका हुन्थे ।

राणा शासन अनेकन अवगुणहरूलाई आचार्यले दफादार बुँदामा प्रेषित गरेका थिए । अंग्रेजको आर्शिवादबाट टिकेको राणाशासन भारत स्वतन्त्र भएपछि निकै कमजोर भएको अवस्थालाई उनले चित्रण गरेका थिए । प्रजातन्त्र, स्वतन्त्रता, समानता, कानूनी राज्यका पक्षमा अभिमत जाहेर गरेर पत्राचार गरेका थिए । काशीबाबूले ती अभिमतहरूलाई नेपाली समुदायसँग राखेर विचार-विमर्श गर्दथे । छिमेकी देशको स्वतन्त्रता आन्दोलनमा आफूहरूले खेलेको अविस्मरणीय योगदानका आधारमा भारतीय जनता एवं त्यहाँका नेतागढबाट सकारात्मक समर्थन प्राप्त गर्ने शिलशिलामा समेत उनले अनेकौं पहल गरे ।

राणाहरूको दमन चक्र, उनीहरूको स्वेच्छाचारिता, जनताको जागरूकता जस्ता विषयमा उनले प्रवचन दिए । छिमेकी देशमा स्वतन्त्रता आन्दोलनमा होमिएका नेपाली समुदायलाई "बत्तिमुनिको अन्धकार" हटाउन अझ अथक प्रयत्न गर्नुपर्छ भनेर संगठित गरे । अंग्रेजहरूको निरंकुशता, आन्दोलनको चपेटामा परेर धरासायी हुन पुगेको सन्दर्भलाई दोहोऱ्याए । अब नेपालमा पनि त्यस्तै किसिमले प्रजातान्त्रिक आन्दोलन चर्काउनु पर्दछ भनेर प्रवासी नेपाली समुदायहरूलाई एकाकार बनाउने चेष्टा पनि गरे ।

नेपालको भूमिमा आन्दोलन गतिशिल तुल्याउन आवश्यक पर्ने समसामयिक रणनीति तर्जुमा गरियो । 'फलामले फलाम काट्छ' भन्ने उक्ति अनुसार राणापरिवार भित्रैबाट राणाहरूलाई कमजोर बनाउने प्रवन्ध रणनीति तय भयो । राणा प्रधानमन्त्रीहरूले आफू शक्तिमा पुगेको बेला आफ्ना भाइ, छोरा-छोरी, नाति-नातिनालाई अधिकार सम्पन्न बनाउने र राज्यको ढुकुटीबाट तलब-भत्ता खाने प्रबन्ध मिलाउने गरेको थियो । राणा खलकलाई जन्मको आधारमा ए.बी.सी. गरेर तीन वर्गमा विभाजन गरिएको थियो । ए क्लासमा पर्नेले सत्ता, समृद्धि सबै पाउथे । बी. क्लासमा पर्नेले माथिल्लो वर्गले भन्दा कम सहुलियत पाउथ्यो र सी. क्लासमा पर्ने राणा परिवार ती सबै अधिकारबाट वञ्चित थिए । राणापरिवार भित्र यो वर्ग विभाजनले ज्यादै ठूलो विवाद र संकट निम्त्याएको थियो । उक्त परिस्थितिलाई बुझेर काशीबाबूले असन्तुष्ट राणापरिवारका शिक्षित व्यक्तिहरूलाई संगठित गर्न पहल गरे । उनीहरूलाई गोलबन्द गर्न राजनैतिक संगठनभित्र सक्रिय सदस्य बनाउने योजनाका बारेमा वि.पी., गणेशमान, किसनजी लगायतका अब्बल दर्जाका अभियन्ताहरूसँग समझदारी कायम गरे । महावीर शमशेर, सुवर्णशमशेर, रूद्रशमशेर, गोपाल शमशेर, भरत शमशेर, जगदीश शमशेर राणाहरू काशीबाबूको पहल अनुरूप विभिन्न संगठनमा आबद्ध भए ।

सूवर्ण शमशेर नेपाली कांग्रेसको आर्थिक मेरूदण्ड नै बनेर पार्टी र कार्यकर्ताहरूलाई परिचालन गर्ने व्यक्तित्वका रूपमा देखा परे । महावीर शमशेरले आफ्ना हवाइजहाजहरूबाट नेपालमा महत्वपूर्ण स्थानमा प्रजातन्त्र प्रति निष्ठा र आस्था जगाउने किसिमका छपाई सामाग्रीहरू आकाशबाट खसाल्न लगाए । रूद्रशमशेरले वि.पी. को योजना अनुसार पाल्पा गौडालाई राणाशासन समाप्तीको प्रथम आन्दोलनको मोर्चा तयार पारेका थिए ।

**डा. के.आइ.सिंह र काशीबाबू :**

ए. क्लासका राणाहरूबाट लखेटिएका, दमन र व्यभिचारमा परेका सी. क्लासका राणाहरूबाट नै आन्दोलनलाई उत्कर्षमा पुऱ्याउन सकिन्छ भनेर नै योजना बनाइएको थियो । डा. के.आई.सिंह पनि काशीबाबूको कन्भिन्स पश्चात उक्त अभियानमा जोडिएका थिए । भैरहवा, नवलपरासी, कपिलवस्तुदेखि पश्चिम तराईसम्म किसान समुदायमा के.आई.सिंहको राम्रो पकड थियो । उनले त्यहाँका किसान वर्गलाई राजनैतिक हिसावले संगठित गरेका थिए ।

काशीबाबूको पनि गृह जिल्ला रूपन्देही थियो । यी दुवैले कर्मथलो यही क्षेत्रलाई बनाएर राजनैतिक अभियान संचालन गरे । नेपालको प्रजातान्त्रिक आन्दोलनमा सक्रियताका साथ नेतृत्वदायी भूमिकामा जिम्मेवार व्यक्तिको रूपमा स्थापित गर्न काशीबाबूले डा. के.आई.सिंहलाई तयार पारे । पछिल्ला दिनमा उनलाई राजनैतिक संगठनको सभापति बनाएर आफू त्यस दलको महासचिव बनेर प्रजातान्त्रिक आन्दोलनलाई अगाडि बढाउन सर्वदा क्रियाशिल भैरहे ।

**प्रजातान्त्रिक आन्दोलनका मेरूदण्ड :**

काशीबाबू नेपालको प्रजातान्त्रिक आन्दोलनका इमान्दार नेता थिए । उनले सबैदलका नेतृत्व वर्गसँग शहिष्णुतापूर्ण सद्भाव राखेका थिए । राजनैतिक सिद्धान्तहरूलाई राम्ररी छिचोलेका काशीबाबू ती सिद्धान्तहरू विश्वव्यापीरूपमा प्रयोग गर्न सकिने-नसकिने समीक्षात्मक धारबाट पनि विमर्श गर्दथे । छलफलमा वि.पी., जयप्रकाश नारायणसँग आफ्ना अभिमतहरू प्रष्ट राख्दथे । वाद, विवाद र सम्बादको माध्मबाट मिश्रित निष्कर्षलाई कार्यान्वयनमा ल्याउन दत्तचित्त रहन्थे । उनले आफ्ना लेखकीय सामग्रीहरूमा वि.पी. र जयप्रकाश नारायणसँगको सम्बादबाट आफू राजनैतिक रूपमा उत्कृष्टता ग्रहण गर्न सक्षम भएको सन्दर्भलाई पटक-पटक दाहोऱ्याएको पाइन्छ । निचारलाई मन्थन गर्न, खण्डन-मण्डन गर्न, समालोचनात्मक ढंगले विश्लेषण गर्न उनी अधिकतम रूची राख्थे । राजनैतिक संगठनहरूमा काशीबाबूलाई सबैले विचार-विमर्शमा संप्रेषण योग्य ठानेर सम्बोधनका लागि आमन्त्रित गर्दथे नेपालको पर्यावरणीय चिन्तनमा उनका बौद्धिक लेखहरू अधिकतम मात्रामा केन्द्रित हुन्थे । त्यसैले काशीबाबू राजनैतिक सिद्धान्तको बहसमा मेरूदण्ड नै सावित भएका थिए । क्रमश...

## जिल्ला समाचार

### प्रधानमन्त्रीद्वारा क्षेत्रीय सुरक्षा गोष्ठी उद्घाटन

कैलाली । प्रधानमन्त्री शेरबहादुर देउवाले क्षेत्रीय सुरक्षा गोष्ठीको शुभारम्भ गरेका छन् । प्रधानमन्त्री देउवाले क्षेत्रीय सुरक्षा गोष्ठीको उद्घाटनपछि प्रदेश नं ७ का कैलाली र कञ्चनपुर जिल्लाका कांग्रेसका उम्मेदवार तथा कार्यकर्तालाई भेटेका छन् । उनले सोही क्रममा कैलाली र कञ्चनपुरका विभिन्न क्षेत्रका उम्मेदवार र कार्यकर्तालाई छुट्टाछुट्टै भेटघाटसमेत गरेका छन् ।

### अवधीलाई कामकाजी भाषा बनाउन माग

नेपालगञ्ज । नेपालगञ्ज उपमहानगरपालिकामा अवधी भाषालाई कामकाजको भाषा बनाउनुपर्ने माग गर्दै मागपत्र बुझाइएको छ । अवधी भाषालाई पनि कामकाजको भाषा बनाउने प्रस्ताव पारित गर्नुपर्ने माग गर्दै माग पत्र उपमहानगरपालिकामा बुझाइएको छ । नेपालगञ्जका अवधी भाषी अगुवा, समाजसेवी, जनप्रतिनिधि तथा पत्रकारको एक टोलीले नेपालगञ्ज उपमहानगरपालिकाका उपमेयर उमा थापामगरलाई सो मागपत्र बुझाएका हुन् ।

### निर्वाचित प्रमुखले सम्भाले पदभार

रौतहट । जिल्ला समन्वय समिति रौतहटका नवनिर्वाचित प्रमुख राम एकवाल राय यादवले सोमबारदेखि आफ्नो जिम्मेवारी सम्भालेका छन् । जिल्ला समन्वय समितिको आयोजनामा भएको शपथ ग्रहण तथा पदबहाल कार्यक्रम पश्चात् निवार्चित प्रमुख ,उपप्रमुखले आफ्नो पदभार सम्भालेका हुन् । १५ वर्षदेखि जिल्ला सभापति विभिन्न भएका तत्कालीन जिल्ला विकास समिति कार्यालय हालको परिवर्तित समन्वय समितिले निवार्चित प्रमुख उपप्रमुख पाएका छन् । जिल्ला मुख्य निर्वाचन अधिकृत लेखनाथ ढकालले निवार्चित प्रमुख यादव, उपप्रमुख राम आसिश राय यादवलाई पद तथा गोपनीयताका शपथ ग्रहण गराएका थिए । तत्पश्चात प्रमुखले निर्वाचित सदस्यलाई विधिवत रूपमा पद तथा गोपनीयताको शपथ ग्रहण गराएका थिए ।

### संविधानलाई परिमार्जन गर्न सभा गठनको माग

विराटनगर । देशभक्त लोकतान्त्रिक पार्टीले प्रतिज्ञापत्र सार्वजनिक गरेको छ । मोरङ क्षेत्र नं ४ का प्रतिनिधिसभा उम्मेदवार किरणबहादुर क्षेत्रीले पत्रकार सम्मेलनको आयोजना गरी वर्तमान संविधानलाई परिमार्जन गर्न सभा गठन गर्नुपर्नेमा जोड दिए । पार्टीका उपाध्यक्षसमेत रहेका क्षेत्रीले वर्तमान पाँच विकास क्षेत्रलाई जातीय पहिचानसहितको प्रदेश बनाउनुपर्ने, राष्ट्रको उत्तर दक्षिण सिमानालाई अद्यावधिक गरिनुपर्ने, वृद्धवृद्धाको पूर्ण सुरक्षा भत्ताको ग्यारेन्टी गरिनुपर्ने र धर्म, संस्कृति र परम्पराको प्रवर्द्धन गरिनुपर्ने प्रतिज्ञापत्रमा रहेको उल्लेख गरेका छन् ।

### भत्ता घरघरमा पुर्‍याइने

रूपन्देही । रेसुङ्गा नगरपालिकाका मेयर डिल्लीराज भुसालले शुक्रबारदेखि बृद्ध भत्ता लगायतको सामाजिक सुरक्षा भत्ता वडा वडा र अशत्तलाई घरघर मैपुगेर वितरण गर्ने कार्य सुरू गरेका छन् । मेयर गाउँ-गाउँ र घर-घरमा पुगेर भत्ता बाँढन सुरू गरेपछि बृद्धाबृद्ध तथा अशक्तहरू खुसीभएका छन् । रेसुङ्गा नगरपालिकाका मेयर डिल्लीराज भुसालले भने सरकारले बितरण गर्ने भनेको भत्ता जनप्रतिनिधिमार्फत वडामा गएर बितरण गर्ने बताएका छन् । हामीले निर्णय नै गरिसकेका छौ अब बैक मार्फत होईन वडाका प्रतिनिधि मार्फत घरघरमा गएर बितरण गर्ने कार्यक्रम रहेको बताए ।

### कटुवा पेस्तोलसहित धनबहादुर पक्राउ

बाँके । राप्ती सोनारी गाउँपालिका-७ घर बताउने ५८ बर्षीय धनबहादुर बिकलाई कटुवा पेस्तोल १ थान सहित सोमबार प्रहरीले पक्राउ गरेको छ । सोही नगरपालिका-६ मा अवैध हतियारको कारोबार भइरहेको भन्ने सूचनाको आधारमा खटिएको प्रहरीले बिकको साथबाट उक्त कटुवा पेस्तोल बरामद गरी उनलाई पक्राउ गरेको हो ।

### आगलागी हुँदा १० लाखको क्षति

धनुषा । जनकपुरधामको एक कस्मेटिक तथा जुत्ता पसलमा आगलागी हुँदा १० लाखभन्दा बढीको सामान जलेर नष्ट भएको छ । जनकपुर उपमहानगरपालिका-२ स्थित सोही उपमहानगरपालिका-६ बस्ने अताबुल रहमानको कष्मेटिक, जुत्ता पसलमा सोमबार बिजुली सर्ट भई आगलागी भएको थियो । आगलागीबाट पसल र सामानहरू जलेर करीव १० लाख रूपैयाँ बराबरको धनमाल क्षति भएको प्रहरीले जनाएको छ । प्रहरी, स्थानियबासी र दमकलको सहयोगमा उक्त आगो नियन्त्रणमा आएको थियो । घटनाका सम्बन्धमा स्थानीय प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### तराई मधेश फोरमका कार्य समिति राजपामा

परासी । नवलपरासीमा तराई-मधेश फोरम पार्टीका सम्पूर्ण कार्य समितिसहित सयौं कार्यकर्ता राजपा नेपालमा प्रवेश गरेका छन् । सोमबार नवलपरासीको रामग्राम नगरपालिका-४ बैरहवामा राजपा नेपालको कार्यालय उद्घाटन कार्यक्रममा ती पदाधिकारीसहित सयौं कार्यकर्ताहरू राजपामा प्रवेश गरेका थिए । पार्टीमा प्रवेश गर्नेहरूमा जिल्ला अध्यक्ष दिपचन्द कौशल, राजकुमार चौधरी, सहदेव बनिया, दुर्गा देवी चौहान लगायतका सयौं कार्यकर्ता रहेका छन् । राजपा नेपाल नवलपरासीले तराई मधेश फोरमका सयौं कार्यकर्ता आफ्नो पार्टीमा प्रवेश गराएपछि कांग्रेस र बाम गठबन्धनमा हलचल मचेको छ ।

# धनुषा ३ मा निधि र महतोमा कडा प्रतिस्पर्धा, बाजी कसले मार्ला ?

अजय कुमार सिंह, जनकपुरधाम । जनकपुरको चुनावी दौड अहिले कडा प्रतिस्पर्धात्मक रूपमा देखिएको छ । प्रतिनिधि तथा प्रदेशसभाको दोस्रो चरणअन्तर्गत २१ मंसिरमा हुने निर्वाचनमा जनकपुर ३ मा कसले बाजी मार्ला त्यो अहिल्यै भन्न नसकिए पनि कांग्रेस र राजपाका प्रभावशाली नेता चुनावी मैदानमा उत्रिएपछि यहाँको निर्वाचनको माहोल रंगिन देखिएको छ ।

कांग्रेसका तर्फबाट विमलेन्द्र निधि र राजपा-फोरम गठबन्धनका राजेन्द्र महतो धनुषा ३ बाट प्रतिनिधिसभा उम्मेदवार बनेका छन् । धनुषा ३ को चुनावी माहोललाई जनकपुरका एक राजपाका कार्यकर्ता विजय कुमार सिंहले गोरूको जुधाईको संज्ञा दिदै जनकपुरको ३ नम्बर



क्षेत्रमा सवैको नजर रहेको छ ।

कांग्रेसका धिनि र राजपाका महतोको लडाइमा कसले बाजी मार्ने हो अनुमान गर्ने अवस्था नरहेको बताउँछन् । सिंह भन्छन, 'अहिले दुवै आफूमा बलियो देखिएको हो । दुई नम्बर प्रदेशको राजधानी बन्ने प्रबल सम्भावना रहेका कारण यहाँबाट जित्ने नेताले केन्द्रमा बढी महत्व पाउने बुझाइका कारण एक अर्काको कमी कमजोरी देखाउनमा व्यस्त रहेको देखिन्छ । सरकारले औपचारिक रूपमा प्रदेशहरूको राजधानी घोषणा नगरे पनि दुई नम्बर प्रदेशको राजधानी जनकपुरलाई नै बनाउन पहिले नै पहल भइसकेको कुरा नेता निधिले जनकुरवासीलाई जानकारी गराइसकेको र जनकपुरभन्दा बाहिरका अन्य पार्टीका नेता कार्यकर्ताहरूले जनकपुरमा धमाधम जग्गा र घर किन्न थालेको हो ।

जनकपुरबाट राजपाका अध्यक्ष मण्डलका सदस्य राजेन्द्र महतो चुनावमा आउनाले क्षेत्र न.३ को राजनीतिमा गर्मी बढनुका साथै जनकपुरको राजनीतिक महत्व बढेको छ । कांग्रेस नेता विमलेन्द्र निधिले जनकपुरसहितका मधेशका क्षेत्रमा आफू प्रभावशाली रहेको प्रस्तुति दिने गरेका छन् । तर, मधेश आन्दोलनमा मधेशमा आफ्नो एउटा बेग्लै स्थान बनाउन सफल रहेका महतो पनि कसैसँग कम देखिएको छैन ।

निधिले महतोलाई पर्यटक उम्मेदवारको साथै खुरलुच्चु नेताको संज्ञा दिँदै प्रचारप्रसार गरिरहेका छन् भने महतोले कांग्रेस नेतृत्वमै वर्तमान संविधान जारी भएको र कांग्रेसकै कारण संविधान संशोधन नभएको आरोप लगाउदै आफुहरूले गर्न चाहेमा पनि निधिकै कारण संशोधनमा सफलता नमिलेको भन्दै प्रतिकारमा उत्रेका छन् ।

संविधानकै विरोधमा मधेशमा ६ महिना लामो आन्दोलन चर्केको थियो । संविधानको विरोधमा सुरू भएको मधेश आन्दोलनको एउटा प्रमुख केन्द्रको रूपमा जनकपुर पनि बनेको थियो ।

कुरीति छ जतासुकै हिमाल, पहाड, तराई आजैबाट रोकौं सबै मिलि बाल विवाहलाई ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

## विश्व परिवेश

# पाकिस्तानमा हजराहरूको भाग्य आतंकबाट मृत्यु

-अल्लाबक्स

पाकिस्तानका हजराहरू शिया समुदायका अल्पसंख्यक मुसलमान भएकोले तिनीहरूमाथि अतिवादी संगठनहरू तथा त्यसका संरक्षकहरूसँगै गुप्तनिकायहरू समेतबाट पिडीत र प्रताडित हुँदै आएका छन् । तिनीहरू अन्य पाकिस्तानीहरू जस्तै पाकिस्तानका नागरिक भए पनि अनपेक्षित बाहिरियाहरू जस्तै क्षण-प्रतिक्षण अवहेलित र संकटमय जीवन बिताउने अवस्थामा राखिएका छन् ? क्वेटाको दुर्गम भागमा गरीवी अवस्थामा सँधै भए र त्राशका अवस्था र स्थितिमा बस्दै आएका हजराहरूमाथि जे जस्तो ज्यादती हुँदै आए तापनि अन्य कुनै पाकिस्तानीहरूले तीनीहरूप्रति कुनै चासो राख्ने गरेका छैनन् ? तिनीहरूको अवस्था सम्बन्धमा पाकिस्तानी अंग्रेजी दैनिक 'डान' सामान्य सहानुभूति यस शब्दमा सार्वजनिक गरेको छ - "बलोचिस्तानका सत्तासीनहरूले हजराहरूमाथि हुने अत्याचारहरूलाई मोजर नै दिने गरेका छैनन् । यहाँ सम्म कि हजराको हत्या गरिए पनि वा तिनीहरूको घरमाथि बम आक्रमण गरिएपनि सत्तासीनहरूले त्यसलाई सामान्य रूपमा मात्र दर्ता गर्ने गरेका छन् ।" त्यसैले अक्टोबरको शुरूमै क्वेटामा तीन जना हजराको हत्या गरिएको प्रसंगमा अन्य पाकिस्तानीहरूले प्रतिरोध स्वरूप आक्रोश सम्म प्रकट नगरिएकोलाई आश्चर्यको रूपमा समेत लिइएन ? त्यस भन्दा पहिला पनि मस्तुङ्गका चार हजरा परिवारहरूको जघन्य हत्या गरिएको थियो । दशकौं देखि हजराहरू सरकारको पाराविकता र जघन्य अपराधिक यातनाहरूको शिकार हुँदै आएका छन् ? हालैको तिनीहरूको हत्याकाण्ड सम्बन्धमा अंग्रेजी दैनिक 'डान' ले यस्तो अभिव्यक्ति सार्वजनिक गरेको थियो– "नागरिकहरूका दाँजोमा देशमा हुने गरेका हिंसाको तुलनामा बलोचिस्तानका शासकहरूले पटक-पटक हजराहरू माथि शोषणपूर्ण क्रियाकलाप संचालन गर्नु खासगरीकन राज्यको कूरता र असफलताको प्रतीकका रूपमा रहँदै आएको छ ।"



सुन्नी अतिवादी संगठनहरूले हजराहरूलाई अपराधी ठानेर तिनीहरूमाथि पाकिस्तानबाट बाहिर पठाउने वा क्वेटाको दुर्गम क्षेत्रमा शरण लिन हर सम्भव गतिविधि संचालित गर्दै आएका छन् किनकि त्यहाँ हजरा समुदाय त्यस नगरको पूर्वी र पश्चिमी भागहरू क्रमश : मारियावाद र हजरा टाउनमा केन्द्रित भएर बस्दै आएका छन् । तिनीहरू त्यस क्षेत्रबाट बाहिर निस्कने आँट सम्म गर्दैनन् किनकि अक्टोबरको शुरूमा नगरमा तरकारी बेच्ने तीन हजराहरू ग्राहकको प्रतीक्षामा रहेको बखत तिनीहरूको गोली हानेर हत्या गरिएको थियो । राज्यले त्यस्ता हत्याराहरूमाथि केही कारबाही नगर्नेको स्पष्ट अवस्थाका कारण त्यस्ता हत्याराहरू र त्यसका संरक्षकहरू पाकिस्तान भरीका नगर तथा गाउँहरूमा स्वतन्त्र भएर हिड्ने गरेका छन् । राज्यले र खासगरीकन सेनाले हजराहरूसाथ दोहोरो भूमिका निर्वाह गर्दै आएकोछ । हरेक पटक क्वेटामा हजराहरूको हत्या पश्चात् सुरक्षाबलले बलोचिस्तानका जनतामाथि त्यस हत्याको आरोप थोपरेर मात्र कार्य गर्ने गरेको छ । त्यस्तो हत्या प्रकरणमा सेनाले आफ्ना एजेन्टाहरूद्वारा अल्पसंख्यक हजराहरूको हत्या गरी समाप्त पार्ने र बलोचिस्तानका जनतामाथि समेत अत्याचार गर्ने दोहोरो लाभ उठाउँदै आएको छ र यो क्रम दीर्घकालिनदेखि संचालित रहँदै आएकोले अहिले त्यो बलोचिस्तानमा आन्दोलन संचालनको अधिकारीक प्रक्रिया बन्न पुगेको छ । सशस्त्रबलको प्रत्यक्ष वा अप्रत्यक्ष स्वीकृतिले अतिवादी संगठनहरूले हजराहरूलाई भगाउने वा मार्ने क्रमलाई बढाउँदै आएको छ ।

सन् ९० को दशकको अन्तदेखि हजराहरूमाथि संचालित हिंसात्मक गतिविधिबाट हालसम्ममा ७०००० हजराहरूले आफ्ना घर छाडेर इण्डोनेशिया र अस्ट्रेलियामा सुरक्षापूर्ण जीवन बाँच्न गए पनि त्यो सहन हुन सकेको छैन । स्वास्थ्य, शिक्षा तथा सरकारी क्षेत्रहरूको उच्च स्थानमा रहेका हजराहरूसँगै व्यापार क्षेत्रमा राम्रो गरी राखेकाहरू समेतलाई सरकारद्वारा दासतापूर्ण शरणार्थीको जीवन जिउन बाध्य पारिदै आएको छ । त्यसै क्रममा अस्ट्रेलिया, इण्डोनेशिया वा यूरोप जाने हजराहरूमध्ये ८०० जनाको दु:खद मृत्यु भै सकेको छ । सरकाद्वारा हजराहरूलाई सुरक्षा प्रदान गर्न असफलता देखाएको अवस्थाले गर्दा अतिवादी संगठनहरू वर्षौं दखि सशक्त रूपमा त्यस समुदायलाई तर्स्याउँदै आएको छ । उदाहरणका लागि सन् २०१३ मा आसिफ अली जर्दाही सरकारको पालामा पनि अतिवादी संगठनहरूले हजराहरूलाई २०१३ सम्ममा क्वेटा छाड् देउ वा मर्न तयार होउ भन्ने धम्की दिएको थियो । एक मानव अधिकारवादी संगठनले आफ्नो प्रतिवेदनमा यस्तो अभिव्यक्ति सार्वजनिक गरेका थिए – "हजराहरूका लागि न अनुकूल काम गर्ने ठाउँछ, न विद्यालय छ, न हाट-बजार गर्ने ठाउँ छ र न कतै यात्रा गर्ने ठाउँ नै रहेको छ ।"

'डाँन' पत्रिकाका अनुसार सन् २००८ देखि हजराहरूमाथि दिन-प्रतिदिन अत्याचार बढ्दै गए पछि तिनीहरूले आफ्ना घर तथा व्यवसायहरू बेचेर मलेशिया र इण्डोनेशिया तिर लागे पनि विश्वव्यापी स्तरमा शरणार्थीहरूको बढ्दो प्रभावले गर्दा लगाईएको प्रतिबन्धका कारण हजराहरूलाई शरणार्थी स्थल पाउन समेत गाह्रो भै सकेको छ । एक वयस्क हजराले लेखकलाई बताएका थिए कि पाकिस्तान सरकारको एकमात्र कार्य हजराहरूको घर, सम्पत्ति र व्यापार सबै कीनी सकेपछि तिनीहरूलाई एउटा यस्तो समुद्री जहाज जस्को नाम 'नो हेयर शीप' रहेको छ, यसमा राखेर पाकिस्तानबाट बाहिर पठाई दिनु मात्र रहेको छ । त्यसैले आजसम्म पाकिस्तानमा घर, सम्पत्ति र व्यापार सबै जोडी सकेका हजराहरू सबै 'कहींका जनता' नभएको जस्तो अवस्थामा घोर त्रासदीपूर्ण अवस्थामा बाँच्न विवश तुल्याईएको छ र त्यही तिनीहरूको नियति बन्न गएको छ ? *-एजेन्सी*

## "लोकतन्त्र मास्न छिन्न कम्युनिष्ट एक ठाउँमा"

वीरगञ्ज । नेपाली कांग्रेसका नेता तथा पर्सा क्षेत्र नं.४ का प्रतिनिधि सभाका उमेद्वार रमेश रिजालले लोकतन्त्र र संविधानमाथि कम्युनिष्ट आक्रमणको खतरा बढेकोले त्यसलाई परास्त गर्न सबै लोकतन्त्रवादीहरू एक ठाउँमा उभिन पर्ने बताएका छन् । नेता रिजालले नेपाली काँग्रेसको प्रदेश स्तरीय मिडिया सेन्टरको मंगलबार बीरगञ्जमा उद्घाटन गर्दै सो कुरा बताए । नेता रिजालले लोकतन्त्रमा मात्र सबैका विचारले स्थान पाउने उल्लेख गर्दै मिडियाले पनि लोकतन्त्रमा मात्र सही अभ्यास गर्न पाउने बताए । उनले सबै मिडिया तथा मिडियाकर्मीलाई पनि लोकतन्त्र माथि आइलागेको खतरालाई चिर्नेतर्फ काम गर्न आग्रह गरे । नेपाली काँग्रेसका तर्फबाट पर्सा ३ ख का प्रदेश सभाका उमेद्वार जनार्दन क्षेत्रीले साम्यवाद लाद्ने खतरनाक एजेण्डा लिएर कम्युनिष्ट गठवन्धन लागेको बताए । उनले सबैले बाँच्न पाउने अधिकार, नागरिक स्वतन्त्रता र लोकतन्त्र रक्षाका लागि काँग्रेसको नेतृत्वको लोकतान्त्रिक गठवन्धनलाई देशभर जिताउनुपर्ने आवश्यकता औंल्याउनुभयो । उहाँले पहिचानको मुद्धा र मधेशको सम्मानको लागि काँग्रेसले जित्नुपर्ने जिकीर गरे ।

## "मधेशमा बहुमत मधेशी दलको आउँछ"

रौतहट । संघीय समाजवादी फोरम नेपाल र राष्ट्रिय जनता पार्टी नेपालको तर्फबाट रौतहट निर्वाचन क्षेत्र नंबर १ ख प्रदेश सभा सदस्यको उम्मेदवार योगेन्द्र राय यादवले मधेश आन्दोलनबाट प्राप्त उपलब्धिको रक्षा र मधेशीको अधिकारको सस्थागत गर्ने उद्देश्यले उम्मेदवारी दिएको बताएका छन् । रौतहट निर्वाचन क्षेत्र नंबर १ अन्तर्गतको माधव नारायण नगरपालिकाको माधोपुरमा मतदाताहरू संग मत मग्न गएका युवा क्रन्तिकारी उम्मेदवार यादवले पत्रकारहरूसँगको भेटघाटको क्रममा यो निर्वाचन लामो समयसम्म चलेको मधेश आन्दोलन, नाकाबन्दी र विभेद विरूद्धको रहेको हुँदा मधेशवादी दलको मतदान गर्नुको विकल्प नरहेको प्रष्ट पारे । शादियौंदेखि पछि पारिएका र विभेदका शिकार भएका मधेशी आदिवासी ,जनजाति ,मुस्लिम सिमान्तकृत वर्गको अधिकार संविधान संशोधनको लागि रहेको बताउँदै यस पाली मधेशी समुदाय मधेशवादी दलको पक्षमा मतदान नगरे आन्दोलनबाट प्राप्त भएको उपलब्धीहरू गमने खतरा रहेको जिकिर गरे । क्रन्तिकारी एवं जुझारू स्वाभाव भएका नेता यादवले मधेशका विकास, शिक्षाको स्तरोउन्नति, स्वास्थ्य क्षेत्रको सुधार, उद्योग, कलकारख़ानाको स्थापना, बेरोजगारहरूका लागि रोजगारीको व्यवस्था, महिलाको सम्मानजनक सहभागिताका लागि प्रयास आफ्नो मुख्य प्राथमिकताको मुद्दा भएको बताए । नेता यादवले भने यो निर्वाचनमा बहुमत मधेशवादी दलको आउने निश्चित रहेको छ ।

क्यान्सर

शरीरमा अनियन्त्रित रूपमा कोषहरूको असमान्य बृद्धि हुनुलाई क्यान्सर भनिन्छ । यो सरूवा रोग होइन ।

क्यान्सर रोग चेतावनीका चिन्हहरू :

- स्तनमा गिर्खा आउनु/गाँठागुँठी आउनु ।
- मुसा, कोठीमा परिवर्तन आउनु ।
- पाचनकृया र दिशा गर्ने बानीमा बारम्बार परिवर्तन आउनु ।
- लामो समयसम्म खोकी लाग्नु र स्वर परिवर्तन हुनु ।
- महिनाबारीमा धेरै रगत बग्ने अथवा अनियमित रगत बग्ने ।
- अन्य शरीरको भागबाट अनियमित रगत बग्ने ।
- कुनै घाउ वा सुजन निको नहुने ।
- शरीरका कुनै पनि अंगको कोषमा अनियन्त्रित बृद्धि हुन गई क्यान्सर हुन सक्दछ ।

तसर्थ क्यान्सर रोग लागेको शंका लागेमा तुरून्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखी उपचार बारे आवश्यक जानकारी लिनु पर्दछ ।

जिल्ला जनस्वास्थ्य कार्यालय, काठमाडौं, टेकू

भूकम्प प्रतिरोधक भवन बनाउन राष्ट्रिय संहिताको पालना गरौं । दक्ष प्राविधिक र भूकम्प प्रतिरोध तालिम प्राप्त कालिगढको प्रयोग गरी भवनको निर्माण गरौं ।

डिभिजन प्रमुख
एवं
नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
भवन निर्माण संभार डिभिजन कार्यालय
अनामनगर, काठमाडौं

## जिल्ला समाचार

### "मधेशी सपूतको शहादत खेर जान दिन्नौं"



महोत्तरी । महोत्तरीका स्वतन्त्र उम्मेदवारद्वय देवेन्द्र यादव र प्रवीण कुमार लाभले संयुक्तरूपमा चुनावी सभाको आयोजना गर्दै मधेश आन्दोलनमा सहादत दिएका सपूतहरूको सम्मानका विरूद्ध कुनै किसिमको सम्झौता नगर्ने प्रतिबद्धता जनाएका छन् । महोत्तरी क्षेत्र नं. ४ बाट प्रतिनिधिसभा सदस्यका लागि स्वतन्त्र उम्मेदवारी दिएका राजपाका महासचिवसमेत रहेका यादव र क्षेत्र नं. २ बाट स्वतन्त्र उम्मेदवारी दिएका लाभले मंगलबार महोत्तरीको रामगोपालपुर(क्षेत्र नं. ४) र बलबा (क्षेत्र नं. २) मा संयुक्तरूपमा चुनावी सभाको आयोजना गरेका थिए । चुनावी सभालाई सम्बोधन गर्दै क्षेत्र नं. ४ का स्वतन्त्र उम्मेदवार यादवले सीमांकन लगायत संविधान संशोधनका लागि सहादत दिएका शहीदहरूको सपना पूरा गराउन र मधेशीको हकअधिकार प्राप्तिका लागि संघर्ष गरिरहने बताए । यसैगरी, क्षेत्र नं. २ का स्वतन्त्र उम्मेदवार लाभले मधेशीको हक अधिकार, सम्मान र पहिचानका लागि कसैको लोभलालच वा अन्य कुनै किसिमको प्रलोभनमा नलाग्न आग्रह गर्दै विकासका एजेन्डा बोकेका युवापीढिलाई मतदान गर्न आग्रह गरेका थिए । उनले विगतमा मधेशीका मत लिएर गएका नेता र पार्टीहरूको कार्य मूल्यांकन गर्दै सही र इमान्दार उम्मेदवारलाई मतदान गर्नुपर्ने जिकिर गरेका थिए ।

### यादवलाई शहीद परिवारको आशिर्वाद

वीरगन्ज । संघीय समाजवादी फोरम नेपालले पर्सा क्षेत्र नम्बर १ को घरदैलो भेटघाट कार्यक्रम मधेशका आन्दोलनका शहीदहरूको सम्झनामा एक स्मृतिसभा गरेर शुभारम्भ गरेको छ । फोरम नेपालका पर्सा जिल्ला अध्यक्ष एवम् फोरम-राजपा गठबन्धनको तर्फबाट पर्सा क्षेत्र १ प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार प्रदीप यादवको घरदैलो सोमवार बिहान वीरगन्ज वडा नम्बर १८ भवानीपुरबाट सुरू भएको हो । गत मधेश आन्दोलनमा वीरगन्जमा राज्यबाट मारिएका शहिदहरूको तस्विरमा फुल अबिर अर्पण गरेर फोरम नेताहरूले घरदैलो सुरू गरेका हुन् । अध्यक्ष यादवले मधेशी वीर शहिदहरूको सम्मान गर्दै शहिद परिवारको आशिर्वाद लिएर आफ्नो घरदैलोको शुभारम्भ गरेको बताए । अध्यक्ष यादवले मधेशी शहिद धर्मराज सिंहका पिता प्रभु सिंहको हातबाट तिलक लगाएर घरदैलो सुरू गरे । सहिदका पिता सिंहबाट फोरम-राजपा गठबन्धनको संयुक्त अपिल लोकार्पण गर्न लगाएका हुन् ।

### ५ हजार एक सय जनाको प्रचार समिति गठन

रूपन्देही । नेपाली कांग्रेस र राष्ट्रिय प्रजातन्त्र पार्टीको संयुक्त बैठक रूपन्देहीको देवदह-१ बिर्तामा सम्पन्न भएको छ । बैठकमा नेपाली काग्रेस क्षेत्रीय सभापति हिराबहादुर खत्रीको संयोजकत्वमा पाँच हजार एक सय एक निर्वाचन परिचालन समिति गठन गर्ने निर्णय गरेको छ । जसको सह-संयोजकमा सीताराम सिंह र सचिवमा वैजनाथ साहनी रहेका छन् । त्यसैगरी नेपाली कांग्रेस जिल्ला सदस्य बासुदेव रिमालको संयोजकत्वमा  दुई हजार पाँच सय प्रदेश सभा क तर्फ निर्वाचन प्रचार-प्रसार समिति गठन गर्ने निर्णय गरेको छ । जसको सह-संयोजकमा विरबहादुर क्षेत्री रहेका छन् । बैठकले महेश केसीको संयोजकत्वमा आर्थिक परिचालन समिति गठन गरेको छ । नविन आचार्यको संयोजकत्वमा तरूण परिचालन समिति गठन गरेको छ । महासमिति सदस्य पार्वती न्यौपानेको संयोजकत्वमा क्षेत्रीय स्तरमा निर्वाचन परिचालन समिति गठन गरेको छ । त्यसैगरी मिना पौडेलको संयोजकत्वमा नगर निर्वाचन परिचालन समिति गठन गरेको छ ।

### किसानको पक्षमा काम गरेको छु : आचार्य

कपिलवस्तु । प्रचण्ड सरकारमा सिचांइ राज्यमन्त्री हुंदा  कपिलवस्तुको सिचांइका लागी अर्बौं रकम भित्राएको पूर्व सिंचाई राज्यमन्त्री  सुरेन्द्रराज आचार्यले बताएका छन् । ६ महिनाको छोटो कार्यकालमा कपिलवस्तुमा अरबौ रकम भित्राइ किसानको पक्षमा काम गरेको उनका योजनाले बताउँछ । कपिलवस्तुको विकासको लागी प्रतिनिधी सभाको निर्वाचमा नेपाली काँग्रेसको तफवाट निर्वाचन क्षेत्र नं २ बाट उम्मेद्धारी दिएका आचार्यले समग्र कपिलवस्तु जिलाको सिंचाईको विकास र नदी नियन्त्रणका लागि आफूले जिल्लामा अर्बौं रकम बढीको योजना ल्याएका एक कार्यक्रममाबीच  आचार्यले संचारकर्मीलाई बताए । मानपुरमा रहेको सोखनियामा रहेको तालबाट सिंचाईका लागि मझौला कार्यक्रम अन्तर्गत ५ करोडको कार्यक्रम तय भइ काम सुरू भएको र सो योजना निरन्तर चल्ने आचार्यले बताए ।

### मेयर सरावगीसहित पौडेल र खातुन सम्मानित

वीरगंज । लायन्स क्लब अफ वीरगंज ग्रिन क्याम्पसले आज एक समारोहका बीच वीरगंज महानगरपालिका तथा जीतपुर सिमरा उपमहागनरपालिका र पोखरीया नगरपालिकाका प्रमुख तथा उप्रमुखहरूलाई भव्य रूपमा सम्मान गरेको छ । विगत लामो समयदेखि लायन्स क्लबमा आवद्ध भइ जनप्रतिनिधीमा विजयी भएका वीरगंज महानगरपालिकाका नगरप्रमुख लायन विजय सरावगी, जितपुर सिमरा उपमहागनरपालिकाका प्रमुख लायन डा.कृष्ण पौडेल र पोखरीया नगरपालिकाका उपप्रमुख लायन सलमा खातुनलाई सम्मान गरिएको हो । कार्यक्रमका प्रमुख अतिथि लायन्स क्लबका पुर्व अन्तराष्ट्रिय डाइरेक्टर लायन संजय खेतान पर्साका प्रमुख जिल्ला अधिकारी विनोद प्रकाश सिंह लगायतका विशिष्ठ अतिथिहरूले नवनिर्वाचित प्रमुख, उपप्रमुखहरूलाई सम्मान गर्नुभएको लायन्स क्लब अफ वीरगंज  ग्रिन क्याम्पसका उपाध्यक्ष विजय कुशवाहाले बताए ।

### धरना बसेका शिक्षकमाथि प्रहरी दमन

राकेश यादव, रौतहट । विगत श्रावणदेखिको बाँकी रहेको तलबको भुक्तानीको माग गर्दै जिल्ला प्रसाशन कार्यालय गौर रौतहटको मुख्य गेटमा धरनामा बसेका राजदेवी नगरपालिका र यमुनामाई गाउँपालिका  अन्तर्गत रहेको विद्यालयका शिक्षक शिक्षिकामाथि स्थानीय प्रहरीले दमन गरी कार्यक्रम असफल गरेका छन् । तलबको भुक्तानीका लागि पटक पटक स्थानीय निकाय, शिक्षा कार्यालय, स्थानीय तहसँग गुहार गर्दा गर्दै कुनै सुनुवाई नलिएको कारण पूर्वघोषित कार्यक्रमअनुसार विद्यालयका पठन पठन अवरूद्ध गरी कार्यालयका अगाडी धरनामा बसेका स्थानीय शिक्षकहरूलाई प्रहरीले दमन गरी ३० जनालाई निययन्त्रमा लिएपछि कार्यक्रम असफल भएको हो ।

### बाँकेमा चुनावी प्रचार तीव्र

नेपालगन्ज । आगामी मंसिर २१ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभाका लागि उम्मेदवारहरू चुनाबी प्रचारको अभियानलाई तीव्रता दिएका छन् । संघीय समाजवादी फोरम नेपालाका केन्द्रीय सदस्य तथा पूर्वमन्त्री मो.इतियाक राईनले भने बाम एकताले देश दुर्घटनामा जाने बताए । राईन प्रतिनिधिसभा क्षेत्र नम्वर २ बाट उम्मेदवारी दिनुको मुख्य उदेश्य भनेको यस क्षेत्रका केहि महत्वपूर्ण आयोजना र मुद्दाहरूलाई लागु गराउन आफुले उम्मदेवारी दिएको राईले भने प्रदेश नं ५ को राजधानी नेपालगन्जमा, नेपालगन्ज विश्वविद्यालय, नेपालगन्ज अन्तर्राष्ट्रिय विमानस्थल, नेपालगन्ज चक्रपथ, हुलाकी सडक र राप्तीमा पुल, हुलाकी सडकमा नेपालगन्जमा रहेको भेरी अन्चल अस्पताललाई सरकारी मेडिकल कालेज, निर्वाचन क्षेत्र नं २ मित्र विधुत लोडसेडिङ को अन्त, स्वास्थ्य, शिक्षा, खेलकुद, पर्यटन लगाएतका क्षेत्रहरूमा विशेष जोड दिने राईले बताए ।

### सूचनाको हकको महत्वपूर्ण भूमिका

मोरङ । राष्ट्रिय सूचना आयोगका प्रमुख आयुक्त कृष्णहरि बाँस्कोटाले राज्यप्रणालीको सुदुढीकरण, भ्रष्टाचार नियन्त्रण र मुलुकको आर्थिक समृद्धिमा सूचना हकको महत्वपूर्ण भूमिका रहने बताएका छन् । नेपाल पत्रकार महासंघ मोरङद्वारा आयोजित पत्रकार सम्मेलनमा उनले सञ्चारकर्मीले प्रमाणित दस्तावेज प्रयोग गरी जनतालाई सुसूचित गरेमा विश्वसनीयतामा वृद्धि हुने र यसबाट विश्वमा नेपालको पत्रकारिताको छवि बढ्ने बताए ।


अहिलेको एजेन्डा भनेको आर्थिक रूपान्तरण हो । मैले जानेको र बुझ्केको क्षेत्र पनि यही हो । त्यसमा मैले सक्रिय भूमिका खेल्नुपर्छ र खेल्न सक्छु पनि । त्यसैले आर्थिक रूपान्तरणका लागि मैले आफ्नो तर्फबाट सम्पूर्ण क्षमता लगाउनेछु । विकासको लामो दौड सुरू भइसकेको छ । **विनोद चौधरी**


राजनीति आस्था, विश्वास, सिद्धान्त र नीतिमा आफुलाई अडिग र अक्षुण राख्दै आफ्नो भुगोलको नेतृत्वलाई जनहितकारी र राष्ट्रहितमा समर्पित गर्ने कर्म हो । यो कुनै निश्चित उद्देश्य, रणनीति र कुटनीति अपनाउँदै मतदाताको विश्वास भन्दा मतको अंक गणितमा गर्ने व्यवसाय होइन । **विमलेन्द्र निधि**


खेस्राबाट परिमार्जनमा पुग्दा गठेवामको घोषणापत्रबाट "राष्ट्रवाद" गायब, प्रत्यक्ष कार्यकारी गायब, मधेशी दलप्रतिको दृष्टिकोण गायब, संविधान संशोधन गायब । यो कुन राहुको चलखेलको करामत हो । **खगेन्द्र संग्रौला**


यदाकदा हामी सर्वशक्तिमान भनी परमेश्वरलाई सम्झिन्छौ, उसको अगाडी आफुलाई पराजित ठान्छौ । अहिले त चुनावी गठबन्धनहरूले भन्न थालेका छन् आफुहरूलाई कुनै शक्तिले हराउन सक्दैन । हो यसपाली यिनीहरू हैन ईश्वर नै हार्ने होला । **जेपी गुप्ता**


धम्कीपूर्ण भाषा र घुर्कीले त्रसित हुने भए म अरू कोही हुन्थे । पदमा रहुन्जेल अन्तिम दिन सम्म निष्ठापूर्वक दायित्व निर्वाह गर्छु । अकर्मण्यतामा मेरो रूची छैन । भयभीत हुने मेरो बानी छैन । **मोहना अन्सारी**


जनकपुरमा विस्तारै राजपा नेपालको संगठन बन्दै गएको थियो । तर, सर्लाही जिल्लाबाट आदरणीय राजेन्द्र महतोजी धनुषामा उम्मेदवारी दिएपछि पार्टीमा पहिरो जाने स्थिति देखियो । स्वतन्त्र व्यवसायी, पेशाकर्मी, युवा र महिला त कांग्रेसी छँदै थिए । त्यसमाथि राजपाप्रति शुभेच्छा राख्ने अधिकांश मतदाता कांग्रेस प्रवेश गर्दैछन् । **अनिल कुमार कर्ण**


एउटा उम्मेदवारले अर्को उम्मेदवारको चरित्र हत्यामा उत्रियो भने बुझ्नुपर्छ उसले चुनाव हार्दैछ :रविन्द्र मिश्र विरूद्धको वाम-काङ चरित्रहत्या अभियानले त्यही संकेत गऱ्यो । **मात्रिका पौडेल**


रौतहट जिल्लामा गरिबी नघट्नुको कारण के हो भनेर त्यही जिल्लाका नेता माधव नेपाललाई सोध्दा, 'सामाजिक चेतनाको अभाव' भनेछन् । कम्युनिष्ट नेताले यस्तो भनेपछि सक्किगो नि । झन् राप्रपाकालाई सोधे भने के भन्लान् । **शिवानी सिंह थारू**


पेट्रोलियम पदार्थको परिनिर्भरता घटाउन र विश्व वातावरणलाई सन्तुलनमा राख्ने भन्दै विश्व नै विद्युतीकरणतर्फ गइरहेको वेला नेपालले अब पेट्रोलियम पाइपलाइन निमार्णमा खर्च गर्न जरूरी छैन, त्यहाँ लाग्ने रकम हाइड्रोपावरमा लगाउनुपर्छ । **प्रकाश तिमिल्सिना**


दलित, महिला, मुसलमान उम्मेदवार जुन पार्टीका भए पनि मत दिऊँ भन्ने कोही देखिएनन् त । पहाडमा कुनै मधेशी उम्मेदवार भए उनलाई पनि जिताऊ अनि बल्ल समावेशिता हुन्छ । **गोविन्द अधिकारी**


राजेन्द्र महतोको राजनीतिक भविष्य कमजोर देखिन थालेको छ । सायद चुनाव लगत्तै भविष्य संरक्षणको लागी एमाले प्रवेश गर्नेछन र अस्तिसम्म उनलाई विदेशी भन्दै कालो झण्डा देखाउने युवा संघले 'कामरेड मधेशको मसीहा हो' भन्नेछन् । **मनिष झा**

# काठमाडौंमा शिल्प महोत्सव



काठमाडौं । भारतीय दूतावासले दक्षिण एशिया फाउण्डेशनलाई भारत-नेपाल लोक शिल्प महोत्सवको आयोजनामा सहयोग पुऱ्याएको छ । महोत्सव भारत सरकारको कपडा उद्योग, हस्तशिल्प विकास निगम र बी पी कोइराला भारत-नेपाल फाउन्डेसनकोसहयोगको साथसाथै भारतीय र नेपाली डिजाईनरहरूको सहयोग प्राप्त भएको थियो ।

महोत्सवमा भारतका ५० कारीगरहरू र शिल्प व्यक्तित्वहरू समेत २० अनुसूचित जातिका कलाकारका साथै नेपालबाट ३० कारीगरहरूले आफ्ना उत्पादनहरू ५ दिनसम्म बढी प्रदर्शन गरेका थिए । प्रदर्शनीले भारतका विभिन्न भागका स्थानीय शिल्पलाई बढावा गर्न मद्दत पुऱ्याएको छ ।यसैगरी, खादी नेपाल फेशनको पनि दूतावास परिसरमा आयोजित भएको थियो, जहाँ खादी र हात बुनेका अन्ष पर्यावरणमत्री उत्पादनहरू प्रदर्शित गरिएको थियो । यस्तै, दूतावासको परिसरमा हस्तशिल्प उत्पादनहरूको एक सानो प्रदर्शनी पनि समावेश गरिएको थियो । दुबै भारत-नेपाल शिल्प महोत्सव र काठमाडौं फेशन कार्यक्रम "भारतको स्वतन्त्रताको ७० वर्ष" अन्तर्गत मनाइएको हो ।

# फोरम अध्यक्ष उपेन्द्र यादव पत्नीसँगै चुनावी प्रचारमा



सप्तरी । संघीय समाजवादी फोरम नेपालका अध्यक्ष उपेन्द्र यादव पत्नीसँगै चुनावी प्रचार प्रसारमा लागेका छन् । राजपा र फोरम नेपाल गठबन्धनका सप्तरी क्षेत्र नं. २ बाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार यादवले चुनावी अभियानलाई तीव्र बनाएका छन् । यादव आफ्नी श्रीमती पार्वती यादवसँग चुनावी प्रसार प्रसार गरिरहेका छन् । सप्तरीको महदेवा गाउँपालिका वड़ा न. १, पकरीमा फोरम नेपाल र राजपाले संयुक्त रूपमा आयोजना गरेको चुनावी सभामा समेत पार्वती यादव सहभागी भएकी थिइन् । उनी संघीय फोरम मोरङकी जिल्ला सल्लाहकार समेत छिन् । उनी निकट स्रोतका अनुसार राजनीतिमा सक्रिय सहभागिता जनाएपनि उनी चर्चामा आउन रूचाउँदिनन् ।

# मधेशी जनताको...

यो आन्दोलन शायद विश्वको सबैभन्दा लामो समयसम्म भएको आन्दोलन थियो । सरकार आन्दोलन दबाएर भएपनि मधेशलाई गलाउने तिरै केन्द्रित भयो । संविधान घोषणा भएको दिन मधेशमा ब्लायक आउट भयो । नेपाली जनताहरूको वर्षौंको सपना भएको दिन सम्पूर्ण नेपाली खुसी हुन सकेन ।

लामो समयसम्म आन्दोलनमा रहेका मधेशकेन्द्रित दलहरू शून्य उपलब्धीका साथ निर्वाचनमा जानुपर्ने बाध्यात्मक अवस्थामा रहेको छ । यस्तो अवस्थामा अरू दलहरूले मधेशकेन्द्रित दलहरूको नेतृत्वको क्षमता माथि प्रश्न उठाउँदै यो विषयलाई मधेशी मतदातासँग मत माग्ने मसला नबनाउँला भन्न सकिदैन । फेरि मधेश केन्द्रित दलहरूको आकर्षण मधेशी मतदाताको माझमा घट्दो क्रममा रहेको छ । मधेशकेन्द्रित दलहरू खाली हात निर्वाचनमा जानु परेकोले आफूलाई विश्वास गर्न आग्रह गर्दै मधेशको त्याग र बलिदानलाई उपलब्धीमा रूपान्तरण गरेरै छाड्ने र मधेशको समग्र विकासमा केन्द्रित हुने प्रतिवद्धतासहित अहिलेको आन्दोलन सफल बनाउन मत माग्नुको विपल्प छैन् ।

मधेश लामो समयदेखि आन्दोलनमा भएपनि मधेशको माग पूरा नभएकोले मधेशमा असन्तुष्ट मतदाताको जमात बढ्दै छ । असन्तुष्ट जमात कुनै न कुनै रूपमा डा.सीके राउतको अभियानतिर आकर्षित हुन थोलेको छ । अहिले डा.सीके राउतको चुनाव चिन्ह रहेको कोठा वाहिर छाप लगाएर शान्तिपूर्ण रूपमा मतदानमा सहभागी भई जनस्तरबाटै मतदान बहिस्कार भएको सन्देश दिन मधेशी मतदातालाई आग्रह गरिएको छ । यस्तो अवस्थामा मधेशी दलहरूले प्रभावकारी भूमिका खेल्न नसकेमा अन्ततः सिके राउतलाई फाइदा पुग्न सक्छ । मधेशी ६ वटा दलहरू एकीकृत भएर राजपा गठन गरेका छन् । अहिले पनि मधेशी राजनीति गर्ने दलको संख्या तीन कायमै रहेको छ । ठूला दलहरू मधेशमा रहेको असन्तुष्ट मतदातालाई आफ्नो प्रभावमा पार्न सकेमा मधेशको जनमतले यु-टर्न लिन सक्ने सम्भावना छ ।

## आर्थिक समाचार

### ग्लोबल आइएमईमा अनलाईन खाता खोलिने



काठमाडौं । सबैंका लागि बैंक भन्ने मूल नाराका साथ स्थापना भएको ग्लोबल आइएमई बैंक लिमिटेडले विज्ञान प्रविधिका नयाँनयाँ आयामहरूलाई भित्र्याउने क्रममा अनलाइन मार्फत खाता खोल्ने व्यवस्था मिलाएको छ । विशेषगरि विदेशमा बस्ने नेपालीहरूलाई खाता खोल्न सहज होस् भन्ने उद्देश्यले बैंकले अनलाईन खाता खोल्ने व्यवस्था मिलाएको हो । यो व्यवस्था अर्न्तगत अनलाईन मार्फत जुनसुकै समयमा आफूले चाहेको शाखामा खाता खोल्न सकिनेछ । त्यस्तै विदेशमा बस्ने नेपालीहरूले अनलाइनमार्फत खाता खोली इमेल मार्फत खाता नम्बर प्राप्त गर्न सक्नेछन् भने उक्त खाता मार्फत सजिलैसँग रेमिट्यान्स नेपालमा पठाउन सकिने बैंकले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । यो सेवा प्रयोग गर्नका लागि बैंकको वेबसाइट धधधानयिदबषिभदबलपाअफ मा गई तुरून्त खाता खोल्ने फारम भरी सजिलै खाता खोल्न सकिनेछ ।

### सिटिजन्सको शाखा औरहीमा

जलेश्वर । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले महोत्तरीको औरहीमा आफ्नो ६६ औं शाखा सञ्चालनमा ल्याएको छ । बैंकका सहायक प्रमुख कार्यकारी अधिकृत बोधराज देवकोटाले पूजापाठ गरी बैङ्किङ कारोबारको सुरूवात गरेका छन् । बैंकले ग्राहकहरूलाई देशभर फैलिएका ६६ वटा शाखा, ६२ वटा एटिएम काउन्टर र ९७ वटा शाखारहित आधुनिक बैंकिङ सेवाबाट करिब तीन लाख ५० हजार ग्राहकहरूलाई सेवा प्रदान गर्दै आएको जनाएको छ ।

### रेलमार्ग पश्चिमी खण्डको सर्भे सुरू

कैलाली । रेल विकास आयोजनाको परामर्षदाता कम्पनीले कैलालीको सुखडदेखि कञ्चनपुरको गड्डाचौकी प्याकेजको विस्तृत आयोजना प्रतिवेदन (डीपीआर) को काम सुरू भएको छ । आगामी २० वर्षभित्र देशभरी चारहजार किलोमिटर रेल सञ्जाल निर्माण गर्ने लक्ष्यअनुसार सुख्खड-गड्डाचौकी खण्डको सर्भेको काम सुरू गरेको हो । नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गतको रेल, मेट्रोरेल र मोनोरेल विकास आयोजनाको परामर्षदाता चाइनिज र नेपालीको साझेदार सर्भेको काम सुरू भएको हो ।

## संजय साहको अपील



**आदरणीय शुभ चिन्तक तथा आम जनसमुदाय ।**

मधेश र मधेशीको हक अधिकार तथा मधेशवादको विस्तारका लागि माननीय संजय साह निरन्तर संघर्ष गर्दै आउनु भएको छ । लगनशीलता र कार्यकौशलताका कारण उहाँले छोटो अवधिमै सफलता हासिल गर्नुभयो । मधेशमा उदयीमान युवा नेतृत्वलाई नेपालका स्थायी सत्ता र मधेशवादीको नाममा राजनीति गर्ने केही व्यक्तिहरूले नै समाप्त पार्ने षड्यन्त्र गरे । जसकारण उहाँ अहिले शारिरिक रूपमा जेलमा बन्द भएपनि मानसिक र वैचारिकरूपमा समग्र मधेशी जनता र मधेश आन्दोलनसँगै हुनुहुन्छ ।

मधेशी जनताको भावनासँग राजनीति गर्ने मधेशवादी दलहरू नै रहेनन्, सबै आफूलाई राष्ट्रिय पार्टी बनाउने र राष्ट्रिय नेता बन्ने दौडमा लागेका छन् । मधेश आन्दोलनका सयौं शहीद र हजारौं घाइतेसँग बेइमानी गरेर बारम्बार सत्तामा गएका छन् भने मधेशीको हत्याराहरूसँग सांठगांठ गरेका छन् । तीनवटै मधेश आन्दोलन र सहादतलाई यिनीहरूले समाप्त पारेका छन् । मधेश आन्दोलनबाट नेतृत्वमा आएका युवा तथा मधेशी क्रान्तिकारीहरूलाई शीर्ष नेतृत्वले नै समाप्त पार्ने षड्यन्त्र गर्दै आएका छन् भने परिवारवाद र पैसावाद हावी भएको छ ।

तसर्थ, मधेश क्रान्ति फोरम वैचारिक राजनीतिक शक्तिको रूपमा उदय भइ मधेशवाद र लोकतन्त्रमाथि विश्वास गरेको छ । मधेश भावना र लोकतन्त्रलाई जोगाइ राख्न माननीय संजय साह अनवरत रूपमा लागि पर्नुभएको छ । तत्कालका लागि केही कदमहरूको आलोचना र समर्थन हुन सक्छ तर समग्र मधेश र मधेशीको हित विपरीत कुनै काम हुने छैन । मधेशमा प्रतिनिधि र प्रदेश सभाको निर्वाचन प्रक्रिया सुरू भइसकेको अवस्थामा माननीय संजय साहको विषयमा विभिन्न चर्चा हुन थालेको छ । जसबाट केही प्रश्नहरू उब्जिएको छ ।

१) जनकपुरवासीसहित समग्र मधेशीको आशिर्वादबाट निरन्तर दुई पटक निर्वाचित भइ संविधानसभा र संसद्मा मधेशको मुद्दालाई जोडतोडले उठाउँदा माननीय संजय साहप्रति राज्य क्रूर भएकै थियो, झन् मधेशी नेताहरूको निसानामा परेका थिए । साहलाई रातो पासपोर्ट काण्डसहितका घटनाहरूमा फसाउने प्रयास भयो तर अन्त्यमा जनकपुर बमकाण्डमा मुछियो । कसले र किन साहलाई फसाउन खोजेको त्यो प्रष्ट छ । उहाँ कानुनी राज्य र लोकतन्त्रमा विश्वास गर्ने नेता भएकोले न्यायालयको फैसलाको प्रतिक्षामा हुनुहुन्छ ।

२) माननीय संजय साहलाई बाहिरी तत्वहरूले त फँसाए नै झन् आफ्नै पार्टीका शीर्ष नेतृत्वले राजनीति समाप्त पार्ने षड्यन्त्र गरे । फलस्वरूप आफ्नै पार्टी (तत्कालिन सद्भावना पार्टी)का अध्यक्षसँग फोन वार्ता गरेकै भोलिपल्ट साह पक्राउ पर्नुभयो । साहलाई न्याय दिलाउनुको साटो एक मात्र निर्वाचित सांसदलाई पार्टीले कारवाही गरी वरिष्ठ उपाध्यक्षको पदसमेत खोस्यो । जनकपुर बमकाण्डका विषयमा वैज्ञानिक र उपकरणहरूको प्रयोग गरी अनुसन्धानको माग गर्दै आमरण अनसनमा बसेका बेला साह र उनका परिवारमाथि प्रहरी प्रशासनबाट हस्तक्षेप गराइयो ।

३) जारी निर्वाचन प्रक्रियामा राजपाले संगठित अपराधमा जेल परेका लक्ष्मण थारूलाई प्रतिनिधि सभाको टिकट दियो, आ-आफ्ना घरपरिवारका सदस्य र पैसावालाहरूलाई टिकट दियो, तर राजपाका निर्वाचित सांसद् माननीय संजय साहलाई टिकट दिन चर्चासमेत गरेन । साहमाथि मुद्दा रहेको अवस्थामा उनकी श्रीमति रंगिला देवी साहलाई राजपा अध्यक्षमण्डलका सदस्य राजेन्द्र महतोले टिकट दिने प्रतिबद्धता गरे । जेलमा पुगेर सहयोग पनि मागे तर अन्तिम समयमा पुनः धोका दिए । महतो धनुषामाथि पहिलेदेखि नै कुदृष्टि लगाएका थिए । जसकारण साहको राजनीति समाप्त पार्ने दाउमा थिए । अन्ततः महतो धनुषाबाट चुनावमा उठेका छन् र साहको सम्पूर्ण राजनीतिलाई समाप्त पारी जनकपुरवासीको भावनासँग खेलवाड गर्न विभिन्न भावनात्मक विषयहरू उठाउँदैछन् ।

४) मधेश आन्दोलनबाट जन्मिएका नेताहरूलाई राजपाका शीर्ष नेतृत्वहरूले नै समाप्त पार्दैछन् । महोत्तरीका निर्वाचित माननीय चन्द्रेश्वर झा, सर्लाहीका जंगीलाल राय यादव, कपिलवस्तुका अभिषेक प्रताप शाह, बृजेश गुप्ता, हृदेयश त्रिपाठी र माननीय संजय साह जस्ता मधेशका युवा तथा उदयीमान नेताहरूलाई शीर्ष नेतृत्वले समाप्त पार्ने षड्यन्त्र गरी विना कुनै समझदारी निर्वाचन क्षेत्र कब्जा गर्दैछन् । आ-आफ्ना परिवारका सदस्य र पैसावालाहरूलाई समानुपातिकमा राखेर मधेशी शहीदको नाममा भोट मागी जनतालाई दिग्भ्रमित गर्दैछन् ।

तसर्थ, धनुषाका शुभचिन्तक तथा समर्थक एवं सम्पूर्ण मधेशी जनतासँग आफ्नो विवेक प्रयोग गरी मतदान गर्न माननीय संजय साह आग्रह गर्दछ ।

**प्रचार प्रसार समिति : मधेश क्रान्ति फोरम**


## ललितपुर महानगरपालिका कार्यालयको ललितपुरबासीमा अनुरोध

१. महानगरपालिका क्षेत्र भित्रका करदाताहरूले आफूले बुझाउनुपर्ने मालपोत, घरजग्गा कर, बहाल कर, व्यवसाय कर, सवारी करलगायतका करहरू चालु आव भित्र बुझाउनुहोस् । दण्ड जरिवानाबाट मुक्त हुनुहोस् ।
२. आफ्नो उद्योग, व्यवसाय तथा संघसंस्था निर्वाद रूपमा सञ्चालन गर्न उ.म.न.पा. को कार्यालयमा अनिवार्य दर्ता तथा नवीकरण गर्नुहोस् ।
३. घर, पर्खाल, टहरा निर्माण गर्दा नक्सा पास गरेर मात्र निर्माण गर्नुहोस् । साथै भूकम्प सुरक्षित प्रविधि अपनाउनुहोस् ।
४. जथाभावी फोहोर नफाली फोहोरमबैला व्यवस्थापनमा सहयोग गर्नुहोस् ।
५. पुरातात्विक महत्वका मठमन्दिर, पाटी पौवा, कलासंस्कृतिको संरक्षण जगेर्ना गरौं ।
६. सडक पेटी मिचेर पसल नराखौं ।
७. बालबालिकालाई श्रममा नलगाऔं, बालश्रम मुक्त नगर बनाऔं ।
८. कुनै पनि पदार्थमा अखाद्य वस्तु मिसावट नगरौं ।







## मिथिला दर्शन टी.भी.
### कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुनः प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

**विशेष जानकारीका लागि सम्पर्क**

**मोबाइल** : ९८४३१४६४८८
**कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि**
Email : bsmedia65@gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं